# महिलाको साम्पात्तिक हक :
## मुलुकी ऐनमा आधारित विश्लेषण

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र

संङ्काय अर्न्तगत  राजनीतिशास्त्र  विषयमा

स्नातकोतर तह दोस्रो वर्षको दशौँ पत्रको

प्रयोजनका लागि पृथ्वीनारायण बहुमखी

क्याम्पस, राजनीतिशास्त्र विभाग,

पोखरामा प्रस्तुत

*शोधपत्र*


प्रस्तुतकर्ता

शान्ता घिमिरे

परीक्षा रोल नं.९५७०००९ (प्राइवेट छात्रा)

त्रि.वि.वि.दर्ता नं.११५६७-(८६)


३० चैत्र, २०७१

# सिफारिस पत्र

प्रस्तुत शोध-पत्र "महिलाको साम्पात्तिक हक : मुलुकी ऐनमा आधारित विश्लेषण" राजनीति शास्त्र बिभाग अन्तरगत स्नातकोत्तर तह दोस्रो बर्षको दशौं पत्रको प्रायोजनार्थ प्रइभेट छात्रा शान्ता घिमिरेले तयार गरेको कुरा प्रमाणित गर्दछु । निज विद्यार्थीले अथक मिहिनेत गरि तयार पार्नु भएको यस शोध पत्रदेखि म सन्तुष्ट छु र आवस्यक मुल्याङ्कनका लागि त्रिभूवन विश्वबिद्यालय पृथ्वीनारायन बहुमुखी क्याम्पस मानविकी संकाय अन्तरगत राजनीतिशास्त्र विभाग पोखरा समक्ष सिफारिस गर्दछु ।

शोध निर्देशक

भीमनाथ वराल

उप प्रध्यापक राजनीतिशास्त्र विभाग

पृथ्वी नारायण क्याम्पस पोखरा

मितिः २०७१/१२/२३

ई. सं. : ६ अप्रील २०१५ ।

**त्रिभुवन विश्व विद्यालय**

पृथ्वीनारायण क्याम्पस

राजनीतिशास्त्र विभाग, पोखरा

# स्वीकृति पत्र

त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत राजनीतिशास्त्र विषयको स्नातकोतर तह दोस्रो पत्रको प्रायोजनको लागि छात्रा शान्ता घिमिरेद्वारा **“महिलाको साम्पात्तिक हकः मुलुकी ऐनमा आधारित विश्लेषण”** शीर्षकमा तयार पारिएको शोध पत्रलाई स्वीकृत प्रदान गरीएको छ ।

शोध मूल्याङ्कन समिति

१) बिभागिय प्रमुखः– सह प्राध्यापक डा. उमानाथ बराल ..........................

२) वाह्य परीक्षकः– उप-प्राध्यापक कपिल मणि दाहल ........................

३) शोध निर्देशकः– उप प्राध्यापक भीमनाथ वराल ......................

४) अनुसन्धान संयोजकः– सह प्राध्यापक ठान बहादुर क्षेत्री ......................

मिति : २०७१ / १२ / ३० ।

ई. सं. : १३ अप्रील २०१५ ।

# शोधसार

यो शोध त्रिभुवन विश्वविद्यालय मानविकी संकाय अन्तरगत राजनीति शास्त्र विषयको स्नाकोतर तह द्वितिय बर्ष *दशौं* पत्रको प्रयोजनको लागी तयार पारिएको हो । मानव विकासका दृष्टिकोणले प्रारम्भमा महिलाहरुको भुमिका सवल र सक्षम रहेको थियो । समयको विकास क्रमसँगसगै सामाजिक गतिविधिहरु संचालन हुँदै जादा समाज पुरुष प्रदान हुन पुग्यो र महिलाहरु दोस्रो दर्जाको नागरिकको रुपमा व्यबहारहरुमा नै स्थापित हुँदै आए । वर्तमान समयसम्म आई पुग्दा महिला र पुरुष बीचको लैङ्गिक विभेद पूर्ण रुपमा सफल हुँदैन भन्ने चेतनाको विकास सँगसँगै महिलाहरुको अन्दोलनको परिमाण स्वरूप विकासमा महिला सहभागिता अनिवार्य ठानियो । विगत देखि पैतृक सम्पत्तिमा पुरुषलाई मात्र पहुँचमा पुऱ्याई महिलाहरुलाई उपेक्षा गरेकोले सम्पत्ति माथि महिलाको पहुँच सम्बन्धमा सामाजिक प्रभाव कस्तो छ, भन्ने बारेमा हेर्न खोजिएको छ । खासगरि यस शोधपत्रको उद्देश्यमा महिलाहरुको सम्पत्तिमा हक ऐतिहासिक विवेचना गर्नु, सन्धि, महासन्धि, सम्झौताको, कानून व्यवस्थाको विवेचना गर्नु, महिलाको ज्ञान धारणको खोजी, सम्पत्ति सम्बन्धी हक कार्यान्वयनमा देखा परेका चुनौतिहरुको खोजी गर्नु, महिलाहरुको सम्पत्तिमा पहुँच, छन् । यो अध्ययनमा वर्णनात्मक विलेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । यसका लागि विषयसँग सम्बन्धित प्रकाशित अप्रकाशित लेख रचना पत्रपत्रिका, पुस्तकबाट लिएको छ । अध्ययनका क्रममा प्राप्त शास्त्रिय विधि र सामाग्री विश्लेषण गरिएको छ ।

यस अध्ययनमा विश्वव्यापी रुपमा भएको महिला अधिकार दायित्व र प्राप्तिलाई अध्ययन गरिएको छ । त्यस्तै यस अध्ययनमा महिला अधिकार सम्बन्धी अभ्यास र धारण, विश्वव्यापी घोषणापत्र १९४८ भएका महिला अधिकार सम्बन्धी गरेका व्यख्यालाई समेटिएको छ । १९७० देखिको दशकमा भएका महिला आन्दोलनमा भएको उपलब्धी समेटिएको छ । महिला भनेको के हो ? महिला अधिकार भए गरेका प्राप्तिलाई वर्णन गरिएको छ । महिला अधिकार सम्बन्धी ऐतिहासिक पृष्टभूमिमा सम्पूर्ण परम्परा, धर्म, ग्रन्थ, स्मृति, नीति आदिमा भएका कुरा व्याख्याहरु पनि समेटिएको गरिएको छ ।

नारी बर्ष महिला दशक विश्वमहिला सम्मेलनहरु पहिलो विश्व महिला सम्मेलनमा १९७५ जुन १९ देखि २ जुलाई मेक्सिकोको राजधानी मेक्सिकोमा भएको थियो । लैङ्गिक विभेदको अन्त र महिला सहभागिता  विकास र शान्तिका लागि भन्ने नाराका सम्पन्न भयो । दोस्रो विश्व महिला सम्मेलन डेनमार्क राजधानीमा १९८० को १४  देखि ३० जुलाईमा पहिलाको पुनरावलोकन र सम्पत्ति माथि हक, समानाताको हक, तेस्रोमा केन्या राजधानी नैरवी १९८५ को  जुलाई १५ देखि ७ सम्म यसले समानता, विकास, शान्ति आदि कुरालाई समेटेर घोषणपत्र जारी सम्पन्न भयो । चौथो चीनको राजधानी बेइजिङ्गमा १९९५ को सेप्टेम्बर ४ देखि १५ सम्म १६ धारा भेदभावको अन्त, समानता सबै क्षेत्र कानूनी मान्यता, मातृत्वको रक्षा, साझा दायित्व, शोषण अन्त्त, सबैमा भाग लिन पाउने इच्छानुसार, शिक्षा स्वास्थ्य रोजगार आदिमा परिच्छेद लागि धेरै काम गरेको छ । पहिलो संविधानसभाबाट पारित महिलाको यसका चुनौतिहरुमा कानून बनाउनु र त्यसको कार्यान्वयन गर्नु रहेको छ । परिच्छेद चारमा नेपालको मुलुकी ऐनमा रहेका  महला १२ मा लोग्ने स्वास्नीको, महल १३ अंशबण्डाको,  महल १४ स्त्री अंश धनको, महल १६ अपुतालिको भाग ४ महल १४ जर्बजस्ती करणको,  महल १७ विहेबारीको महल, धर्म पुत्री, दाइजो, पेवा, दान बक्स उपहार लोग्ने, बाबु, सासु, ससुरा, माइती पक्ष वा अन्य इष्टमित्र वा दिएको पेवा आदि सबैबाट बढे सम्पत्ति वढाएको सम्पत्ति आफु गर्न पाउने व्यवस्था गरेको छ ।

# मेरो भनाई

हिन्दु धर्म दर्शनमा आधारित नेपाली  समाज प्राचिन समय देखि नै महिलालाई सीमित अधिकारहरुमा केन्द्रित गराउँदै आइरहेको पाइन्छ । अत्याधिक अधिकारहरु धनी पुरुष वर्गहरुले आफ्नो कब्जामा राखेको पाइन्छ । महिलाहरु २१ औ शताब्दीमा आएर पनि अशिक्षा गरिवी, रुढिवादी परम्परा धन्ने नाममा उन्नतिमा लाग्न सकिरहेका छैनन् । शोषण, दमन, अत्याचारका शिकार बन्न बाध्य छन् । यसरी अन्य अधिकार नपाएका महिलाहरुले साम्पात्तिक अधिकार त झन पाएका नै थिएनन् । तर नेपाली महिलाहरुले गरेका विभिन्न आन्दोलन र विश्वव्यापी रुपमा भएको परिवर्तनले अन्य विश्वका महिलाहरुले पाएको केहि अधिकार नेपाली महिला पाएका छन् किन कि नेपाल संयुक्त राष्ट्र संघ सदस्य राष्ट्र भएको कारणले गर्दा पाएका हुन ।

महिला र पुरुष एक रथका दुइ पाङ्ग्रा हुन भनिन्छ तर पनि यी पुरुष र महिला बीचमा धेरै विभेद पाइन्छ ।  मानव सम्यता र मानब अधिकारको विकाससँगै राज्य तथा सरकारका तर्फ बाट विभिन्न प्रसंसनीय कानून निर्माणगरी पुरुष र महिला बीच समानताको कुरा गरे पनि समान कामको समान ज्याला सम्पत्तिमा छोरी र छोरालाई समान अधिकारको कुरा गरे पनि व्यबहारमा त्यस्तो पाइँदैन ।  अन्य अधिकार जस्तै महिलाको साम्पात्तिक अधिकारको विषयमा कुरा गर्नु पर्दा त  सबभन्दा ठूलो विभेद यही नै देखिन्छ । केहि अगाडिसम्म छोरीलाई सन्तान रुपमा स्वीकार नै गरिदैनथ्यो । किनभने पितृसत्तात्मक सोचका आधारमा चलिरहेको हाम्रो  समाज नारीको मानवीय अस्तित्व स्वीकार गर्ने सोचमा देखिदैंन । विना सम्पत्ति केहि पनि नहुने भएकोले शोधको विषय मुलुकी ऐनमा महिलाको  सम्पत्ति सम्बन्धि हक : एक विश्लेषण छानिएको हो ।  यसरी महिलाको साम्पात्तिक अधिकारलाई मेरो शोधपत्रले थोरै मात्रमा भए पनि  प्रकास पारेको छ ।  महिलाको अन्य अधिकार जस्तै साम्पात्तिक अधिकार भागबण्डाको रुपमा नभइकन सबै ठाउँमा समान रुपमा हुनु पर्दछ भन्ने मान्यता साथ समाज अगाडि बढे पनि व्यवहारमा त्यसको सार्थक रूप देख्न सकिदैंन ।

यस शोधपत्रमा निर्देशकको महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने मेरा आदरणीय गुरु उपप्रध्यापक श्री भीम नाथ बराल ज्यू  रहनु भएको छ । उहाँले  मेरो शोध पत्रको रुपरेखा

निर्माणदेखि सामग्री संकलनमा आवशक सहयोग, सुझाव र सल्लाह साथै प्रेरण प्रदान गर्नु भएकोमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्न चाहन्छ । त्यस्तै विभागीय प्रभूख सह प्रध्यापक आदरणीय गुरु डा. उमानाथ वराल ज्यू ले यस अध्ययन कार्यलाई समयमै पूरा गराउन मेरो अध्ययनलाई आबश्यक सहयोग एवं गहन सुझावहरु र सल्लाह साथै परिमार्जन एवम् संशोधन गरी शोधपत्रको यो रुप बनाउन धेरै सहयोग प्रदान गर्नु भएकोमा हार्दिक अभार र कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तुत शोधपत्रको मसौदा उपर अन्तरर्बाताका क्रममा  प्राप्त भएका सुझावलाई समेत समेटेर शोध पत्र परिमार्जित प्रति पेश गरेकी छु ।

अन्त्यमा मेरो यस शोध कार्यमा सम्पूर्ण रुपमा सहयोग गर्ने तथा मलाई स्नातकोत्तर तहसम्म विभिन्न परिस्थितिका वावजुत अध्ययन गराउनु हुने मेरी पुजनीय तथा आदरणीय माता स्वा.कलावति घिमिरेलाई हृदयगामी धन्यवाद दिन चाहन्छु । साथै मलाई सधै पढाईमा सहयोग गर्ने बहिनीहरु शोभा घिमिरे, माया घिमिरे प्रति कृतज्ञता प्रदान गर्न चाहन्छु । मलाई शोधपत्र तयार पार्नका लागि सधै उत्साह गरी आवश्यक सहयोग छोरीहरु दिक्षा, दर्पण, अर्पण र छोरा दिग्दर्शन बोहरा प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यसै गरी आर्थिक पाटोमा सहयोगका साथै सल्लाह सुझाब प्रदान गर्नु हुने आदरणीय श्रीमान मोहन बोहरा प्रति हादिक आभार एवम् धन्यबाद व्यक्त गर्दछु । मानव अधिकार आयोग पश्चिमाञ्चल क्षेत्रिय कार्यलय पोखरा प्रति धन्याबाद दिन चाहन्छु । यो शोध त्रिभूवन विश्वविद्यालय पृथ्वी नारायण क्याम्पस राजनीतिशास्त्र शिक्षण विभाग समक्ष आवश्यक मूल्याकन लागि प्रस्तुत गर्दछु । पशिमाञ्चल क्षेत्रिय पुस्ताकालय पृथ्वीनारायण क्याम्पस पोखराका सम्पूर्ण कर्मचारीहरुलाई पनि धन्यबाद प्रकट गर्दछु ।

मितिः २०७१।१२।३०

शान्ता घिमिरे

स्नातकोत्तर तह दोस्रो बर्ष

राजनीतिशास्त्र विभाग पृथ्वी नारायण क्याम्पस पोखरा,

रोल नं.९५७००९,त्रि.वि.वि. दर्ता नं. ११५६७- ८६

# विषय सूची


**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**सोध सार**

**मेरो भनाई**

**विषय सूची**

**परिच्छेद एक :  शोध अध्ययनको परिचय** **१-१४**

१.१ अनुसन्धानको पृष्ठभमि १

१.२ समस्याको कथन ४

१.३ शोधका उद्देश्यहरु ४

१.४ अध्ययन विधि ५

१.५ पुर्व साहित्यको अध्ययन ५

१.६ शोधको सिमा १२

१.६ शोधको अध्ययनको महत्व १३

१.८ शोधको संगठन १४

**परिच्छेद दुई : महिला अधिकार सम्बन्धी  सैद्धान्तिक अवधारणा** **१५-३२**

२.१ महिला अधिकार  सम्बन्धी अन्तराष्ट्रिय अभ्यास र धारणा १५

२.२ महिलाको अधिकार सम्बन्धि ऐतिहासिक पृष्ठभूमि १९

२.३ मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र र महिला अधिकार २०

२.४ महिला अधिकार सम्बन्ध नेपाल पक्षमा भएका सन्धी सम्झौता २१

२.५ अन्तर्राष्ट्रिय नारी वर्ष तथा महिला विश्व सम्मेलनहरू २४

**परिच्छेद तीन : नेपालमा महिलाको सम्पत्तिको अधिकार सम्बन्धी अवधारणाको उत्पत्ति र विकासक्रम** **३३-५०**

३.१ प्राचिनकाल ३३

३.२ १९१० सालको मुलुकी ऐन र महिला अधिकार ३५

३.३ नेपालका संविधानहरुमा महिला अधिकार ३६

३.४ पहिलो सविधानसभा बाट पारित महिला अधिकार सम्बन्धि व्यवस्था ४०

३.५ महिला आयोगको गठन र विकास ४४

३.६ महिला आयोगको चुनौतिहरु ४७

**परिच्छेद चार : मुलुकी ऐनमा आधारित महिलाको साम्पात्तिक हकको प्रचलित कानूनी व्यवस्था** **५१-५८**

४.१ स्त्री अंश घनमा महिलाको साम्पातिक हकको व्यवस्था ५१

४.२ अंशबण्डाको महलकमा महिलाको सम्पात्तिक हकको व्यवस्था ५२

४.३ अपुतालिमा महिलाको साम्पात्तिक हकको व्यवस्था ५४

४.४ लोग्नेस्वास्नीको महलमा महिलाको सम्पात्तिक हकको व्यवस्था ५५

४.५ करणीसम्बन्धी महल ५५

४.६ विहेवारीको महल ५६

४.७ दान बकसको महल ५७

४.८ रजिस्ट्रेशनको महल ५७

४.९ लेनदेनको महल ५८

४.१० धर्म पुत्रीको महल ५८

**परिच्छेद पाँच : निश्कर्ष** **५९-६५**

५.१ निश्कर्ष ५९

५.२ सुझाव ६२

**सन्दर्भ सामाग्री** **६६-६९**

# *परिच्छेद एक*

# शोध अध्ययनको परिचय

## १.१ अनुसन्धानको पृष्ठभुमि

समाज विकासको शुरुदेखि नै पुरुषहरू बलवान, साहसिक, बाहिरको काम गर्नुका साथै अगुवाको भुमिका निर्वाह गरे । पुरुषले सिकार गरेर ल्याउने र महिलाहरुले सो खोजेर ल्याएको खाने कुरा बनाएर खुवाउने, बालबच्चाको हेरचाह गर्ने आदि घर भित्रको काम गर्ने चलनको विकास भयो ।

जे जस्तो भए पनि समाज विकासको क्रमलाई हेर्ने हो भने पुरुष र महिलाको बराबर रुपमा योगदान रहेको पाइन्छ । कामको बाँडफाड गर्ने माहिलाको भागमा घर भित्रको काम परेकोले उत्पादन मुलक नेतृत्वदायी काममा न्यून उपस्थिति र घरेलु काम दारको रुपमा मात्र सीमित गराउँदै लगेको पाइन्छ । यसरी बन्द घेरा भित्र मात्र रहिरहँदा महिलाहरू आर्थिक रुपमा सक्षम सबल रहन सकेनन् र आजका दिनसम्म पनि महिलाहरू पुरुषसँग नै निर्भर हुनु परेको छ । तर महिलाहरूलाई जे जति बन्धनमा राखे पनि त्यो घेरा तोडेर बाहिर निस्कन सफल भए । अन्य मुलुक जापान, अमेरिका, बेलायत आदि विकसित देशमा महिलाहरू पुरुष सरह नेतृत्वदायी भुमिकामा छन् । उनीहरू पुरुषसँग सबै ठाउँमा समान रुपमा काम गर्दछन् । तर नेपाली महिलाहरुले  विकशित देशका महिलाहरुले जस्तै अधिकार आजसम्म पनि पाउन सकिरहेका छैनन् ।

वि. सं. १९१० मा घोषत मुलुकी ऐन नेपालको पहिलो कानूनी दस्तावेज हो तर यसमा महिला समानताको विषयमा केहि पनि लेखिएको थिएन । राणा शासनको पालामा वि.सं. १९७७ मा सति र दास प्रथाको उन्मुलन भएको हो । नेपालको पहिलो लिखित संविधान नेपाल सरकारको संबैधानिक कानून २००४ मा पनि महिलाहरूको विषयमा केहि लेखिएन । नेपालको अन्तरिम शासन विधान २००७ मा पनि केहि थिएन । नेपाल अधिराज्यको संविधान

२०१५ भाग ३ मा मात्र महिलाहरुको अधिकारलाई मौलिक हकको विषयमा राखेको पाइन्छ । विभिन्न आन्दोलन गरेर महिलाहरूले आफ्ना थोरै भए पनि आफ्ना हक अधिकार स्थापित गरी सुविधा लिएका छन् । राजनीतिक क्षेत्रमा महिलाको सहभागिता ३३ प्रतिशत आरक्षण मिलाई पुरुषको हाराहारी पुऱ्याउन नसके पनि हरेक क्षेत्रमा महिलाको सहभागिता भनिएको छ । तर त्यो व्यवहारिक कठिनाई यथावत रहिरहेको पाइन्छ । महिलाले प्राप्त गर्ने नैसर्गिक अधिकार मध्ये सम्पत्तिको अधिकार सबभन्दा महत्त्वपूर्ण अधिकार हो । मनिसहरू इज्जतका साथ बाँच्नका लागि र आफ्नो विकास गर्नको लागि सम्पत्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले महिलाहरूको लागि त अझै सम्पत्तिको अधिकारबाट वञ्चित गर्न नै हुँदैन किनकी महिलाहरूले नै घरपरिवार र समाजको व्यवहारिक जिम्मा लिने हुनाले उनीहरूलाई साम्पात्तिक अधिकार नदिने हो भने परिवार र समाज राम्रोसँग चल्न सक्दैन । यसरी मनुष्यलाई आफ्नो अस्तित्व कायम राखेर बाँच्नको लागि अपरिहार्य आवश्यकताको रुपमा साम्पात्तिक अधिकारलाई व्यवस्थित बनाइनु पर्दछ । सुरुसुरुको समयमा महिलाको साम्पात्तिक अधिकारलाई त्यति महत्त्व दिएको थिएन् । मानव विकासक्रमसँगै नारी पनि यस समाजका अभिन्न अङ्ग हुन भन्ने कुरा पुरुषहरूले बुझेकोले नै महिलालाई विभिन्न अधिकार लगायत साम्पातिक अधिकारबाट विमुख गरेमा समाजको अहित हुन्छ भन्ने तथ्यलाई मनन गरी यसलाई विशेष जोड दिएको पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले प्रत्येक व्यक्तिलाई सम्पत्ति अधिकार हुने व्यवस्था गरेको छ (मा. अ. वि घो. १९४८ प्रस्ताव न. २१७ ए ३ बाट पारित) । त्यसैगरी संयुक्त राष्ट्र संघले विभिन्न अभिसन्धिहरू मार्फत महिलाहरूलाई सम्पत्ति लगायत अन्य अधिकारका बारेमा व्यवस्था गरेको छ (म.वि.भे.माहसन्धि को धारा १३) ।

विगतमा नेपाली समाजले नारीलाई सदैव दोस्रो दर्जाको मान्छे ठान्ने हुनाले उनीहरूलाई कुनै पनि अधिकार बारेमा महत्त्व दिएको थिएन । तर पछि आएर चेतनाको विकास सगै संयुक्त राष्ट्र संघले सबै समान अधिकारको व्यवस्था गरे पछि र नेपाल पनि राष्ट्र संघको सदस्य भएको हुनाले साथै महिलाहरूले आवाज बुलन्द पारेकोले र अन्तर्राष्ट्रिय निरन्तर दवाव र प्रयास कारण नेपाली महिलाहरूले सम्पत्ति लगायत अन्य अधिकार प्राप्त गरेका छन् ।

नेपालमा महिलाहरूले कसरी अधिकार प्राप्त गरे भन्ने विषयमा भन्नु पर्दा १९१० मा जङ्ग बहादुरका पालमा मुलुकी ऐन केहि सीमित सम्पत्ति सम्बन्धी अधिकार प्रदान गरेता पनि प्रयोगमा आएको थिएन । नेपालको सरकारको ासंबैधानिक कानून २००४, नागरिक अधिकार ऐन २०१२ नेपाल अधिराज्यको संविधान २०१९ नेपाल अधिराज्यको संविधान २०४७ ले महिलाहरूलाई क्रमशः अधिकार सम्पन्न बनाउँदै लगे पनि खासगरी मुलुकी ऐन २०२० को एघारौं संशोधनले अविवाहित छोरीलाई छोरा सरह अंश दिने निर्णय गरेको छ । त्यसले नारीलाई  सम्पत्तिमा हक हुने छ भन्ने प्रत्याभूत गरेको पाइन्छ ।

त्यस्तै लैङ्गिक समानता सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने कानूनले महिला र पुरुषमा रहेको विभेदकारी अधिकांश कानून खारेज तथा संशोधन गरी महिलाहरूलाई समान अधिकार प्रदान गरेको पाइन्छ ।

महिलालाई सम्पत्ति र अन्य अधिकारका बारेमा व्यापक व्यवस्था मिलाई संबैधानिक सुरक्षा नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको छ । यसले महिलालाई राज्यको सबै अङ्गको सबै तह र तप्कामा पुऱ्याउने घोषणा समेत गरेको पाइन्छ ।

नेपाली भहिलालाई विभेदकारी कानूनप्रति सजग र सतर्क बनाई महिलाको हक अधिकारको संरक्षणमा सर्वोच्च अदालतले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । महिलालाई सम्पत्तिमा अधिकार दिन सर्वोच्च अदालतले सरकारलाई निर्देशन दिएकोले नै महिलाको सम्पत्तिमा अधिकारको व्यवस्था भएको हो ।

नेपाल जस्तो आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, रुपमा पिछडिएका महिलाहरूको राज्यले जे जति काम गरे पनि अधिकार उपलब्ध गराए पनि केहि चेतनशिल र जागरुक महिलाहरूले बाहेक अरुले पाएको अधिकारको  पूर्ण उपभोग गर्न पाएका छैनन् । कानून बनाए पछि प्रचार प्रसार गरी तल्लो तह सम्म पुऱ्याउन पछि नसके त्यो केबल औपचारिकतामा मात्र सीमित हुन्छ ।

## १.२ समस्या कथन

नेपाली जनसङ्ख्याको करीब ५१ प्रतिशत महिलाहरू पुरुष सरह सम्पत्तिमा समान पहुँच नहुँदा महिलाहरूमा विभेद रहेको पाइन्छ । मलिाहरूको अवस्था निकै दयनिय पाराले जीवन चलेको देखिन्छ । राजनैतिक, आर्थिक, सामाजिक, अधिकारबाट समेत वञ्चित अवस्थमा महिलाहरूका बारेमा प्रदत्त अधिकारको जानकारी गराउने साथै विश्व परिवेश अनुसार नेपालले पनि परम्परागत कानूनहरूमा रुपान्तरण गर्दै महिलाहरू माथी हुने भेदभाव अन्त्य गर्नका लागि पैतृक सम्पत्तिमा महिलालाई समान पहुच पुऱ्याउन सक्ला वा नसक्ला र त्यसले महिला उत्थानमा टेवा दिन सक्छ कि सक्दैन भन्ने विषयमा र कानूनी अवस्था र संविधानमा भएका मौलिक अधिकारका साथै सम्पत्ति सम्बन्धी अधिकार नेपाली महिलाहरूले विगतदेखि वर्तमानसम्ममा राजनैतिक सामाजिक साथै कानूनी पहल र बाधाहरूको बारेमा अध्ययन गर्नु एक अभ्ययन विषय नै भई सकेको छ । इतिहासदेखि वर्तमानसम्म आइपुग्दा महिला अधिकार र विशेष गरी सम्पत्ति सम्बन्धी थुप्रै परिवर्तन र उपलब्धी हासिल गरी सकेका छ अन्तर्राष्ट्रिय  जगतका अलवा नेपालमा पनि पहिलो कानूनी दस्तावेजको रुपमा आएको मुलुकी ऐन १९१० र यसमा भएका समय सापेक्ष संशोधनहरूले महिलाको सम्पत्तिकहरुलाई वढी सुरक्षीत पादै ल्याइएको छ । विशेष गरी २०६२/०६३ को अन्दोलन पछि भारी परि सकरात्मक संकेतहरु देखापरेको छन् । मुलुकी ऐनमा अतिरिक्त विभिन्न संविधानहरुमा समेत महिलाको अन्य अधिकारमा साम्पातिक  हकहरुलाई संरक्षण गर्ने काम भएको छ । यसै सर्न्दभमा वर्तमानमा महिलाको संम्पति माथीको अधिकार बारे संविधान कानूनहरुमा के कस्तो व्यवस्था गरिएको छ ? ति अधिकारहरु बारे महिलाहरु जानकार छन् वा छैनन् ? त्यस्ता अधिकारहरु सर्न्दभमा महिला अधिकारवादीका महिला सशक्तीकरणका लागि के कस्तो राष्ट्र्य र अर्न्तरायिट्र्य प्रयासहरु भएका छन् ? जस्ता  प्रश्नहरु यस शोधपत्रका अनुसन्धनात्मक समस्याका रुपमा रहेका छन् ।

## १.३ शोधको उद्देश्य

सम्पति सम्बन्धी हकलाई मानिसको मौलिक अधिकारको रुपमा स्वीकारिएको छ । नेपालमा पनि सम्पत्तिमाथि महिलाको हक विषय ऐतिहासिक  छ । तथापी यो विषय वर्तमानसम्म

आइपुग्दा निकै पेचिलो वहसको रुपमा देखापरेको छ । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा भए पनि महिलावादी आन्दोलन र उनीहरुको शसक्तीकरणको सवालमा सम्पत्ति सम्बन्धी विषयसँगै जोडिएर आएको छ । यसै सन्दर्भमा पहिलो समयमा नेपाली महिलाहरुको सम्पत्ति सम्बन्धी विषयमा रहेको संबैधानिक एवम् कानूनी पहुँचको चर्चा र विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको प्रमुख उद्‌देश्य रहेको छ । यसै सरोफरोमा रहेर यस शोध कार्यका उद्देश्यहरुलाई निम्न अनुरुप तय  गरिएको छ ।

क) महिलाको सम्पत्ति माथिको हक ऐतिहासिक विवेचना गर्नु ।

ख) अन्य हकका अतिरिक्त सम्पत्ति सम्बन्धि हकको प्राप्तीका लागि भएका अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय आन्दोलन, सन्धि–सम्झौताहरुको चर्चा गर्नु ।

ग) महिलाको सम्पत्ति सम्बन्धि हकको बर्तमान संबैधानिक एवम् कानूनी व्यवस्थाको (मुलुकी  ऐन) विश्लेषण गर्नू ।

घ) सम्पत्ति सम्बन्धी हकको कार्यन्वयनमा देखा परेका चुनौतिहरुको खोजी गर्न  ।

## १.४ शोधपत्रको अध्ययन विधि

प्रस्तुत शोधकार्यमा द्वितीय श्रोतमा तथ्याङ्कहरुको प्रयोग गरिएको छ । त्यसैले पुस्तकालय अध्ययन विधिलाई शोधको मुख्य अध्ययन विधि मानिएको छ । द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई प्रस्तुत गर्नु तथा प्रस्तुत तथ्याकहरुलाई विस्लेषण गरिएकोले अध्ययन र विश्लेषण गरिएकोले अध्ययनको ढाँचा विवरणत्मक र विशलेषणात्मक ऐतिहासिक, विषय वस्तु विश्लेषणमा रहेको छ । विषयसँग सम्बन्धित पुस्तक संविधान ऐन-नियम, लेख, रचना, अदालतका निर्णयहरु आदि विषय शोधका मुख्य श्रोत रहेका छन् ।

## १.५ पूर्व साहित्य अध्ययन

नेपाली समाजमा महिलाहरुको स्थिति धेरै तल र दयनीय अवस्थामा रहेको पाइन्छ । विश्वका अन्य मुलुकहरु महिला भन्दा निकै माया र दयाको अवस्थमा रहेको पाइन्छ । महिलाहरु विरुद्ध हुने विभिन्न भेदभावले गर्दा महिलाको सम्पत्ति माथिको हक कानुनी रुपमै

त्यति व्यवस्थित नभएको पाइन्छ । तर प्रचिनकालमा हिन्दु महिललाई देविको रुपमा पूजा गरिथ्यो, यद्यपी आजकादिनमा पनि हिन्दु धर्ममा जन्म देखि मृत्यु संस्कार विभिन्न चाडपर्वमा देविको रुपमा पूजा गरिन्छ । तर पनि महिलाहरु आर्थिक रुपमा झन् अति नै तल्लो स्तरमा रहेको पाईन्छ । किनभने हाम्रो देश नेपालमा धेरै पछि मात्र राजनीतिक परिवर्तन भएकोले महिलाहले सम्पत्तिमा अधिकार पाएका नै थिएनन् । नेपाली समाजमा २०२० सालभन्दा पहिला कानून रुपमा केहि पनि अधिकार पाएका थिएनन् । यसैले आफुखुसी केहि गर्ने पाउदैनथे, महिलाहरुले पढ्न हुदैन भन्ने मान्यता थियो बोल्न र घर बाहिर जान मनाहि थियो । त्यसैले गर्दा महिलाहरुले आफनो अधिकारको विषयमा वोल्न त के कुरा केहि सिक्न समेत पाउदैनथे ।

यस्ता धेरै खाले दमन र विभेदका वावजुद पनि पछिल्लो समयमा आएर महिला अधिकारले विश्वब्यापी अन्दोलनको स्वरुप ग्रहण गरिसकेको छ । महिला शसक्तिकरण हरेक समाजको चर्चा र वहसको विषयको रुपमा रहदै आएको छ । मुलत : शसक्तिकरणलाई प्रभाव पार्ने सम्पत्ति माथी हक सम्बन्धि विषय अति नै पेचिलो बन्दै आएको छ । यसै क्रममा विभिन्न मुलुकहरु लगायत नेपालमा पनि विभिन्न कानून ब्यवस्थाद्वारा महिलाको सम्पत्ति सम्बन्धि हकलाई ब्यबस्थित र सुरक्षित गर्ने प्रयासहरु क्रमश हुदै आइ रहेका छन् । आकाशको आधा मात्र अगेट्ने महिलाको शसक्तिकरण र नेपालको सन्दर्भमा तिनीहरुको सम्पत्तिमाथि हक सम्बन्धि सवल एक अनुसन्धानको विषय समेत बन्न पुगेको छ । यसै सर्न्दभमा यस विषयमा थुप्रै खोज र अनुसन्धान समेत भए गरेको पाइन्छ । यस सोध कार्यमा ति तमाम् खोज, अनुसन्धान एवम् रचनाहरु समेतलाई सहयोगी सामाग्रीको रुपमा लिइएको छ । मुलतः हाम्रो विषयसँग धेर थोर सम्बन्धित रहेर राजनितिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पसमा गरिएका शोधहरु :

१) महिलाको सम्पत्तिमा पहुँच, विश्वराज सिग्देल (२०६३ )

विश्वराज सिग्देलेद्वारा अनुसन्धान गरेको शोध महिलाको सम्पत्तिमा पहुँच भन्ने शिर्षकमा गरिएको शोधमा नेपालका संविधानहरु २००४ देखि अन्तरिम संविधान २०६३ सम्मका महिलाहरुको के कस्तो अधिकार प्रदान गरेको छ र त्यो भन्दा अलावा भएका ऐन कानूनमा के कस्तो छ भन्ने कुरा उठाएको र यो मेरो शोधसँग पनि मिल्दो भएकोले यसलाई पनि अध्ययन गरिएको हो ।

२)	राजनीतिमा महिला सहभागिता, घराना थकाली २०६४

घराना थकालीद्वारा लेखिएको शोध राजनीतिमा महिला सहभागिता के कसरी राजनीतिमा सहभागी हुदै आए र के कति अधिकार पाएँ भन्ने कुराको अब के कस्तो प्राप्तिको लागि के गर्नु पर्ने छ, आदि कुरा लेखिएको छ ।

३)	Women Participation in constitution assembly in Nepal, Geeta Sharma 2009

शोधहरुको  अध्ययन गर्ने क्रममा गीता शर्माबाट लेखिएको शोधमा पहिलो संविधान सभामा महिलाको सहभागीता हुन महिलाहरुले कसरी अवसर प्राप्त गरे भन्ने विषयमा अध्ययन गरिएको छ ।

४)	महिला विरुद्ध भेदभाव- पृथ्वीनारायण क्याम्पस, पोखरा, मैनादेवी रावत (२०५९)

मैनादेवी रावतद्वारा अध्ययन गरी लेखिएको शोधमा महिला विरुद्ध भेदभाव निकै गहिराइमा पुगेर लेखिएको पाइन्छ । यसमा महिलाहरुमा रहेको विगतमा कस्तो थियो र कसरी महिलाहरुले विभिन्न देशमा अधिकार प्राप्त गरे कुन कुन समयमा कसरी महिलाहरुले कुन कुन देशमा कस्ता कस्ता अधिकार प्राप्त गरे भन्ने विषयमा लेखिएको छ । साथै संयुक्त राष्ट्र संघले कसरी कहिले कुन बेलामा के के अधिकार प्रदान गरेको छ त्यसलाई नेपालले कहिले अनुमोदन गरेको छ । नेपालका संविधान ऐन कानुन महिलाका अधिकारका विषयमा के कसरी व्यवस्था गरेको छ । सबै कुराको व्याख्या गरेकी छिन् ।

५)	स्थानिय राजनीतिमा महिला सहभागिता बाग्लुङ्ग आनन्दराम गौतम २०६२ जिल्लामा स्थानियमा राजनीतिमा महिला सहभागिता भन्ने विषयमा लेखिएको शोधमा विश्वका र नेपाली महिलाहरुको राजनीतिमा  सहभगिता र उनीहरुले पाएको अधिकारका विषयमा उल्लेख गर्दै बाग्लुङ्गका महिलाहरुको राजनीतिमा  सहभागिता कस्तो छ भन्ने कुराको ब्यख्या गरेका छन् ।

६)	जनजातिमहिलाहरुको सशक्तिकरण पोखरा, जुना कुमारी गुरुङ (२०६२)

जनजातिमहिलाहरुको सशक्तिकरण भन्ने विषयमा जुना कुमारी गुरुङ्गद्धारा  गरिएको शोधमा संसरका महिला के पाएका छन्  यु एन यो ले प्रदान गरेको महिला

अधिकार साथै जनजाति महिलाहरुले पाएको अधिकार के कस्तो छ । नेपालमा महिलाको साथै जनजाति महिलाको अबस्था के कस्तो अवस्थामा रहेको छन् भन्ने यर्थाथ राम्रोसग प्रस्ट पारिएको छ ।

७) नेपालमा लोकतन्त्र र संविधान सभा निर्वाचन महिला सहभागिता र प्रतिनिधित्व , प्रेमराजपौडेल (२०६८) मा लोकतन्त्र भनेको के संविधान सभा निर्वाचनमा महिलाहरुको सहभागिता

८) स्थानिय निर्णय निर्माणका तहहरुमा महिला सहभागिता : सेती दोभान गा. वि. स. स्याङ्जा एक अध्ययन, शान्तिकुमारी घर्ती (२०७०)

वैज्ञानिक शोधका लागि विगतमा भएका केहि शोधहरुको अनुसन्धानले जगको कार्य गर्ने भएकोले उक्त विगतका सामाग्री पनि उल्लेख गर्ने उपयूक्त हुने भएकोले निम्न शोधहरुको उल्लेख गरिएको छ ।

त्रिभुवन विश्व विद्यालय केन्द्रिय क्याम्पस कीर्तिपुरका शोधहरु :

१) POLITICAL STATUS OF WOMEN IN TERAI COMMUNITY, Madhu Shrestha

मधु श्रेष्ठद्वारा लिखित तराइका महिलाको राजनैतिक अवस्थामा नवलपरासी जिल्लाको महिलाहरुको अवस्थालाई देखाएको छ जसमा महिला आर्थिक, सामाजिक, अवस्था र पुरुषहरुले महिलाहरु माथि गरिने विभेद अन्यायका साथै धनी वर्गले गरिब माथि गरिने व्यवहारलाई देखाएको छ ।

२) नेपालमा पुँजिवादी जनवादी क्रान्तिको सम्भावना र चुनौति, गोविन्द मैनाली (२०७०)

गोविन्द मैनालिद्धारा तयार पारिएको शोधमा नेपालमा जनवादी क्रान्तिको सम्भावना र चुनौति विषय पुँजिवादी क्रान्तिमा महिलाहरुको भुमिका के-के गरे के-कति अधिकार प्राप्त गरे भन्ने विषयमा उल्लेख गरिएको छ ।

३) सम्पत्तिमाथि महिलाको अधिकार, धर्मदत्त खनाल (२०७०)

धर्म दत्त खनालले तयार पारेको शोध सम्पति माथि महिलाको अधिकारका बारेमा प्रचिन काल देखि वर्तमान सम्मको नेपाली महिलाको साथै हिन्दु महिलाले पाएका र

गुमाएको कुरा धर्म ग्रन्थ, लेख, रचना, नेपालका संविधनहरु विभिन्न पाटिहरुले प्रतिबद्धताहरु आदिले गर्दा महिलाहरुले सम्पत्ति लगायत अन्य के के अधिकार प्रदान गरेको छ भन्ने कुरालाई निकै राम्रो देखाएको छ ।

उपरोक्त शोधहरुमा सबैमा महिलाको अन्य अधिकारको विषयमा केन्द्रित रहेर महिला आन्दोलनमा सहभागिता र आन्दोलनबाट प्राप्त अधिकारहरु बारेमा अध्यायन गरिएको पाइयो त्यसैले महिलाको साम्पातिक हकः मुलुकी ऐनमा आधारित विश्लेषण विषयमा अध्यायन कसैले पनि गरेका नभेटिएकोले मैले यो विषयलाई रोजेको हु । अध्यायन क्रममा महिलाको साम्पातिक अधिकार आदिम कालमा कस्तो थियो समय विकास र परिर्वतसगै कसरी साम्पात्तिक लगायत अन्य अधिकार खोसिदै गए ?कसरी महिलाहरुले सम्पत्ति र अन्य अधिकार पाउँदै आए आदि कुराको विषयमा गरी नेपालका संविधान कानुनमा भएका व्यवस्था उजागर गरिएको छ ।

उपरोक्त शोधको अलावा संयुक्त राष्टसंघको महासभाले १० डिसेम्वर १९४८ मा  मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषण-पत्रमा जारी विभिन्न धारामा महिलाको अन्य हकहरुका अतिरिक्त सम्पत्ति सम्बन्धी हकलाई ब्यवस्था गरेको छ । महिला अधिकार सम्बन्धमा भएका विश्वब्यापी सम्मेलनहरुले (मेक्सीकोदेखि वेइजिङ्ग सम्म) महिलाको खास हकको उल्लेख गरेका छन् । यसै गरी निरा श्रेष्ठ र चन्द्रा भद्रा (लैङ्गिक अध्ययन २०७०) ले महिला अधिकार सैद्धान्तिक पक्ष लगायत विभिन्न सम्मेलन र तिनका उपलब्धीहरुको वारेमा प्रकाश पारेको पाइन्छ ।  यसका अतिरिक्त बलराम आचार्य  (लैङ्गिक अध्ययन २०६८) तिलकप्रसाद चौलागाई नानीराम पोखरेल  केशव सापकोटा (लैङ्गिक अध्ययन २०६०), नेपालका संविधानहरु सबै, मानवअधिकार तथा महिला अधिकार सम्बन्धि प्रश्न उत्तर (रा. मा.अ.२०७०) महिला अधिकार सम्बन्धि नेपाल पक्षबाट भएका सन्धि सम्झौताहरु महासन्धि १९७८ को पनि उल्लेख गरिएको छ ।), महिलाहरुले प्राचिनकालदेखि कौटिल्य, मनु, शंकरार्चाय, देबल,परासर ऋषि,आदीका भनाइलाई पनि समावेस गरिएको छ । नारायण प्रसाद लम्साल पारिवारिक कानून २०४५), र संविधान सभा राज्य पुनःसंरचना र राज्यको बाँडफाँड समितिको  अवधारण र प्ररम्भिक मस्यौदा सम्बन्धि प्रतिवेदन (२०६६) को धारा १४ महिला अधिकार मौलिक हक भएको ब्यवस्था, पनि यस शोधमा समावेश गरिएको छ ।

उपरोक्त कृतिहरुको अलावा लेपालको सन्दर्भमा मुलुकी ऐन १९१० र विभिन्न समयमा भएको २०२०को बाह्रौ संशोधनहरुले पारित गरेको विभिन्न महलहरुमा महिलाको सम्पत्ति सम्बन्धि हकलाई प्रष्ट्याएको पाइन्छ । खास गारी मुलुकी ऐनका स्त्री धन को महल, अंश बण्डाको महल, जबर्जस्ती करणीको महल, अपुतालीको महल, लोग्ने स्वास्नीको महल, विहेबारीको महल, महिलाको सम्पति माथिको अधिकारको लागि मानव अधिकारको विश्वव्यपी घोषणापत्र सम्पतिमा महिलालाई अधिकार सम्पन्न बनाउनको कतिपय लेखकहरुले पनि कलम चलाएको पाइन्छ । मुलुकी ऐनमा भएका संशोधन विभिन्न बेलामा लेखकहरुले चलाएको कलमले पनि महिलालाई सम्पतिमाथिको अधिकारको प्राप्त गर्नको लागि भएको संशोधनलाई पनि शोध-पत्र तयार पार्ने शिलशिलामा समावेस गरिने छ ।

**अन्य सम्बन्धित साहित्य**

यसमा महिलाको सम्पत्ति माथिको अधिकार हाल सम्म भए गरेका ऐन नियम कानून र अन्य संशोधन आदीलाई समावेस गरिएको छ । जसले महिलाको अधिकारको लागि अध्ययन अनुसन्धान महिला अधिकारका विषयमा लेखिएका लेख रचना आदिलाई समावेस गरिएका छन् ।

महिलाको अबस्था अध्ययन गरि चित्रण गरेका छन् । मुलुकी ऐन छौटौ संशोधन ( International year of 1975) को गरिएको थियो । यसले महिलाहरुको विषयमा उल्लेख कदमहरु चलेको देखिए पनि ग्रामीण भेगमा बस्नेहरुका सकरात्मक प्रभाव पार्न सकेको देखिदैन । उनले महिलाका अधिकार संरक्षण गर्नका लागि मुलुकी ऐनमा गरेको व्यवस्थालाई व्यवहारमा उतार्न न्यायपालिकाको तत्कालिन संरचनालाई परिवर्तन गर्नुपर्ने सुझाव दिएका छन् (Bennett Lynn 1975 ) ।

सन १९८५ देखि १९५१ सम्म गरेको अध्ययनमा महिलालाई सबै दृष्टिकोणले पछाडि पारिएको उल्लेख गरेका छन् । यस समयमा महिलालाई अधिकार विषयमा कुनै व्यवस्था गरिएको थिएन । २००७ साल पछि पनि महिलालाई सम्पतिको अधिकारको विषयमा व्यवस्था गरिएको छैन (थापा, १९८५ ) ।

११९८ मा गरेको अनुसन्धान महिलाहरुलाई श्रीमति र बुहारी रुपमा शुसोभित आमा र दिदी बहिनी सम्मानित गरिएको छ  (अग्रवाल, २००२) ।

सन (१९७८) को महिलाको तथ्यांक तयार परि बालविवाह बच्चाको हेरचाह भार परेकोले राजनैतिक प्रशासनिक क्षेत्रमा न्युन सहभागिता रहेको बतायो । यसैमा महिलाको सरदर आयु पुरुषको तुलनामा कम रहेको बताएको छ । प्राय ग्रामीण महिलाहरु गृहिणी रुपमा काम गर्ने बाध्य भएको अवस्थाको चित्रण गरेकी छन् । (आर्चाय, १९७९)

सन २000मा महिला अवस्थामा परिवर्तन आइरहेको ऐतिहसिक पक्षलाई प्रस्तुत गरेका छन् । कानून अध्ययन तथा सेवा केन्द्र २०५८ ले महिलाको कानूनी हैसियात विषयमा उल्लेखनिय काम गरेका छन् (घिमिरे, निरौला र श्रेष्ठ, २०००)।

(सन २००५ ले महिलाको सम्पत्तिमाथिको अधिकारलाई टाठाबाठाले चलाएको अभियनले ग्रमाणी महिलाहरुलाई  मुद्दा ओझेलमा पारेको देखिन्छ । ग्रामीण क्षेत्रका लाखौलाख मानिस गरिबी रेखामुनी छन् । जसको पैतृक सम्पत्ति छैन भने ती महिलालाई पैतृक सम्पत्ति माथिको अधिकार के अर्थ रह्यो र । विद्यामान कानून अनुसार महिलाहरुलाई दुई कानूनी हैसियात रहेको छ । अविवाहित छोरी विशेषज्ञहरुको धारण उल्लेख गदै भनेका छन् । नेपाल जस्तो देश गरिबी रेखा मुनि घेरै जनता रहेको देशमा पैतृक सम्पत्ति माथिको अधिकारको के नै अर्थ रहयो र केहि उच्च धनी वर्ग महिलाको फइदा होला अन्यको लागि भने अझ बढी भन्दछन् कि समस्याको जड भनेको विद्यमान पारिवारिक  र वैवाहिक प्रणालीलाई अझ बढि भार थपिने निश्चित छ  (केशव पौडेल, २००५)।

महिलाहरुलाई छोरा सरह महिलालाई अधिकार दिदा परम्परागत पारिवारिक संरचना नै नराम्रोसँग प्रभावित हुने उल्ललेख गरेका छन् । छोरीलाई विवाह गरे पछि पतिको सम्पत्तिमा कानूनी हक लाग्ने व्यवस्था विद्यमान छँदैछ । सो अवस्थामा छोरीलाई बाबुको  सम्पत्तिमा अधिकार दिदा महिलालाई  सम्पत्ति माथिको दोहोरो अधिकार पर्न जान्छ । महिला र पुरुष बीचको सम्पत्ति हकको सम्बन्ध कुनै विभेद पूर्ण व्यवस्था नरहेको धारणा राख्दछन् र प्रणालीको संरचना नै हो र छोरीलाई अंशको अधिकार दिएको अवस्थामा दाइजो प्रणालीलाई अझ वढि प्रोत्साहन गर्ने गर्ने धारण राखेका छन् (शर्मा, २०५५) ।

इतिहासको अध्ययन गर्दा प्रय सबै बुर्जुवा बर्गको हित रक्षा गर्ने गरेको पाइन्छ । विबाह परिवार उत्तराधिकारी सम्बन्धी कानून पितृ सत्तात्मक सम्पति नियन्त्रणसँग गाँसिएको छ । दक्षिण एशिया सबै देशमा बच्चाहरुको संरक्षक सम्पत्तिको मालिक परिवार प्रमुख मान्निछ । महिलालाई पुरुष सरह अधिकार भने पनि ३३ प्रतिशत व्यबस्था गरे पनि अधिकांस ठाँउमा पुरुष अधिपत्य रहेको पाइन्छ । पुरुष सरह भए पनि भुमि सम्बन्धी ऐन अनुसार मोहियानी हक पाउनको लागि अविवाहित छोरीले ३५ बर्ष पुगेको हुनु पर्ने व्यवस्था गरिएको छ । बैदेशिक रोजगार जानको लागि लोग्ने, छोरी, छोरासँग स्वीकृत लिनु पर्ने विद्यमान व्यवस्थाले गर्दा नेपाली महिलाहरुले पूर्ण हक पाएका छैनन् (मु ऐ, २०७०) ।

उपरोक्त साहित्य तथा कृतिहरुका वावजुत पनि पछिल्लो समयमा आएर महिलाको सम्पत्ति सम्बन्धी हक निक्कै चर्चाको शिखरमा रहेको र हाम्रो शीर्षकसँग दुरुस्त मेल खाने गरी हालसम्म कुनै शोधकार्य हुन सकेको पाइँदैन । त्यसैले  यो शोधकार्य गरिएको छ ।

## १. ६ शोधपत्रको सिमा

यो शोधपत्रमा महिलाको सम्पत्तिमाथिको अधिकार नेपाल र विश्वमा भएका ऐतिहासिक जानकारी समावेस गरेको छ । वि सं.२००७ साल देखि २०४७ सालसम्मका छ ओटा संविधानमा भएका महिलाका सम्पत्ति सम्बन्धी समावेस गरेको छ । यस शोधपत्रमा सम्पत्ति सम्बन्धी अधिकारमात्र खासगरि मुलुकी ऐनको महिलाको सम्पतिमाथिको अधिकारको व्ययस्थालाई विस्तृत रुपमा चर्चा गरिएको छ । यो शोधपत्र राजनीतीशास्त्र अर्न्तगत तयार पारिएको भएता पनि राजनीति र कानून एक अर्काको परिपूरक  भएकोले राजनीतिले कानून निर्माणमा भूमिका खेल्ने कानूनले राजनीतिक व्यवस्थाको निर्धारण गर्ने यथार्थ रहेकोले शोधपत्रको केन्द्रविन्दु राजनीतिक रुपमा भए पनि नेपाली कानूनको व्यवस्थालाई समेत समेट्न पुगेको छ । महिलाको सम्पत्ति सम्बन्धी अधिकार भन्ने विषय कानून र राजनितिक दुवै भएकोले यसमा कानूनी व्यवस्था मात्र अध्ययन गरिएको छ ।

## १.७ शोधको महत्व

परम्परागत मूल्य मान्यतालाई आत्मासात गरी रहेको नेपाली समाजमा महिलाहरू विभेदका क्रियाकलाप भईरहेका छन् । जुनसुकै समाजमा पनि मानविय आवश्कता परिपुर्ति गराउनका लागि साधन र स्रोत जुटाउनु पर्दछ । त्यही क्रममा मानिसले परिश्रम वा अन्य कुनै कामकाज गरी प्राप्त गर्ने चल-अचल बस्तुलाई सम्पत्ति भनिन्छ । सम्पत्तिको प्रभाव मानव जीवनमा महत्त्वपूर्ण हुन्छ । त्यही सम्पत्ति माथिको स्वामित्व सम्बन्धित पहुँच हो । यस्तो सम्पत्तिको पहुँचबाट कोहि पनि वञ्चित हुनुहुँदैन । विगतमा दिनहरूमा महिलालाई पहुँच सम्पन्न बनाउनको लागि सम्पत्तिको व्यवस्था गरिएको र त्यस्ता अधिकार के कसता छन् ? तिनले महिलाको आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा पार्ने प्रभावको अध्ययन गर्नु औचित्यपूर्ण ठनिएको छौ । पैतृक सम्पत्तिमा समान पहुँच समाजमा पर्ने नपार्ने के छ ? यसलाई नेपाली समाजले कसरी ग्रहण गर्दछ ? भनी हेर्नु स्वभाविक हुनेछ उनीहरूको पैतृक सम्पत्तिमा समान पहुँच र त्यसको प्रभावको बारेमा जनकारी राख्ने जो केहिको लागि पनि उपयोगी र यथार्थपरक हुनेछ । साथै पैतृक सम्पत्तिमा समान पहुँच प्राप्त हुर्दा महिला उत्थान कस्तो असर पर्दछ । भन्ने विषयमा खोज अनुसन्धान गरी त्यसको निस्कर्ष निकाल्नु जरुरी हुने हुर्दा यसको औचित्य वर्तमानमा सान्दर्भिक हुनेछ । विषय छनोट गर्दा अध्ययन कार्यलाई सरलीकरण गर्न सम्बद्ध गहन विषयलाई प्रभावकारी बनाउन क्षेत्र निधारण गर्नु अपरीहार्य छ । शोधको कार्यलाई अन्तिम रूप दिन सत्य, तथ्य र स्तरिय सामाग्री सङ्कलन गरी निचोडमा पुऱ्याउनको लागि विगतदेखि वर्तमानसम्म नेपालमा भए गरेका कानून र संविधानमा गरिएका महिला अधिकारको विस्तृत रुपमा अध्ययन गरी यस शोधपत्रमा चर्चा गरिने छ ।

मुलत प्रस्तुत शोधकार्य मुलुकी ऐनमा महिलाको सम्पत्ति सम्बन्धी हकसँग सम्बन्धित रहेकाले मुलुकी ऐनको १२ औ संशोधन पछि विभिन्न महलहरुमा भए गरेका महिलाको साम्पात्तिक अधिकार हक सम्बन्धि विषयहरुको चर्चा र विश्लेष्णको सेरोफेरोमा शोधकार्य सीमित रहेको छ । कानून सधै संविधानद्वारा निर्देशित हुने हुँदा नेपालका विभिन्न संविधानहरुमा महिलाको हक सम्बन्धमा भएका व्यवस्थाहरुलाई शोधमा चर्चा गरिएको छ । वर्तमान कानून एवम् संबैधानिक प्रावधानको अलावा महिला अधिकार सम्बन्धि सैद्धान्तिक अवधारणा राख्नेको चर्चा समेत शोधमा गरिने छ । यसका अतिरिक्त महिला हकको

प्रत्यभूति गराउने थूप्रै अन्तर्राष्ट्रिय आन्दोलन तथा नेपाल पक्षबाट भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको चर्चा गर्ने विषयमा यो शोधकार्य सीमित रहने छ ।

## १.८ शोधको संगठन

अध्ययन सुविधाको दृष्टिले शोधलाई  विभिन्न पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रथम परिच्छेदमा अनुसन्धान परिचयसँग सम्बन्धि रहेको छ । यस परिच्छेद शोधको परिचय समस्याको कथन, शोधको उद्देश्य, अध्ययन विधि पूर्व, साहित्य अध्ययन, शोधको औचित्य, शोधको क्षेत्र र सिमा र शोधको संगठन विषयमा उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा महिला अधिकार सम्बन्धि सैधान्तिक अवधारणा प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा महिला, नारीबाद, महिला अधिकार जस्ता अबधारणा लाई प्रष्ट्याइएको छ । यसै परिच्छेदमा महिला अधिकार सम्बन्धि पृष्ठमूमि, अन्तर्राष्ट्रिय अभ्यास र मानव अधिकार सम्बन्धि विश्वब्यापी घोषणापत्र यसमा महिला अधिकार व्यवस्था, नेपाल पक्षबाट महिलाको साम्पात्तिक अधिकार सम्बन्धि सधि-सम्झौता तथा विभिन्न समयमा सम्पन्न महिला अधिकार सम्बन्धी विश्व महिला सम्मेलनहरुको चर्चा र उपलब्धी विष्लेषण गरिएको छ ।

तेस्रो परिच्छेद  महिलाको साम्पात्तिक अधिकारको सम्बन्धमा नेपालमा भए गरेका ब्यवहारिक एवम् संवैधनिक तथा कानूनी व्यवस्थाहरुको परिचर्चा गरिएको छ । नेपालको पहिलो कानून दस्तावेजको रुपमा रहेको मुलुकी ऐन १९१० अर्न्तरगत विभिन्न महलहरुमा गरिएको महिलाको सम्पातिक अधिकार सम्बन्धि चर्चा र विश्लेषण गर्ने काम यसै परिच्छेदमा गरिएको छ । साथै नेपालका संवैधानिक  इतिहासको रुपमा विभिन्न संविधानहरुमा भएका व्यवस्थाहरुको सिंहावलोकन समेत यसै परिच्छेदमा गरिनेछ । साथै महिला आयोगको गठन यसका चुनौतिको अन्त्यमा प्रथम संविधानसभाबाट पारित अवधारणको रुपमा प्रस्तुत महिलाको साम्पात्तिक अधिकार  सम्बन्धि व्यवस्थालाई यसै परिच्छेदमा चर्चा गरिएको छ । चौथो परिच्छेदमा मुलुकी ऐन १२ औ संशोधन (२०२०) पछि विभिन्न महलहरुमा उल्लेखित  महिलाको सम्पत्ति सम्बन्धि अधिकारको विश्लेषण गरिएको छ र अन्तमा शोध रचना निस्कर्ष प्रस्तुत गरिएको छ ।

# *परिच्छेद दुई*

# महिला अधिकार सम्बन्धी सैद्दान्तिक अवधारणा

## २.१ महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र धारणा

मानव अधिकारहरूको विश्वव्यापी घोषणा पत्र संयुक्त राष्ट्र संघको महासभा १० डिसेम्बर १९४८ को प्रस्ताव नं. २१७ र ३ बाट ग्रहण गरी पारित गरिएको निम्न कुराहरू संसारका जनतालाई प्रदान गरेकोले महिला पनि मानव नै भएकोले पुरुष सरह समान अधिकार पाउनु पर्नेमा तर महिला माथि विभेद अन्याय भई रहेको छ । पाउनु पर्ने अधिकारहरू जन्मजात स्वतन्त्र, कुनै पनि प्रकारको भेदभाव गर्ने नपाइने, व्यक्तिगत जीवन स्वतन्त्र र सुरक्षित, यातना दिन नपाइने, एक व्यक्तिको रुपमा मान्यता पाउने अधिकार सबैमा, कानून सबैका लागि बराबर हुनेछ, सबैलाई मौलिक अधिकार, अदालती उपचार, झुटा अभियोग न्यायमुक्ति अदालतबाट, अभियोग लागेका व्यक्ति सुनुवाई भइन्जेलसम्म निर्दोष रहने व्यवस्था, कुनै पनि व्यक्तिलाई त्यो बेलामा दिन पाइने सजाय भन्दा बढी सजाय दिन पाइने छैन् । कसैको पनि सम्मान र इज्जतमा हस्तक्षेप वा प्रहार गर्ने पाइने छैन । उपरोक्त अधिकार महिलाहरूले पनि पाउनु पर्नेमा अझ पनि संसारका धेरै ठाउँमा विभेद र अन्याय भई रहेको छ । (धारा १,२,३,४,५,६,७,८,९, मा. अ. वि.घो. पत्र, राष्ट्रिय मानब अधिकार आयोग पेः २)

### महिला, नारीबाद, र महिलाअधिकार

### क) महिला

संसारमा जब जीवजन्तुको उत्पत्ति भयो । त्यस बेला दुई थरीका जीवको उत्पत्ति भयो संसार चलाउनको लागि भाले पोथी मानिस वर्गमा रहेको पोथी जातिलाई नै महिला भन्न थालिएको हो । जब संसारमा मानिस कृषि युगमा प्रवेश गऱ्यो तब महिलाहरूलाई दोस्रो दर्जाको मान्छेको ब्यवहार गर्दै गए पछि स्त्रीहरूले आफ्नो हक खोज्न थाले, त्यसैलाई नै महिला अधिकार भनिन्छ ।

## ख) नारीबाद

महिलाहरु आदिम कालदेखि वर्तमानसम्म आइपुग्दासम्म पनि नै महिलाहरु पुर्नउत्पादनका काम गर्ने भएकोले पुरुष नै सबै काममा नेतृत्वदायी भुमिकामा रहेकोले महिलाहरुलाई सधै दासीनी र खेलौनाको रुपमा व्यवहार गदै आए जसले गर्दा महिलाहरु आफ्नो अधिकारबाट बञ्चित हुन पुगे । नारीवादलाई विभिन्न ३ भागमा बाडिएको छ ।

मानव अधिकार महिलाहरूले नपाएकोले विभिन्न खालका अन्दोलन गरे त्यही आन्दोलनलाई नै नारीवाद भनिन्छ (सेन्डल आदीले सन् २००६ मा पृ :१२५) । नारी केन्द्रित परिप्रेक्ष्यबाट नारी हक हित समानतको पक्षधरलाई नै नारीवाद भनिन्छ (शर्मा र लुइटेल २०६१:३७१) । अस्फोंड एडभान्स र्लन डिस्नरीमा नारीवादलाई यसरी चिनाएको छ । महिलाले पनि पुरुष सरह अधिकार अवसर पाउनुपर्छ भनी गरिएको सघंर्ष नै नारी बाद हो (पृ ,४६६) । वृटिसका रेडी रिफरेसइन्सानइक्लोपिडिय (भोल्यूम ४ सन् २००५:३) । मा महिलाको समान अधिकारको खोजिमा गरिएको सामाजिक आन्दोलन नै नारीवाद हो । सन् १८४० दशक मा यूरोप र अमेरिका नारीवादी आन्दोलन को संगठित रुपमा शुरु भएको थियो । महिलाहरूले गरेको आन्दोलनले विश्वभरी नै प्रतिष्ठा बनाइसकेको छ । नारीहरूको सामाजिक, आर्थिक, संस्कृतिक समानतको लागि वकालत गर्ने अन्तराष्ट्रिय नारी आन्दोलनको रुपमा स्थापित भएको छ । लिङ्गको आधारमा दिमाग कमजोर नहुने भएकोले विभेद गर्ने छैन । यही मान्यताका साथ सन् १९७०-१९९० को दशकमा नारीवादी आन्दोलन विश्वव्यापी बनेको पाइन्छ ।

क) उदार नारीवाद : उदार नारीवादमा सन् १९५० पश्चिमी क्षेत्रमा आएको liberal enilghment को मान्यतालाई भनिन्छ ।

उदारबादी महिलापादका अनुसार मानवमा बराबरी बुद्धि हुने भएकोले समान अवसर दिएको खण्डमा पुरुषको जस्तै महिलाले पनि समान उपलब्धी प्राप्त गर्न सक्छन् । प्रत्येक व्यक्तिलाई बुद्धिका आधारमा समानता दिनु पर्छ । पुरुषलाई आत्मा र महिलालाई शरीरसँग तुलना गरिएको छ (सापकोटा, २०६० : १०३) ।

ख) मार्क्सबादी महिलाबाद :मार्क्सबादी महिलाबादले वर्ग विश्लेषणको कुरा गर्दछ र उ पितृसत्ता नामक नयाँ मान्यताको निर्माण गराउँछ । मार्क्सवादी महिलावादीहरुको कुरा अर्थ व्यवस्थासँग जोडिएको कुरा हो । मार्क्सबाद महिलाबादको लैगिक दमनका कुरा हो । वर्ग शोषण समाप्त भएको वेलामा मात्र शोषणको पनि समाप्त भएर जान्छ ।महिलाको बारेमा निर्माण गरिएको सबै भन्दा selative idea मार्क्स बाद नै हो ।तर मार्क्सबादले लैगिक आन्दोलन एक स्वातन्त्रताको आन्दोलन रुपमा भन्दा ठुलो आन्दोलन एक अङ्गका रुपमा मात्र लिएको छन् (पराजुली, २०६० : १०४)।

ग) आमुलः नारी बाद विशौ सताब्दीको वीचमा देखा परेको नयाँ प्रकारको आन्दोलन हो । यसका प्रमुख संचालकहरुमा Julian matcher kote mildest आदि हुन । यिनीहरुका अनुसार पुरुष नै आमुल महिलावाद पमुख कारण हुन् । पुरुषबाट अधिनस्त महिलाहरु प्रमूख कारण जैविकीय नै हो । यसको समाधनको लागि लिङ्गको भूमिका परिवर्तन ल्याउनु पर्छ आमुल महिलावाद दुई मान्यतमा आधारित छ ।

1) Woman are of absolute passive value
2) Woman are every where oppressed vioiently oppressed in the system of petriarcity.

उक्त कुराबाट के पुष्टि हुन्छ भने नारीहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने भएकोले महिलाले आफ्नो क्षमताको प्रदर्शन गरेर देखाउन सक्नु पर्दछ । आमुल महिलावादले पितृसतालाई दमन/उत्पिडनहरुको प्रमुख कारक तत्व मान्दछन् । आमुल नारीमादका अनुसार पितृसता महिला र पुरुसले प्रभुत्व जन्माएको संगठनहरुमा महिला विरुद्ध गर्ने हिसां हो । महिलाहरुलाई निरही र नियन्त्रण वस्तुको रुपमा राख्ने , पुरुषको यौनिक इच्छा लागि प्रयोग महिलाहरुको उपयोगी श्रमशक्तिको र मनोरञ्जन साधनको सधै राखिरहन चाहन्छन् । सापकोटा, २०६० : १०८ - ९) ।

## ग) महिला अधिकार

महिलाहरू विभेदमा परेको महसुस गरेपछि विभिन्न आवाज उठ्न थाले आफ्नो हक खोज्न उठ्न थालेपछि उनीहरूलाई केहि अधिकार दिन थालियो, यसैलाई नै महिला अधिकार भन्न

थालियो । नारीहरू आफूमा परेको अन्याय र मर्काको विषयमा सङ्गठित भएर समान अधिकारको प्राप्तिको लागि केन्द्रित भए । जसले महिलाको विरुद्ध रहेको शैक्षिक राजनैतिक अवरोधलाई हटाउन मुख्य भूमिका निभाएको पाइन्छ । यसले महिला शैक्षिक सुधार महिला सहयोगको लागि सम्पत्तिमा अधिकार मतदानको  अधिकार सुधार ल्याएको पाइन्छ । १८ औं शताब्दीको मध्य सम्ममा दुई ओटा गर्ल्स कलेज, क्वीज र बेडफोड कलेज १८४९ मा स्थापना भएको थियो तर १९औं शताब्दीबाट बेलायती, अमेरिकन विश्वविद्यालयले उच्च अध्ययन बेसिक तालिमलाई स्वीकार गरेको पाइन्छ । सन् १८७४मा ले महिला चिकित्सकहरूबाट गरिब महिलाको लागि अस्पतालको विकास गरिन । न्यूजिल्याण्डका समान अधिकार प्राप्तिका लागि लडे र १८९३ मा समान अधिकार प्राप्त गरे । सन् १९२० मा अमेरिकामा महिलालाई मताधिकारको ग्यारेण्टी संविधानमा नै गरेको पाइन्छ । मताधिकारको अन्य पश्चिमी  मुलुकहरूमा पनि सन् १८ देखि १९ को पूर्वार्द्धमा भएको पाइन्छ । अष्ट्रेलियाले सन् १९०२ मा संघिय मताधिकार दियो  र स्वीडेनले पैतृक सम्पत्ति महिला पनि अधिकार दिएको पाइन्छ । सिटि मतदान तर १९२१ मा मात्र पूर्ण रुपमा मताधिकार प्रप्त गरे । सन् १८९७ मा नै महिला मताधिकारको लागि राष्ट्रिय एकता धेरै समुहलाई एकत्रित गरी महिलाहरूको मताधिकारका लागि सकृय भए । महिलाहरूलाई चरणबद्ध तरिकाले पहिला ३० बर्ष दोस्रोमा २१ बर्ष हुँदै तेस्रोमा पुरुष सरह १८ बर्ष महिलालाई मताधिकार प्रदान गरेको पाइन्छ  । (इन्साइक्लोपेडिया, २९३)।

संवैधानिक रुपमा महिला विरुद्ध प्राबधान नभए पनि व्यवारिक रुपमा महिलाहरू विकासमा सहभागी नभएकोले राष्ट्रिय राजनीतिको मुलधारमा समाहित गर्न सन् १९६० को दशकतिर विकासमा महिलालाई समाहित गर्ने अवधारण अगाडि आयो । यसले प्रभावकारी  काम नभए पछि विकास र महिला WID को धारणा अगाडि आयो । यसले पनि सोचे जस्तो काम गर्न नसकेपछि समान सहभागिताको लागि सन् १९८० तिर लैङ्गिक विकासको अवधारणा अगाडि जसले महिलालाई धेरै सफलता मिलेको देखिन्छ । आज आएर महिलाहरूले नेपालमा पनि धेरै अधिकार पाएका छन् । सबै ठाउँमा आरक्षण स्वतन्त्रपूर्वक आफ्ना काम गर्न र अर्थ उर्पाजन गर्न सबै तह-तहमा आफनो खुवी देखाउने अवसर क्रमशः बृद्धि हुँदै आएको पाइन्छ । (इन्साइक्लोपिडिया,  २९४)

## २.२ महिला अधिकार सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

नेपाली समाज हिन्दु वर्णश्रममा आधारित आश्रित पितृ प्रधान समाज हो । हिन्दु सामाजिक जीवन प्रणली अन्तर्गत “मोक्ष” परम पुरुषार्थ निश्चित गरिन्छ । वेदमा धर्म सम्बन्धी प्रसाकी निर्देशनहरू दिइएको छ । वेदमा विवाह, यसका प्रकार, पुत्रका किसिम, धर्म पुत्र लिने, सम्पत्तिको अंशवण्डा, उत्तराधिकारीमा प्राप्त सम्पत्ति, स्त्रीधन श्राद्ध जस्ता नियमहरू माथि प्रकाश पारिएको छ (श्रेष्ठ २०५०) । नेपाली समाज पितृसतात्मक समाज हो । इतिहासबाट प्रष्ट कि धेरै धर्म कर्म दान पुण्य गरेतापनि समाजमा नारीको कुनै पनि मानविय स्थान नरहेको, र पुरुषत्व प्राप्त हुन वा नारी जाति हुनुबाट मुक्त हुनु राम्रो भाव हुनुपर्ने सधै नरम भएर बोल्नु पर्ने र सुसिल हुनु पर्ने आदी कुराको उल्लेख गरिएको छ । १५ सय वर्ष पुरानो काठमाडौको चाबहिलमा रहेको शिलालेखबाट स्पष्ट हुन्छ (जोशी, २०३०) । स्त्री र पुरुष सँगसँगै सृष्टि भएकोले शुरुमा लिङ्गका आधारमा भेदभाव गरिएको थिएन । वैदिक कालमा महिलालाई सैनिक सेवा समेत भर्ना लिइन्थ्यो किरात कालमा स्त्री र पुरुष समानता थियो ( भण्डारी रिर्जव अंक दुई) स्मृति कालमा आइ पुग्दा जहाँ नारी पुजिन्छ त्यहाँ देवताको पनि रमाउँछन् भन्ने भनाइको वर्चश्व स्थापित हुँदै नारीहरू कोमल मनका हुन्छन् । उनीहरूलाई आधिकारिक भार बोकाउनु भन्दा दया मायाको आवश्यकता छ भन्न थालियो । स्मृति कालमा हरेक पुरुषले आफ्नी स्त्रीलाई स्वतन्त्र जतिसुकै सम्पन्न भए पनि पुरुषको वंशमा राख्नु पर्दछ । वाल्यकालमा पिता, युवा अवस्थामा लोग्ने र वृद्धा अवस्थामा पुत्रले रक्षा गर्नु पर्दछ (मनु स्मृति) । छोरीलाई आफ्नो अंशमा हक आधा दिनु पर्दछ (शुक्र नीति ४/२९५) । आमाको मृत्यु भएमा छोराछोरीले आमाको धन बराबर बाडी लिने (शुक्रनीति ९/१९२) । यस्तै याज्ञबल्वय स्मृतिमा बाबुका सम्पत्ति छोराले र आमाका सम्पत्ति छोरीले पाउने धर्म शास्त्रमा लेखिएको छ । नेपालमा १९१० मा मुलकी ऐनमा आए पनि महिलाको अधिकारको विषयमा धर्म शास्त्रानुसार नै चलिरहेको थियो । मुलुकी ऐन १९१० मा ३५ वर्ष नपुगेकी छोरीलाई विवाह खर्च दिने व्यवस्था गरिएको थियो । र मुलुकी ऐनमा २०२० मा ३५ वर्ष उमेर पुगेका विबाह नभएका छोरीलाई अंश दिने व्यवस्था गरिएको छ । अपुतालिको महल २ नं. बमोजिम अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी छोरा छोरीको छोरासँगै वस्ने हकवाला भएसम्म छोरीले अपुताली पाउदिनन् ।

संयुक्त राष्ट्र सङ्घको चार्टले लैङ्गिक समानतालाई मानवको मौलिक अधिकारको रुपमा स्थापना गर्ने प्रयास गरिएको थियो । समान कामका लागि समान ज्याला लागि १९५१ मा आइ.एल.ओ.गठन भयो (शर्मा २०५७)।

नेपालको संविधानले पनि महिलाहरूको लागि नेपालका संवैधानिक कानून २००४ देखि लिएर अन्तरिम संविधान २०६३ सम्म आई पुग्दा धेरै अधिकार पाएका छन् । ३३ प्रतिशत सबै ठाउँमा आरक्षण व्यवस्थाद्वारा महिलाहरुलाई अधिकार दिनु साथै आम्दानीको स्रोत मिलाइएको छ । अन्तरिम संविधान २०६३ धारा २० र २१ ले क्रमश सम्पत्ति महिला हक भनी व्यवस्था गरेको छ (ने. अ. स.२०६३) ।

## २.३ मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र र महिला अधिकार

संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्वर १९४८ मा मानब अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र जारी गऱ्यो । समग्रमा मानव जातियताका अतिरिक्त नारीहरुको समन अधिकारहरुमा विश्वास प्रकट गरेको र वृहत स्वतन्त्रताको लागि सामाजिक प्रगति एवम् वढी राम्रो जीवन स्तर सम्बर्द्धन गर्न सङ्कल्प गरेकोले भन्ने प्रतावनामा उल्लेखित वाक्यांशले (रा, मा, अ आयोग २०६६) यो घोषण पत्रले महिलको अधिकारहरुका अलावा साम्पात्तिक अधिकार बारेमा समेत विश्वको ध्यान केन्द्रित गराएको छ । उक्त घोषणासभामा जात धर्म, भाषा, राजनीति, राष्ट्रियता वा सामाजिक उत्पत्ति आदिका कारण अतिरिक्त लिङ्गको आधारमा भेदभाब गर्न नपाइने व्यवस्था गरेको छ । (धारा २) । (यू. एन.ओ.)

संयुक्त राष्ट्र संघको महास मानव अधिकार सम्बन्धी विश्वब्यापी घोषण पत्र जारी गऱ्यो । समग्र मानव जातिको अतिरिक्त नारीहरुको अधिकारहरुमा विश्वास प्रकट गरेको र वृहत स्वतन्त्रताको लागि सामाजिक प्रगति एवम् बढी राम्रो जीवन स्तर सम्वर्द्धन गर्न सङ्कल्प गरेकाले भन्ने प्रस्तावनामा उल्लेखित वाक्यांशले रा. मा. आ २०६६ पृ १) यो घोषणले महिलाको अन्य अधिकारहरुको अलावा साम्पात्तिक अधिकारको वारेमा समेत विश्वको ध्यान केन्द्रित गराएको छ ।

उक्त घोषणापत्रमा जात, धर्म, भाषा, राजनीति, राष्ट्रिय वा सामाजिक उत्पत्ति आदिका अतिरिक्त लिङ्गको आधारमा भेदभाव गर्न व्यवस्था गरेको छ । (धारा २) यसै गरी हरेक योग्यता, घर परिबार, सम्मान तथा प्रतिष्ठा, संरक्षणको अधिकार हुने व्यवस्था गरिएको छ । (धारा १२) यसरी नै उक्त घोषण पत्रमा प्रत्येक ब्यक्तीलाई एक्लै वा अरुसग मिलेर सम्पत्ति राख्ने अधिकार रहने र कसैलाई पनि जथाभावी तरिकाले ढंगले सम्पत्तिबाट वञ्चित नगरिने ब्यवस्था छ । (धारा १७) यसका अतिरिक्त समाजको सदस्यको हैसियतमा प्रत्येक ब्यक्ति सामाजिक सुरक्षको अधिकार रहने ब्यवस्थालाई प्रत्याभूत गरिएको छ । (धारा २२) यस प्रकार संयूक्त राष्ट्र संघको घोषणा र त्यस पछि हस्ताक्षरित धेरै अनुवन्दनहरुले पुरुष सरह महिलाका अन्य अधिकारका अतिरिक्त साम्पात्तिक अधिकारलाई समेत सुनिश्चित गरेको देखिन्छ । यो शोध महिलाको सम्पत्ति सम्बन्धि हक विषयमा भएकोले मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका (३० ओटा धारा मध्ये धारा २,१२, १७ ,२२,) समेटिएको छ । किन कि उपरोक्त धाराहरुले महिलाको साम्पात्तिक अधिकारलाई उठाएको छ ।

१२) व्यक्तिको योग्यता, घर परिवार, सम्मान तथा प्रतिष्ठा संरक्षणको अधिकार उपरोक्त सबै कुराहरू महिलाले पनि प्राप्त गरेको हुनाले अलवा सम्पूर्ण ठाउँमा आरक्षणको व्यवस्था भएको छ । यसबाट धेरै सुविधा पाएका छन् ।

## २.४ महिला अधिकार सम्बन्धी नेपाल पक्षबाट भएका सन्धि सम्झौताहरू

१) महिला विरुद्ध सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेप्टेम्बर ३ देखि लागु भएकको हो । यसमा ३० ओटा धारा छन् । यसलाई नेपालले सन् १९९१ अप्रिल २२ अनुमोदन गरेको थियो । (मा. अ. प्र सँ. रा मा अ २०७१: पे २७)

२) यो महासन्धिको धारा १ मा महिला विरुद्धको विभेद भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र वैवाहिक स्थिति जे जस्तो भएता पनि लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वहिस्कार वा प्रतिबन्दलाई जनाउँछ ।

३.    क)  यो महासन्धिले वेचविखन तथा वेश्यवृत्तिको लागि गरिने यौन शोषण विरुद्धको  विषयमा (धारा ६)मा उल्लेख गरिएको छ ।यसले गर्दा आफ्नो अधिकार  प्रति शजग भएका छन् ।

ख)  सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार (धारा ७)

ग)  अन्तराष्ट्रिय तहका गोष्ठी, सेमिनारमा सहभागी हुन पाउने अधिकार (धारा ८) व्यवस्था गरिएको छ ।

घ)  राष्ट्रियता सम्बन्धी अधिकार (धारा ९)

ङ)  शिक्षा, रोजगार, स्वास्थ्य, आर्थिक तथा पारिवारिक लाभको ग्रामीण महिलालाई विशेष कानूनी समनता, विबाहतथा परिवार अधिकारहरू (धारा १०, ११, १२, १३, १४, १५, १६) पेः२८,२९)उपरोक्त सबै अधिकारले गर्दा महिलाहरुलाई साम्पात्तिक अधिकार पनि पाएका छन्

४)  यो महासन्धिको धारा ७ ले महिलालाई सार्वजनिक राजनैतिक जीवनमा पुरुष सरह समान सहभागिताको अधिकार प्रदान गरेको छ । मतदान सार्वजनिक रुपमा पद धारणा, संघ संस्था र राजनैतिक सङ्गठन अन्तराष्ट्रिय सहभागी हुने ।

५)  यो महासन्धिको धारा ९ ले महिलाको राष्ट्रियताको सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

क)  पुरुष सरह राष्ट्रियता प्राप्त, परिवर्तन वा धारण गर्ने समान अधिकार ।

ख)  विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने ।

ग)  पतिको राष्ट्रियता जे भए पनि महिलालाई आपनो इच्छा अनुसार  राष्ट्रियता धारण गर्न पाउने ।

घ)  सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुष सरह महिलालाई पनि समान अधिकार ।

यो महासन्धिको धारा १० ले महिलालाई शिक्षा क्षेत्रमा पुरुष सरह निम्न अधिकार प्रदान गरेको छ :

- अध्ययन गर्ने उपाधि हासिल गर्न  पाउने, व्यवसायिक प्रशिक्षण, समान भौतिक सुविधाको शैक्षिक छात्रवृत्ति, पाउने  पढाइ छोड्नेका लागि सक्रिय गराउने, खेलकुदमा

भाग लिन पाउने, परिवार नियोजन र स्वास्थ सम्बन्धी सूचना, सल्लाह, जानकारी आदि लिन पाउने महिलाहरुलाई प्रदान गरेको छ ।

- यो महासन्धिको धारा ११ ले रोजगारमा पुरुष सरह विबाह मातृत्वका आधारमा महिला विरुद्ध हुने रोजगारिको चयन, सेवा शर्त र सुविधा तलब सहितको प्रसुति विदा गर्भवतीको कारणले पदबाट हटाउन नपाउने, गर्भवतीलाई जोखिमपूर्ण काममा लगाउन नपाउने अधिकारको व्यवस्था गरेको छ । यसमा रोजगारमा विशेष तलव सुविधा भएकोले सम्पत्ति सम्बन्धी अधिकार बलियो बनाएको छ ।
- महासन्धिको धारा ११ ले विवाह गर्ने, जीवन साथी छान्ने, सम्पत्तिमा पति पत्नि दुवैको समान अधिकार, सन्तान कति कहिले जन्माउने निर्धारण, सन्तानको संरक्षक तत्व ग्रहणको अधिकार दिएको छ ।
- यस महासन्धिको धारा १४ ले ग्रामीण महिलालाई विकास योजनाका सबै तहमा भाग लिन पाउने, स्वास्थ्य सुविधा, परिवार नियोजन को सुचना र सल्लाह, सामाजिक सुरक्षा र लाभ प्राप्त गर्ने, तालिम र शिक्षा प्राप्त गर्ने, सामुदायिक क्रियाकलापमा भाग लिन पाउने, आवास, सरसफाई, विद्युत्, यातायात, खानेपानी तथा सञ्चार सम्बन्धी व्यवस्था उपभोग गर्न पाउने अधिकार प्रदान गरेको छ । रा, मा, आ २०७१ : ३०,३१)

यसका अलावा महिलाको सम्पत्ति सम्बन्धी अधिकारका लागि स्वतन्त्रताको लागि स्वतन्त्रता अधिकार पत्र १२१५मा महिलाको सम्पत्ति को अधिकारलाई सान्दर्भिक बनाइको थियो । जसमा ६२ दफामा साम्पातिक अधिकारको विषयमा ब्याख्या गरिएको छ ।त्यसरी नै सम्पत्ति अधिमार पत्र १६२८ महिलालाई मतात्रिकार प्रदान गरेको थियो ।नागरिक अधिकार पत्र १६८९ मा सम्पतिको अधिकारले सामाजिक सम्बन्धलाई पनि संबोधन गरेको थियो जसले गर्दा सम्पत्ति लगायत अन्य अधिकारका लागि पनि निकै सजिलो बनाएको थियो । त्यस्तै गरी अमेरिकी स्वातन्त्रताको घोषणपत्र १७७६ सबै मानिस समान भएर जन्मेका हुन्छन् । जीवन स्वतन्त्रता र सुरक्षाको लागि सम्पत्तिको अधिकारको पनि उल्लेख गरिएको छ ।

फ्रान्सेली घोषण पत्र १७८९ महिलाहरुको समानता, स्वातन्त्रता, मातृत्व आदि महिलाको अधिकारको विषयमा राम्रो व्यवस्था गरिएको छ । संयुक्त राष्ट्र संघको प्रस्तावनामा नर-नारीको समानताको हक सम्बन्धी व्यवस्था गरिएको छ ।

महिलाको अधिकारका लागि भएका  सन्धि अभिसन्धि नारीको राजनैतिक अधिकार सम्बन्धी महासन्धि १९५२ यसले महिला लाई मतदान गर्ने र चुनावमा चुनाव लड्ने अधिकार प्रदान गरेको छ ।

## २.५ अन्तर्राष्ट्रिय नारी वर्ष तथा महिला विश्व सम्मेलनहरू

संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय नारी वर्ष (१९७५) र महिला दशक (१९७५ देखि १९८५) को घोषणा तथा विभिन्न महिला विश्व सम्मेलनहरूको आयोजना गरी महिलाका सामाजिक, आर्थिक, राजनैतिक तथा कानूनी मुद्दाहरूको छलफल तथा समानताको पहललाई विश्वव्यापी रुप दियो  (श्रेष्ठ र भद्रा, २०७१)।

### २.५.१ अन्तर्राष्ट्रिय नारी वर्ष

संयुक्त राष्ट्र सङ्घले सन् १९७५ लाई अन्तराष्ट्रिय नारी वर्ष भनी घोषण गर्‍यो र महिला विकासका नीति तथा रणनीतिको तथा विभिन्न कार्यक्रम गरी क्रियाकलाप गरियो । यस अवधीमा चार विश्व महिला सम्मेलन भए ।

### २.५.२ पहिलो विश्व महिला सम्मेलन

पहिलो विश्व महिला सम्मेलन पहिलो विश्व सम्मेलन मेक्सिकोको राजधानी मेक्सिको सहरमा सन् १९७५ को १९ जुन देखि २ जुलाई सम्म भयो ।

**उद्देश्यहरू**

१) लैङ्गिक विभेदको उन्मुलन र समानताको स्थापना,

२) विकासमा महिलालाई पूर्ण रुपमा सहभगिता गराउने,

३) विश्व शान्तिमा महिलाको योगदान अभिवृद्ध गर्ने, ( श्रेष्ठ,र भद्रा  २०७१)

### २.५.३ दोस्रो महिला विश्व सम्मेलन

दोस्रो विश्व महिला सम्मेलन डेनमार्कको राजधानी कोपनहेगनमा सन् १९८० को १४ देखि ३० सम्म भयो । यसले पहिलो सम्मेलनको अबलम्बन विश्व कार्य योजना गरिएको लेखाजोखा गरी लक्ष्य प्राप्तिको लागि चालिएको कदम राम्रो भएको निस्कर्ष निकाल्यो । धेरै कारणले प्राप्त गरेको कानूनी अधिकार प्रयोग गर्न असमर्थ भएको निक्यौंल पनि गऱ्यो । यसमा सम्पत्तिको स्वमित्व र नियन्त्रण, महिलाको पैतृक सम्पत्तिको अधिकार, बालबलिकाको अभिभावक बन्ने र राष्ट्रियताको अधिकार कोपेनहेगन सम्मेलनमा फेरि पनि शिक्षा र रोजगारीमा समान पहुँच पर्याप्त स्वास्थ्य सेवा समान पहूचलाई जोड दिइयो ( श्रेष्ठ, २०७१) ।

### २.५.४ तेस्रो महिला विश्व सम्मेलन

केन्याको राजधानी नैरोवीमा सन् १९८५ को १५ देखि २६ सम्म तेस्रो महिला विश्व सम्मेलन भयो यसमा महिलाको प्रगतिको लागि नैरवी अग्रगामी रणनीति पारित गऱ्यो जुन निम्नानुसार छन् :

- समानताका रणनीतिहरू
- सबैधानिक तथा कानूनी रणनीतिहरू
- समाजिक सहभागितमा समानता
- विकासका रणनीतिहरू
- रोजागर, स्वास्थ्य, शिक्षा, खद्या, पानी तथा कृषी, उद्योग, ब्यपार तथा वाणिज्य सेवा, विज्ञान प्रविधि
- सूचना तथा संचार, आवास, बसोबास, सामुद्यायिक विकस र यातायात, उर्जा, वातावरण, सामाजिक सेवाहरू
- शान्तिका रणनीतिहरू
- शान्ति प्रयासमा महिलाको सहभागिता, शान्तिका लागि शिक्षा

यिनीहरूभन्दा बाहेक विशेष सरोकारका क्षेत्रलाई सम्बोधन गर्नुपर्ने नैरोवी अग्रगामी रणनीति मा उल्लेख छ ।

सुक्खा प्रभावित क्षेत्रका महिलाहरू, सहरी गरीब महिलाहरू, वयोबृद्ध महिलाहरू युवा महिलाहरू, शोषणमा परेका महिलाहरू, वेसाहारा बेचविखन तथा नर्बरजस्ती वेश्यावृत्तिको सिकारमा परेका, पराम्परागत जीवन निर्वाहबाट वञ्चितहरू, परिवारको जिम्मेवारी एकल रुपमा धान्नु परेका महिलाहरू, शारीरिक तथा मानसिक रुपमा आसक्त महिलाहरू, फौजदारी मुद्दा लागेका तथा थुनुवामा परेका, शरणार्थी तथा विस्थापित र तिनका बालबालिका, आप्रवाशी महिलाहरू, अल्पसङ्ख्यक, तथा आदीबासी सबै महिलाहरुलाई विशेष व्यवस्था मिलाई सुविधा प्रदान गरेको छ (श्रेष्ठ र भद्रा २०७१)।

### २.५.५ चौथो महिला विश्व सम्मेलन

चौथो विश्व महिला सम्मेलन चिनको राजधानी बेइजिङमा सन् १९९५को सेप्टेम्बर ४ देखि १५ मा सम्पन्न भएको थियो । महिलाका बाह्रवटा नितान्त सरोकारहरू आबद्ध भएको बेइजिङ कार्य मञ्चमा घोषण भयो । जुन निम्नानुसार छन् :

- महिला अधिकार तथा समानताको लागि अन्तराष्ट्रिय महासन्धि तथा घोषणहरू
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (सिड) र सहस्राब्दी
- विकास लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरण लक्ष्य राखिएको छ ।

### क) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाब उन्मुलन गर्ने महासन्धी

७ नोभेम्बर १९६७ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभामा महिला विरुद्धको भेदभाव उन्मुलन गर्ने सहमति भयो तर १२ बर्ष पछि सन् १९७९ को डिसेम्बर मा राष्ट्र सङ्घले पारित गऱ्यो । १ मार्च १९८० मा हस्ताक्षको निम्ति नेपालमा महिलाको साम्पातिक अधिकार सम्वन्धि अबधारण र विकासक्रम समाजमा महिलाको सम्पत्ति सम्बन्धमा के कसरी अधिकार प्राप्त भएको छ भन्ने कुरालाई आधार मानी हेर्नुपर्दछ । यसका लागि ऐतिहासिक पृष्ठभूमिको व्यवस्था हेर्नुपर्छ । हिन्दु धर्मका प्रमुख शास्त्रीय श्रोत वेद, उपनिषद, पूराण स्मृति महाभारत, रामायण आदिको आधारमा महिलाको साम्पातिक अधिकार सम्बन्धमा केहि न

केहि व्यवस्था रहेको पाइन्छ । वेदभन्दा पहिलाको समयमा समाज नारी प्रधान भए पनि ऋगवेदकालमा आएर पुरुष प्रधान समाज हुन पुग्यो र नारीको महिमा घट्न थाल्यो । वैदिक कालमा नारीहरू विधवा भएर बस्नु पर्दैनथ्यो र सम्पत्ति सम्बन्धी अधिकारबाट बञ्चित हुनु नपर्ने जस्ता कारणबाट त्यस समय नारीका लागि महत्त्वपूर्ण भए पनि पछि आएर नारीको अवस्था दयनीय भएको पाइन्छ । (रा.मा.अ.आ., २०७१)।

७ नोभेम्बर १९६७ मा संयूक्त राष्ट्रसंघको साधारण सभामा महिला विरुद्धको भेदभाव उन्मुलन गर्ने सहमति भयो तर १२ बर्ष पछि सन् १९७९ को डिसेम्बरमा राष्ट्र संघले पारित गऱ्यो । १ मार्च १९८० मा हस्ताक्षरको निम्ति खुल्ला गरियो विधि अनुरुप २० औं सदस्य राष्ट्रबाट हस्ताक्षर हस्ताक्षरको सम्पन्न  गरियो । १९८१ सेप्टेम्वर ३ मा यो महासन्धि दर्ता भई अन्तर्राष्ट्रिय सन्धिको रुपमा कार्यान्वयनमा आयो यो सन्धिलाई सिडः महिला अधिकारको इस्तिहार भनेर पनि चिनिन्छ । यसले महिला अधिकारको संरक्षण समानताको उद्देश्य लिएको छ । सन् १९४५मा राष्ट्रले महिला र पुरुष वीच समानता र मानव अधिकारको सम्मान कायम हुनुपर्ने उल्लेख गरिएको छ ।

सन् १९४५ मा माहिलाको आर्थिक सामाजिक राजनैतिक अधिकार सुधार गर्नेको  लागी महिला आयोगको  गठन भयो । सन् १९४८ महिला अधिकारको सशक्त रुपमा विश्वब्यापी घोषणा पत्र जारी भयो ।  सन्  १९५२ मा मत अधिकार राष्ट्र संघबाट परित भयो । रोजगार छनोटको लागी अन्तर्राष्ट्रिय श्रम सङ्गठनले  सन् १९६० मा पेशागत तथा रोजगार रहेका  भेदभवलाई उन्मुलन गर्ने महासन्धि  नं. १११ पारित भयो । (रा मा अ आ २०७०)

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन गर्नेका लागी सन् १९६७मा अन्तर्राष्ट्रिय सहमति कायम भयो ।

डिसेम्वर १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (सिडः) पारित भयो र सेप्टेम्वर ३ सन् १९८१ मा सदस्य राष्ट्रहरूलाई अनुमोदनका लागी संयुक्त राष्ट्र संघले आह्वान गऱ्यो ।

यो महासन्धिलाई नेपाल सरकारले सन् १९९१ मा अप्रिल २२ का दिन सबै महासन्धिलाई प्रतिबद्धता जनाउदै विना सर्त अनुमोदन गरेको छ । यो सन्धि अनुमोदन गर्नका लागि दश बर्ष लगाउनु कारण लैङ्गिक समानताप्रति नेपाल राज्यको प्रतिवद्धता नभएर हो ।

सिडले धारा १ देखि १६ सम्म व्यवस्था गरेको महिला अधिकार निम्न प्रकार छन्

- लिङ्गका आधारमा गरिने विभेद् बहिस्कार र नियन्त्रणलाई जनाउँछ (धारा १) ।
- पक्ष राष्ट्रले आफ्ना संविधान र ऐन कानून समानाताको सिद्धान्तलाई समावेश गरी व्यवहारिक रुप दिनेछन् (धारा २) ।
- महिला र पुरुषसँग समनताको आधारमा अधिकार र मुलभुत स्वतन्त्रताको उपभोग गर्ने कुरालाई प्रप्याभूत गर्नेको लागी पक्ष राष्ट्रले राजनैतिक, सामाजिक, सांस्कृतिक सांस्कृतिक क्षेत्रमा वैधानिक कदम चाल्नेछन् (धारा ३) ।
- मातृत्वको रक्षा गर्ने उद्देश्यले पक्ष राष्ट्रले अपनाएका विशेष उपायहरूलाई भेदभाव गरिने छैन (धारा ४) ।
- लिङ्गको आधारमा छोरा र छोरीको बिचमा भेदभाव गर्ने महिला पुरुष साझा दायित्वको मान्यतालाई पारिबारिक शिक्षामा समावेश गर्ने (धारा ५) । (रा.मा.अ.आ., २०७०)
- बेचविखन तथा वेश्यावृतिको लागी गरिने यौन शोषण विरुद्धको नियन्त्रण अबदेखि राज्यको हुने छ (धारा ६) ।

महिलालाई निम्न अधिकार प्रदान गरेको छ ।

- मत दिन पाउने, निर्वाचनको योग्य हुने नीति निर्माण तहमा संलग्न हुन पाउने विभिन्न सङ्घ सङ्गठनमा सहभागी हुन पाउने अधिकार (धारा ७) ।
- यस अन्तर्गत अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व र सभा सम्मेलन गोष्ठीमा भाग लिन पाउने अधिकार (धारा ८) ।
- महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्ने र परिवर्तन गर्ने अधिकार र विदेशीसँग विवाह गरेको भएमा पतिको राष्ट्रियता स्वतः परिर्वतन कारण वंश पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने (धारा ९) ।

- पतिको जे-जस्तो राष्ट्रियता भए पनि पत्निको राष्ट्रियता उसको इच्छा अनुसार राष्ट्रियता धारण गर्न पाउने (धारा ९) मा व्यवस्था गरेको छ ।

- शिक्षा सम्बन्धी अधिकारः अध्ययन उपाधि हाशिल प्रौढ शिक्षाको पढाइ छोड्ने छात्राको लागि शिक्षामा समान रुपमा भाग लिन पाउने अधिकार पनि (धारा १०) मा उल्लेख गरेको पाइन्छ ।

- रोजगारमा समान अवसर, पेशा चयन, सेवामा सर्त र सुरक्षा, समान कामको समान ज्याला, पुरा तलब सहितको प्रसुति विदा, गर्भवति अवस्थामा पदच्युत गर्ने नपाइने, बाल स्याहारको सुविधा सम्पूर्ण अधिकार (धारा ११) व्यवस्था गरेको छ ।

- परिवार नियोजन स्वास्थ्य सेवा स्याहार तथा सेवा, विना भेदभाव पाउने र गर्भवती स्तनपानको समयमा पर्याप्त पोषणको (धारा १२ ) व्यवस्था गरिनु पर्नेछ भनी लेखिएका पाइन्छ ।

- पारिवारिक लाभको व्यवस्था, ऋण प्राप्त गर्न पाउने, बन्धकी राख्न नपाउने, आर्थिक सम्झौता तथा अनुबन्ध गर्ने पाउने, अतिरिक्त क्रियाकलापमा भाग लिन पाउने, अधिकारको व्यवस्था धारा १३ मा गरिएको छ ।

- यसरी नै यसै महासन्धिको धारा १४ मा महिलालाई विकास योजनामा सबै तहमा भाग लिन पाउने, सामाजिक सुरक्षाबाट प्रत्यक्ष लाभ लिन पाउने, तालिम र शिक्षा प्राप्त गर्ने, सामुदायिक क्रियाकलापमा भाग लिन पाउने, आवास, सरसफाइ, विद्युत, यातायात, खानेपानी तथा सञ्चार सबै उपभोग गर्ने पाउने अधिकारको व्यवस्था गरिएको छ ।

- महिलालाई पुरुष सरह देवानी मामिलामा कानुनको सक्षमता प्रदान गर्नुपर्ने र महिलालाई स्वातन्त्र हिडडुल गर्ने बसोबासको चयन गर्न साथै स्वातन्त्रता सम्बन्धी अधिकार समेत दिएको छ (धारा १५) ।

- वैवाहिक र पारिबारिक अधिकारमा जीवन साथी छान्न पाउने, वैवाहिक जीवन, सम्बन्ध विच्छेद, सम्पत्तिको स्वामित्व, सन्तानको पालनपोषण र संरक्षकत्व, पारिवारिक नाम पेसा चयन, गर्न पाउने अधिकार प्रदान गरेको छ (धारा १६) । (श्रेष्ठ, २०७०) ।

### ३.ख. बेईजिङ कार्यमञ्च

चिनको राजधानी बेइजिङमा चौथो महिला विश्व सम्मेलन महिलासँग सम्बन्धित १२ गम्भिर सरोकारका विषयमा छलफल गरी बेइजिङ कार्यमञ्च सन् १९९५ मा बेइजिङ घोषणा पत्रको रुपमा पारित गरियो । (श्रेष्ठ र भद्रा २०७१) ।

**१) महिला र गरिब**

आर्थिक नीति विकास र विकास रणनीति संशोधन गर्ने, आर्थिक श्रोतमा पहुँच र समान अधिकारको, बचत तथा ऋण संस्थाहरूमा लैङ्गिक आधारमा अनुसन्धान गर्ने, व्यवस्था गरिएको छ ।

**२) महिला र शिक्षा वा प्रशिक्षण**

महिलाको लागि शिक्षामा समान पहुँच, निरक्षरता उन्मुलन, सीपमुलक प्राविधिक शिक्षा भेदभाव रहित हुनुपर्ने, र शैक्षिक सुधारको लागि लगानी र अनुगमन गर्ने, महिला तथा बालबालिकलाई जीवनपर्यन्त शिक्षा तथा प्रशिक्षणको व्यवस्था गर्ने ।

**३) महिला र स्वास्थ्यः**

जीवन चक्र सुहाउँदो व्यय गर्न सक्ने गुणात्मक स्वास्थ्य सेवा पहुच बृद्धि गर्ने रोकथाममूलक स्वास्थ्य कार्यक्रम गर्ने, यौनजन्य सरुवा रोग सम्बोधन गर्ने, स्वास्थ्यबारे अनुसन्धान गर्ने ।

**४) महिला विरुद्ध हिंशा**

महिला विरुद्ध हिंसालाई निर्मुल गर्ने, हिंसाको मुलभूत कारण पत्ता लगाउने, बेचविखन र हिंसाबाट पीडितलाई सहयोग गर्ने र चेलिबेटी बेचविखनलाई निर्मुल पार्ने ।

### ५) महिला र सशस्त्र द्वन्द्व

द्वन्द्व समाधनको लागि महिला सहभागिता गराउने विदेशी कब्जामा परेका महिलालाई सुरक्षा गर्ने, सैनिकीकरणमा हुने खर्च कम  र हतियारको सुलभतालाई नियन्त्रण गर्ने, द्वन्द्वमा मानव अधिकार उलङ्घनको न्यूनीकरण गर्ने र हिंसा रहित द्वन्द्व समापनको प्रवर्द्धन गर्ने, शरणार्थी तथा विस्थापित महिलाहरूलाई सुरक्षा सहयोग तथा तालिम प्रदान गर्ने, उपनिवेश राज्यका महिलालाई सहयोग गर्ने, व्यवस्था मिलाएको छ ।

### ६) महिला र अर्थ व्यवस्था

रोजगारमा  पहुँच कार्यस्थलमा उचित ब्यवस्था र आर्थिक श्रोतमा नियन्त्रण गर्ने, श्रोत र समाधानको, रोजगार, ब्यापारमा समान पहुच । न्यून आय भएका ब्यवसाय सेवा, प्रशिक्षण वजार सूचना तथा प्रविधिको पहुच पुऱ्याउने । रोजगारमा भेदभावको अन्त्य गर्ने, पारिवारिक जिम्मेवारिको बहन गर्ने ।

### ७) शक्ति संरचना निर्णयमा महिला सहभागिता

शक्ति संरचना निर्णयमा महिला सहभागिताको सुनिश्चित गर्ने । नेतृत्वदायी भुमिका निर्वाह गर्नको लागि महिलाको क्षमता अभिवृद्धि गर्ने ।

### ८) महिला विकासको निम्ति संस्थागत संयन्त्र

राष्ट्रिय संयन्त्रका सबै तह तप्का र ऐन कानुनमा लैङ्गिक दृष्टिकोण समावेस गर्ने । योजना तर्जुमा तथा मुल्याङ्कनको निम्ति लैङ्गिकतामा खण्डिकृत तथ्याङ्क तथा जानकारी तयार गरी प्रचार प्रसार गर्ने ।

### ९) महिलाको मानव अधिकारको सुरक्षा

महिलाको मानव अधिकारमा सबै प्रकारका भेदभाव अन्त गर्ने महासन्धि र मानब अधिकार अक्षररस पालना  गराउने र महिलाको मानव अधिकारको सुरक्षा र प्रबर्द्धन गर्ने । कानुनी साक्षरताको प्राप्ति गर्ने ।

## १०) महिला र संचार

महिला र संचारमा महिलाको सहभागिता बढाएर नयाँ प्रविधिमा पहुँच बढाएर महिलाको सहभागिता अभिब्यक्ति तथ्य निर्णय प्रक्रियमा अभिवृद्धि गर्ने । सञ्चारको माध्यमबाट सकरात्मक छविको प्रवर्द्धन गर्ने ।

## १०) महिला र वातावरण

महिला र वातावरण सम्बन्धी निर्णय प्रक्रियामा महिलालाई सक्रिय गर्ने ।

## ११) बेइजिङ्ग सम्मेलनल

बेइजिङ्ग सम्मेलनले बालिका सम्बन्धी निम्न कुरालाई सम्बोधन गरेको छ । नाम र राष्ट्रियता, आमा-बाबुसँग बस्न पाउने, विचार प्रकट गर्ने पाउने, बोल्न पाउने अधिकार, सुरक्षा, शिक्षा र तालिम लिन पाउने, फुर्सद, आरम र सांस्कृतिक क्रियाकलाप गर्न पाउने, यौन शोषण अन्य शोषणबाट सुरक्षा पाउने प्रदान गरेको छ ।

यी क्षेत्रका बारेमा २००० को जुनमा ५ देखि ९ सम्म भएको संयुक्त राष्ट्र संघीय महासभामा विशेष सत्रमा छलफल भएको थियो । समान अधिकार हुनु पर्ने ठहर गरिएको थियो । वर्तमान समयमा नेपालमा भूमिमाथिको महिलाको स्वामित्व करिब ११% देखि २५% रहेको छ (विभिन्न ठाउँ अनुसार) । घरमाथि ६% महिलाको स्वामित्व रहेको छ । घरमुली महिला रहेको घर १५% रहेको पाइन्छ । (राष्ट्रिय कार्य योजना २०६१:१५) नेपाली महिलाहरुले गर्ने काम सरदर बाह्र घण्टा रहेको पाइन्छ । कृषी प्रधान देश नेपालमा कृषि क्षेत्र ६०% काम महिलाले नै गरेको पाइन्छ । त्यसरी नै महिलाहरुको साक्षरता प्रतिशत ३४ र पुरुष ६२ रहेको पाइन्छ ।

## *परिच्छेद- तीन*

# नेपालमा महिलाको सम्पत्तिको अधिकार सम्बन्धी अबधारणाको उत्पत्ति र विकासक्रम

### ३.१ प्राचिन काल

प्राचिन कालमा नारीलाई सर्वोपरी मानिन्थ्यो । नारीहरू घरका परिचयक एवम् धार्मिक कार्यमा पनि जिम्मेवारीको भागीदार हुन्थे । विवाहित पुराण गणेश खण्डको ४० अंशमा भनिएको छ गर्भधारण र सन्तानको पालनपोषण गर्ने हुनाले पिता भन्दा माता सय गुणा बढी आदरणीय छिन् र पुरोहित भन्दा पिता सय गुणा पिता भन्दा माता हजार गुणा गौरवशाली छिन् भनिएको छ । पुराणको गणेश खण्ड ४० लाई आधार मन्ने हो भने प्राचिन कालमा आमा (माता वा नारी लाई) पुरुषलाई भन्दा महिलालाई हजारौँ हजार बढी सम्मान गरिएको देखिन्छ । तर पछि महिलाहरूलाई बधुवा मजदुर बनाएर काममा लगाउन थालेको पाइन्छ ।

समाजमा महिलाको सम्पत्ति सम्बन्धमा के कसरी अधिकार प्राप्त भएको छ भन्ने कुरालाई आधार मानी हेर्नुपर्दछ । यसका लागी ऐतिहासिक पृष्ठभूमिको तथा प्राचिन धर्मशास्त्रको अध्ययन हुनुपर्छ । हिन्दु धर्मका प्रमुख शास्त्रीय श्रोत, वेद, उपनिषद्, पूराण स्मृति महाभारत, रामायण आदीको आधारमा महिलाको साम्पातिक अधिकार सम्बन्धमा केहि न केहि ब्यवस्था रहेको पाइन्छ । वेदभन्दा पहिलाको समय नारी प्रधान भए पनि ऋग्वेदकालमा आएर पुरुष प्रधान समाज हुन पुग्यो र नारीको महिमा घट्न थाल्यो । वैदिककालमा नारीहरू विधवा भएर बस्नु पर्दैनथ्यो र सम्पत्ति सम्बन्धी अधिकारबाट वञ्चित हुनु नपर्ने जस्ता कारणबाट त्यस समय नारीका लागी महत्वपूर्ण भए पनि पछि आएर नारीको अवस्था दयनीय भएको पाइन्छ (श्रेष्ठ,र पोखरेल २०७०) ।

सर हेनरी म्यानका अनुसार हिन्दुका विवाहिता महिलामा सम्पत्तिको त्यो अधिकार थियो जसलाई खोसी आफु खुशी गर्न पाउँदैनथ्यो । यसबाट के बुझिन्छ भने स्त्रीधन र महिलाको सम्पत्ति सम्बन्धी अवधारणाको विकास वैदिक कालमा विवाह गर्दा कन्यालाई दिइने वस्तुहरूबाट सुरु भएको पाइन्छ । प्राचिन कालमा महिलाको सम्पत्ति सम्बन्धी अधिकारलाई २ भागमा पाइन्छ (खनाल, २०६८)।

१) मिताक्षरा सम्प्रदाय

२) दायभाग सम्प्रदाय

मिताक्षरा सम्प्रदायका प्रवर्द्धक मनुका अनुसार स्त्रीधन लाई निम्न रुपमा औल्यएका छन् :

- विवाह गर्दा आगो सन्मुख दिएको धन, माइतीबाट प्राप्त धन, प्रेमीबाट प्राप्त धन, आमाबाट दिएको धन, दाजुभाइ र पिताबाट दिएको धन महिलाको सम्पत्ति मानिन्छ ।
- कौटिल्य मनु यज्ञ बल्लवले छोरीलाई अंश दिने कुराको वास्ता नै गरिएको छैन । शकरार्चायले छोरीलाई आधा अंश दिनु पर्छ पत्नि छोडी अर्की पत्नि ल्याएमा भरण पोषणको व्यवस्था गर्नुपर्ने गरेको पाइन्छ ।
- परासर ऋषिले पत्नीलाई लोग्नेको मृत्यु भएमा घर छाडेमा नपुसक जात पति भएमा अर्को पति ग्रहण गर्ने अधिकार दिएको थियो ।
- देवलको विचारमा स्त्री अंश धनका सम्बन्धमा व्यवसायबाट आर्जित धन, गहना, विवाहमा प्राप्त शुल्क यसैबाट बढेको लाभलाई स्त्री अंश धन भनिन्छ । कुनै पनि आपत नपरेको बेलामा पतिले स्त्रीधन भोग चलन गर्न पाउँदैन ।
- मनुका अनुसार बाबाआमाको मृत्यु पछि आमाको स्त्री धन दाजुभाई र अविवाहित दिदीबहिनीहरूले बराबर पाउँछन् । विवाहपछि पति वा बाबुको कुलबाट स्त्रीले पाएको धन र पतिले पत्निलाई प्रेम पूर्वक दिएको धन पति जीवितै वा पत्नि मृत्यु भएमा स्त्रीधन पतिले नपाई छोराछोरीले बराबर पाउँछन् ।
- पौराणिक हिन्दु समाजमा समान असमान वा समानता असमानता जस्ता विरोधाभाष कुराहरू बेलाबेलामा हुँदै आएको पाइन्छ । संसारका हिन्दु नारीले त्यस बेलामा पुरुष प्रधान समाज रहेको कारणले गर्दा खासै अधिकार पाएको देखिदैन (लम्साल, २०४५, पृष्ठ सं ४३) ।

## ३.२ १९१० सालको मुलुकी ऐन र महिला अधिकार

नेपालको शासन सत्तामा श्री ५ राजेन्द्र वीर वीक्रम शाहको पालामा निकै उतार चढाव आएको देखिन्छ । दरवारमा शक्ति संघर्षका फलस्वरुप राणा शासनको उदय भयो । राणा कालका प्रथम प्रधान मन्त्री जङ्गबहादुर राणाले आफ्नो पालामा शासन सत्ता सञ्चालन गर्नका लागि पहिलो पटक लिखित दस्तावेज १९१० सालमा मुलुकी ऐन जारी गरेका थिए । यदि विवाह नभएका छोरी छन् भने छोरीको लागि विवाह खर्च वापत अंशबण्डा हुँदा नै छुट्याएर राख्नु पर्ने व्यवस्था गरिएको छ । (भण्डारी र भटराई, २०७१) ।

१९१० को मुलुकी ऐन विदेशीहरूको प्रभावमा आएको थियो तर पनि यसले तत्कान कमाजलाई निर्देशित गर्ने काम गरिरहेको थियो । यसमा महिलाहरूका लागि सम्पत्तिमा केही व्यवस्था गरेको विवाहित स्वास्नीका लागि पुरक अंश र ल्याइते र रखौटीका स्वास्नीका लागि खण्डे अंश व्यवस्था गरेका थिए तर उनीहरू र उनीहरूबाट जन्मेका छोराहरूले लोग्ने वा बाबुको मृत्यु भए पछि यस्तो प्रकारको खण्डे अंश पाउने छैनन् भनी लेखिएको छ । छोरीले अपुतालीको हकमा मुलुकी ऐनमा महल २ नं. बमोजिम अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी छोरा छोरीको छोरा वा सँगै बस्ने हकवाला भएसम्म छोरीले अपुताली पाउँदैनन् ।

मुलुकी ऐन सर्वप्रथम श्री ५ सुरेन्द्र शाहको शासनकालमा वि.स.१९१० मा पौष बदी ७ रोजका दिन देखि चलिआएको हो । त्यस बखत श्री ५ सुरेन्द्रले प्राइम मिनिष्टरलाई हुकुम बक्सेर प्राइम मिनिस्टरद्वारा पहिलो मुलुकी ऐन बनाइएको थियो । त्यस कालदेखि मुलुकी ऐनमा परिवर्तन (संशोधन) हुँदै यो मुलुकी ऐन अगाडि बढेको पाइन्छ । नेपालामा राणा प्रधानमन्त्रीले बोलेको भरमा देशमा कानून चल्दथ्यो । उनीहरूले बोलेको शब्द ऐनका दफा बन्दथे । उक्त समयमा मुलुकी ऐन नाम मात्रको थियो ।

यो ऐन श्री ५ पृथ्वी वीर विक्रम शाहको पालमा पहिलो पटक संशोधन भइ वि.सं. १९४३ पौष १ देखि पुनः सक्रिय भइ वि. सं. १९४५ मा सार्वजनिक भइ प्रकाशन गरिएको थियो । यो जम्मा ५ पटक संशोधन भएको छ । त्यसैले यसलाई पाँच भागे पनि भनिन्थ्यो । यो ऐन १९४३, १९४५, १९६१, १९६७, १९६९, १९७५, १९८०, १९८४, १९९२, २००४, २००९, २०१०, २०१२ मा गरी जम्मा १३ पटक संशोधन भई लामो समय २०२० सम्म चल्यो । (भण्डारी के.पी. र भट्टराई राजेन्द्र (२०७१) मु.ऐ. ।

## ३.३ नेपालको संविधानहरूमा महिला अधिकार

नेपाल सरकारको बैधानिक कानून २००४ सालमा पुरुष र महिलाले समान रुपमा मताधिकारका समान रुपमा प्रयोग गरी शहर गाउँ पञ्चायत दुवैलाई मताधिकारको प्रयोग निर्विवाद रुपमा गर्न पाउने व्यवस्था भए पनि त्यो कानून व्यवहारमा प्रयोग हुन सकेन । वि.सं. २००७ सालको अन्तरिम शासन विधान महिला, बालबालिका र मानव अधिकार सम्बन्धी विचारलाई अगाडि सार्‍यो । २००७ सालको शासन विधानले नै र महिलालाई बराबरको परिश्रमिक दिइने व्यवस्था भएको पाइन्छ । (धारा ५)

त्यसै गरी उक्त संविधानको धारा २० (१) कोही मान्छेलाई करबलम परि विक्री वा दासदासी बनाउने पाइने छैन् भनी स्पष्टसँग व्यवस्था गरिएको छ । वि. सं.२०१५ सालको संविधानको धारा ३ ले महिलालाई पनि मौलिक हकको व्यवस्था गरेको छ । जस अन्तरगत कानुन दृष्टिमा सबै नागरिक समान र सुरक्षित हुने छन् (धारा १०) । कसैलाई पनि जात, जाति, धर्म, लिङ्ग, वर्णका आधारमा भेदभाव नगरिने व्यवस्था गरिएको देखिन्छ । त्यसैगरी धारा ३ (२) मा मानविय बिक्री, सबै नगरिकलाई विना भेदभाव सरकारी सेवामा नियूक्ति पाउने लगायत अधिकार संविधानको (धारा १३ मा) करबलमा पारी बिक्री तथा दासदासी बनाउन पूर्ण रुपमा वन्देज गर्ने व्यवस्था गरेको देखिन्छ । वि. सं.२०४६ सालको जनआन्दोलन पछि जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनमा सन्तानलाई महत्त्व दिएको पाइन्छ । संविधानको (धारा ११) मा स्पष्ट रुपमा लिङ्गका आधारमा भेदभाव नगरिने व्यवस्था गरिएको छ भने (धारा ११को ५) मा समान कामका लागि महिला पुरुषको श्रममा भेदभाव नगर्ने ग्यारेण्टी गरिएको छ । राज्यका निर्देशक सिद्धान्त र नीतिहरू अन्तर्गत (धारा २६, को ८, ९) मा बालबालिका असहाय र महिलाको हकहित, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था नीति अवलम्वन गर्ने कुराको व्यवस्था भएको पाइन्छ । त्यसै गरी महिलालाई नीति निर्माणको तह सम्म पुर्‍याउने प्रयोजनका लागि (धारा ४६ ख) प्रतिनिधि सभामा ५ प्रति समानुपातिक प्रतिनिधितिको सिद्धान्त बमोजिम एकल संक्तमणीय मतको आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने कम्तिमा ३ जना महिला सदस्य राष्ट्रिय सभामा निवचित हुने व्यवस्था गएिको छ भने (धारा ११४) मा प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक राख्न थालेको पाइन्छ तर यो अवसर पनि केहि सभ्रान्त

परिवारका पढे लेखेका महिलाले नै प्राप्त गरे जसका अभिभावक र विशेष गरेर श्रीमानहरूले सहयोगको रुपमा उनीहरूलाई अघि बढ्ने मौका दिए । जसमा दिव्य कोइराला, मंगला देवी सिंह, रेवन्त कुमारी आचार्य, योगमाया देवी, पुण्य प्रभा ढुङ्गाना, चन्द्र कान्त मल्ल आदिको नाम लिन सकिन्छ । तर यो परम्परा अद्यवधि कायम छ । वि.सं.२००४ सालमा दिव्य कोइरालको संयोजकत्वमा मजदुर हडतालको आयोजना गरिएको थियो (ओझा २०५६ पे.९)। पहिलो महिला सम्बन्धी संस्था "महिला समिति" वि.पि.कोइराला आमा दिव्यदेवी कोइरालाको सक्रियतामा सिराहाको चन्दगन्जमा स्थापना भएको थियो । यस संस्थामा ३०-४० जना सदस्यहरू आबद्ध थिए । यस गान्धीवादी संस्थाको मुल उद्देश्य गरिब महिलालाई कपडा बुन्न सिकाउनु थियो । रेबन्त कुमारी आचार्य अध्यक्षतामा महिलालाई राजनैतिक सामाजिक चेतना र राणा शासन विरुद्ध लाग्न भारतको जयनगरमा आर्दश महिला संघको स्थापना भयो (छापामा महिला २०५६, पे ४२) । यसको कार्यलय जनकपुरमा थियो जसबाट काङ्ग्रेस पार्टीको गोप्य सूचना आदन-प्रदान गरिन्थ्यो । यस संघले बाल विवाहको विरोध गर्थ्यो भने विधवा विवाहको प्रचार गर्थ्यो । मंगला देवी सिंहको अध्यक्षतामा गठन भएको नेपाल महिला सङ्घले राणाको अन्तको निम्ति बुलन्द आवाज उठाउनुको अतिरिक्त महिलाहरूको मताधिकारको निमित्त संघर्ष गरेको पाइन्छ ।

**नेपालको अन्तरिम शासन विधान २००७**

श्री ५ त्रिभुवनबाट मन्त्रीमण्डलको सल्लाह बमोजिम २००७ साल चैत २९ गतेदेखि जारी गरिएको हो । उक्त शासन विधानले भाग २ मा राज्यका नीति तथा निर्देशन सिद्धान्तहरूको व्यवस्था गर्दै मौलिक हकहरूको समेत व्यवस्था गरिएको पाइन्छ । नीति निर्देशक सिद्धान्त अन्तर्गत नारी सबै नागरिकका समान हकमा जोड दिएको थियो । भाग २ दफा १६ मा सम्पत्तिको हक सम्बन्धी व्यवस्था गरिएको जसमा सम्पत्ति आर्जन गर्ने बेचबिखन गर्ने अधिकार व्यवस्था गरिएको थियो (अन्तरिम शासन विधान २००७) ।

राज्यले धर्म, वर्ण र लिङ्कका आधारमा कुनै पनि नागरिकलाई भेदभाव नगर्ने व्यवस्था गरेको छ महिला विकास र उत्थानका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको थियो । पुरुष र महिलाको समान कामको लागि समान परिश्रमिक जस्ता समान अधिकारको व्यवस्था गरेको थियो । यो पनि प्रभावकारी रुपमा कार्यन्वयनमा आउन सकेन ।

**नेपालको संविधान २०१५**

नेपालको संविधान, २०१५ भाग ३ मौलिक हक सम्बन्धमा व्यवस्था गरिएको थियो । कानुनका दृष्टिमा सबै नागरिक समान  हुन र कानूनको प्रयोग गर्दा लिङ्ग, धर्म, जात, अन्य कुनै पनि प्रकार आधारमा भेदभाव नगरिने व्यवस्था गर्दै महिला र पुरुष बीचको विभेद नहुने भाग ३ उपधारा १ मा कानुन बमोजिम बाहेक कुनै पनि अवस्था व्यक्ति सम्पत्ति अपहरण नगरिने व्यवस्था गरेको थियो । सबै व्यक्तिहरूमा सम्पत्ति आर्जन भोग चलन बेचविखन गर्ने हक रहने छ भनी व्यवस्था गरेको तर महिलाको हकमा विशेष व्यवस्था गरिएको छैन् । (संविधान २०१५, भाग घ उपधारा १,२)

**नेपाल संविधान २०१९**

नेपाल संविधान  वि सं.२०१९ साल पौष १ गते बाट लागु गरिएको यो तत्कालिन राजा महेन्द्रले लागू गरेका हुन् । यसको भाग तीनमा  मौलिक हकको व्यवस्था गरिएको छ । कानुनका दृष्टिमा सबै नागरिक समान हुन्छन् । जात, धर्म, लिङ्गको, आधारमा कुनै पनि प्रकारको भेदभाव गरिने छैन् । महिला पुरुष बीच विभेद नहुने कुरा स्पष्टसँग लेखिएको छ । त्यसरी नै भाग तीन उपधारा (१) मा कानुन बमोजिम बाहेक अन्य कुनै पनि अवस्थामा व्यक्तिको सम्पत्ति अपहरण गर्ने पाइने छैन । सबैलाई  सम्पत्ति आर्जन गर्ने र भोगचलन बेचविखन गर्ने अधिकार रहेको छ ।

**नेपाल अधिराज्यको संविधान २०४७**

नेपाल अधिराज्यको संविधान  २०४७ को धारा ११ मा नारी र पुरुषलाई समान रुपमा राख्नका लागि समानताको अधिकारको व्यवस्था गरेको थियो । जसअनुसार उपधारा १ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ५ मा सामान्य कामका लागि महिला र पुरुषको विचमा भेदभाव गरिने छैन् भन्ने व्यवस्था गरेको थियो । सोही संविधानको धारा १७१ ले सबै नागरिकलाई प्रचलित कानुनको अधिनमा रहि सम्पत्ति आर्जन गर्ने, भोग चलन गर्ने, बेचखिन गर्ने र सम्पत्तिको कारोवार हक हुनेछ भन्ने व्यवस्था गरेको थियो । संविधानको धारा २६(७) मा

राज्यले महिलाहरूको हितका लागि शिक्षा, स्वास्थ्य तथा रोजगारी विषयमा विशेष किसिमको नीति बनाउन सक्ने व्यवस्था गरेको थियो । (ने.अ.सं २०४७ भाग ३ धारा ११, १६, २६)

## अन्तरिम संविधान २०६३

नेपालको अन्तरिम संविधान २०६३ विगतका संविधानहरूका भन्दा बढेर भाग ३ को धारा २० मा महिलाको हक सम्बन्धी व्यवस्था गरेको छ । जसले उपधारा १ मा महिला भएकै कारणबाट कुनै पनि भेदमाव गरिने छैन । उपधारा (२) मा प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भन्ने व्यवस्था छ । त्यस्तै उपधारा (३) मा कुनै पनि महिला विरुद्ध शारीरिक मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन । त्यस्ता कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै उपधारा (४) ले पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको प्रत्याभूति  गरेको  छ । यस्तै उपधारा (२१) मा सामाजिक न्यायको हकका रुपमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आवदवासी, मधेसी समुदायको उत्पीडित वर्ग गरिब किसान र मजदुरलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना मा सहभागी हुने हकको व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको भाग ४ को धारा ३५ को उपधारा (८) मा महिला वर्गका शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरि राष्ट्रिय विकासमा सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने भन्ने व्यवस्था गरेको छ । त्यस्तै उपधारा (९) मा राज्यले एकल महिला अनाथ, बालबालिका, असहाय वृद्ध, अपाङ्ग अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । त्यस्तै  उपधारा (१४) मा महिला उत्थानका लागि विशेष व्यवस्था गर्ने र उपधारा १७ मा वृद्ध अशक्त महिला तथा वेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको भाग ३ मा समानतको हकको व्यवस्था गरेको छ । धारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान कानुनको संरक्षणबाट वञ्चित नगरिने उपधारा (२) मा धर्म, जात, जाति, लिङ्ग, वर्ग उत्पत्ति

भाषा वा वैचारिक आधारमा विभेद गरिने छैन । सबैखाले पछाडि परेका र अशक्त र अपाङ्ग व्यक्तिको संरक्षण गरिने छ । उपधारा (४) मा समान कामको समान ज्याला र सुरक्षा छ ।

राजनीतिक दलले निर्वाचनका लागि मन्यता प्राप्त गर्ने दल दर्ता गराउनु पर्ने विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला समेत रहने व्यवस्था गरिएको छ । सबै राजनैतिक दलमा दल दर्ता गराउँदा वा जुन सुकै ठाउँमा सरकारी वा गैर सरकारी सबै मा ३३ प्रतिशत महिलाको उपस्थित हुनु पर्ने बाधात्मक स्थिति भए पछि महिलाहरूले धेरै अधिकार पाएका छन् ।

अन्तरिम संविधान २०६३ ले सबैखाले विभेदलाई अन्त्य गर्दै महिलालाई साम्पात्तिक विशेष अधिकारको व्यवस्था गरेको छ । यसले महिलाको लागि अरक्षण राज्यको सबै तहमा समावेशी आधारमा कम्तिमा ३३ प्रतिशत महिला सहभागी बनाउने लक्ष्य लिएको छ । साथै राजनीतिक दलहरूले पनि महिलाको साम्पात्तिक लगायतका अधिकारलाई बढावा दिने नीति घोषण पत्र मार्फत सार्वजनिक गरेका छन् । कतिपय ठाउँमा  कानूनको ज्ञानको कमिले गर्दा महिलाहरूलाई जति सुकै अधिकार पाए पनि उपभोग गर्ने पाएका छैनन् । त्यसैले ज्ञान चेतनाको फैलाई बाँझिएका वा विभेदकारी कानूनलाई समानताको भावना अनुरुप परिवर्तन र निर्माण पर्छ ।

## ३.४ पहिलो  सविधान सभाबाट पारित महिला अधिकार सम्बन्धी व्यवस्था

नेपालको इतिहासमा ०६२।०६३ सालको जन आन्दोलनको उपहार स्वरुप वि.सं.२०६४ साल चैत २८ गते संविधान सभाको निर्वाचन सम्पन्न भयो ।  करिब ५ बर्षसम्म अस्तित्वमा रहेको संविधानसभाले मुलुकलाई संविधान दिन त सकेन, तै पनि महिला अधिकार सम्बन्धमा आफ्नो स्पस्ट अबधारणा भने अगाडि ल्याएको देखिन्छ । जुन विषय पछिल्लो संविधान स्वामित्व ग्रहण गरेको छ ।

संविधानसभा राज्य पुन:संरचना र राज्यको बाँडफाँड सीमित अवधारणा र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन (२०६६) को धारा १४ मा महिलाको अधिकार मौलिक हक

सम्बन्धी भागमा रहने व्यवस्था गरिएको छ । महिलाहरूमा देहाय बमोजिम समान अधिकार पहिलो सविधानसभाबाट पारित महिला अधिकार सम्बन्धी व्यवस्था गरेको पाइन्छ ।

क) पैतृक सम्पत्ति, नगरिकता वंशज तथा परिवारिक मामिलामा पुरुष सरह समान अधिकार

ख) कानूनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार

ग) समान कामका लागि समान कामका लागि परिश्रमिक पाउने अधिकार (सं. वि. रा., पू रा.वा.स.अ.प्र.म.सं.प्र. २०६६)

घ) सम्बन्ध विच्छेद अधिकार

नेपाली समाजमा महिलाहरू अवसरबाट वञ्चित रहेको कुरा सबैका सामु जगजाएर छ । जसले गर्दा सामाजिक, आर्थिक र राजनैतिक सबै कुरामा पछाडि परेका छन् । महिलाहरूमा पनि दलित महिलाहरूको अवस्था झन् दयनीय छ (रा.मा.अ.आ. २०७०)।

नेपाली समाजमा महिलाको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक अवस्था ज्यादै दयनिय छ । त्यसमा पनि मधेशी र दलित महिलाको अवस्था दयनिय छ । पुरुषभन्दा ज्यादै तल रहेको हुँदा पुरुष सरह समान अधिकार रहनुपर्ने भएकोले पैतृक सम्पत्तिमा र नागरिकतामा वंशज तथा कानूनी दृष्टिमा ममिलामा सरह समान अधिकार समान संरक्षण लाभ प्राप्त गर्ने अधिकार समान कामका लागि समान ज्याला, सम्बन्ध विच्छेदको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिएको छ ।

उपधारा (१) मा उल्लेखित अधिकार बाहेक महिलाहरूमा देहायका अधिकार सुरक्षित छन् ।

- स्वास्थ्य तथा प्रजनन्, सुरक्षित मातृत्वको, प्रजनन् जैविक अधिकारमा सन्तान कति, कहिले, जन्माउने, जन्मिए पछि पोषणयुक्त खाने कुरा सुरक्षित मातृत्व स्तनपान आदि ।
- उपधारा (१) महिलाहरूको सामाजिक आर्थिक राजनैतिक अधिकार पुरुषको तुलनामा असमान रहनु । साथै महिला मात्र सुरक्षित रहेको कतिपय विषयहरूमा पनि उनीहरूलाई विशेष अधिकार रहेको पाइँदैन । दलित महिलाहरूको अवस्था झन् दयनिय छ ।

- सरह समान अधिकार रहनुपर्ने  भएकोले पैतिक सम्पत्तिमा र नागरिकतामा वंशज तथा कानूनी  दृष्टिमा ज्याला  संबन्ध विच्छेदको अधिकार सुनिश्च गर्ने व्यवस्था गरिएको छ ।

१)  उपधारा (१) मा उल्लेखित अधिकार बाहेक महिलाहरूमा देहायका अधिकार सुरक्षित छन् । बच्चा कहिले जन्माउने  जन्मिए पछि पोषणयुक्त खानेकुरा खान पाउने, सुरक्षित मातृत्व  र स्तानपान आदि व्यवस्था गरिएको छ ।

उपधारा (१) महिलाहरूको सामाजिक आर्थिक राजनैतिक अधिकार पुरुषको तुलनमा असमान रहनुका साथै महिला मात्र सुरक्षित रहेको कतिपय विषयहरूमा पनि उनीहरूलाई विशेष अधिकार रहेको पाइँदैन  (रा.मा.अ.आ. २०७०) ।

प्रजनन् सम्वन्धी विषय एवम् पनि दलित महिलाहरूको अबस्था झन दयनिय छ । सरह समान अधिकार रहनुपर्ने भएकोले पैतृक सम्पत्तिमा र नागरिकतामा वंशज तथा कानूनी दृष्टिमा ज्याला सम्बन्ध विच्छेदको अधिकार सुनिश्च गर्ने व्यवस्था गरिएको छ ।

२)  उपधारा (१) मा उल्लेखित अधिकार बाहेक महिलाहरूमा देहायका अधिकार सुरक्षित छन् ।

जन्माउने जन्मिए पछि पोषणयुक्त खानेकुरा सुरक्षित मातृत्व स्तानपान आदि

उपधारा (१) महिलाहरूको सामाजिक आर्थिक राजनैतिक अधिकार पुरुषको तुलनमा असमान रहनुका साथै महिला मात्र सुरक्षित रहेको कतिपय विषयहरूमा पनि उनीहरूलाई विशेष अधिकार रहेको पाइँदैन । यस अन्तर्गत प्रजनन सम्बन्धी विषय महिलाको विवाह गर्ने अधिकार सन्तान कति र कहिले जन्माउने वा नजन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार सुरक्षित गर्भपतन परिवार नियोजन अनिश्चित यौन सम्बन्ध र गर्भधारण विरुद्धको अधिकार मातृत्वको अधिकार गर्भवति प्रसुती पश्चात को समयमा स्तनपानको समय सेवामा प्रर्याप्त पोषण पाउने अधिकार रहने र ती अधिकार सुनिश्चित गर्न महिलाहरूमा प्रजनन् स्वास्थ्य र प्रजनन हक सम्बन्धी अधिकार र सुरक्षित मातृत्वको अधिकार रहने व्यवस्था गरिएको छ । (मा.अ.आ., २०७०) ।

३)	उपधारा २ का खण्ड क र ख को व्यवस्थाको लानगी नेपाल सरकारले कानुन बनाई आवश्यक पर्ने स्रोत तथा सधानको  व्यवस्था गर्ने छ ।

उपधारा २ को खण्ड क र ख मा महिलामा रहने प्रजनन सम्बन्धी र सुरक्षित मातृत्वको अधिकार सुनिश्चितता व्यवस्थाको लागि स्रोत साधनको व्यवस्था समेत हुनुपर्ने हुँदा नेपाल सरकारले त्यस्तो साधन र स्रोत व्यवस्था गर्न कानुन बनाउने व्यवस्था गरिएको छ ।

४)	उपधारा १ र २ मा उल्लेख गरिएको वा महिलाहरूलाई देहायका क्षेत्रमा निम्न लिखित विशेष अधिकार र अवसरको सुनिश्चितता गरिने छ ।

क)	राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपतिक प्रतिनिधित्वको अधिकार हुने छ ।

ख)	शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सांस्कृतिक विशेष अधिकार

ग)	नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको नीति बनाउने

उपधारा १ र २ मा  महिलाहरू अहिले सम्म पनि नीति निर्माण तहमा प्रायः पुग्न नसकेकाले त्यस्ता निकायमा उनीहरूको समावेशी सहितको समानुपतिक प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ भन्ने मान्यता रहेको र राजनैतिक तथा नीति निर्माण तहमा महिलालाई नेतृत्व गर्न अवसर प्राप्त हुन नसकेको हुँदा राज्यको पुनःसंरचना गर्दा जातिय, वर्गीय विभेदको अत्य गर्दै महिलाहरूको समस्यलाई सम्बोधन गरी राज्य संरचना सबै अङ्गहरूमा महिलाको समावेशी सहितको समानुपातिक प्रतिनिधित्व आधारमा सहभागी गराउने तथा समस्यालाई सम्बोधन गर्दै विद्यमान भेदभावको अन्त्य गरी संघीय शासन प्रणाली सहितको अग्रगामी पुनःसंरचना गर्ने सन्दर्भमा संघीय संरचनामा महिलाको हक अधिकार सम्बन्धमा विशेष व्यवस्था हुनपर्ने देखिन्छ । जसबाट महिला समुदायको उत्थान भइ विगत देखि विद्यमान विभेदहरूको अन्त्य हुनुका साथै पुरुष सरहको समान स्तरमा पुऱ्याउन मद्धत गदर्छ । त्यसका लागि राज्यका सम्पूर्ण तह र संरचनामा जनसङ्ख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार सुनिश्चित गरिनु पर्ने आवश्यकता रहेकोले यो व्यवस्था गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगार सामाजिक सुरक्षा क्षेत्रमा राज्यको नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समावेशी सहितको

समान विशेष व्यवस्थापनमा पर्ने प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिनुपर्ने आवश्यकता रहेकोले यो व्यवस्था गरिएको छ ।

५) महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधिशे आदीवासी दलित प्राप्त गरिकन उनीहरुका लागि विशेष अधिकारको पनि व्यवस्था गरिएको छ ।

## ३.५ महिला आयोगको गठन र विकास

महिला आयोगको अवधारणा सन् १९४५ मा संयुक्त राष्ट्रको स्थापना पछि महिलाको राजनैतिक, आर्थिक र मानव अधिकारको विकास लागि राजनीतिबाट अलग रहेको महिला आयोगको गठन गर्नुपर्ने अवधारणाको सुरुवात भएको छ । यसै फलस्वरुप एसियाली राष्ट्रमा ९० को दशकदेखि महिला आयोगको गठन बारे छलफल हुन थाल्यो । यसै क्रममा सन् १९९३ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली महिला संघको सम्मेलनले अन्तराष्ट्रिय स्तरका सन्धि सम्झौताहरूको कार्यान्वयन र महिलाका हक र हितका खातिर प्रत्येक राष्ट्रमा बोल्न सक्ने आयोगको स्थापना गर्नुपर्ने ठहर महिलाहरूले गरे । यसैबीच सन् १९९५ मा बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनबाट पारित प्रतिबद्धताहरूको अनुगमन र कार्यन्वयनका लागि पनि महिला अयोग अपरिहार्य ठानियो जसको गठनका लागि महिलाहरूले दबाब दिइरहे । आयोग गठनका लागि ०५७/०५८ को बजेटमा महिला हकहितका निमित्त सरकारलाई परामर्श दिने एक उच्चस्तरिय राष्ट्रिय महिला आयोग गठन गर्ने प्रतिबद्धता जनाएको थियो । फलस्वरुप २०५८ फाल्गुन २४ गते अन्तराष्ट्रिय नारी दिवसका दिन आठ सदस्यीय राष्ट्रिय महिला आयोग गठनको घोषणा भयो । वि.स २०५३ साल पौषमा यस विधेयकलाई पहिलो पटक संसद सचिवालयमा दर्ता गराएको भए तापनि यसको कार्य धेरै पछि भएको देखिन्छ । २०५३/५४ साल देखि सडकदेखि सदनसम्म होहल्ला मच्चाएको विधेयक ०५८ चैत १ गते मात्र पारित भएको छ । जसमा तल उल्लेखित कुराहरको व्यवस्था गरिएको छ । (शोध मैना २०६९)

हालसम्म सम्पन्न भएका महिला विश्व सम्मेलनबाट पारित दस्तावेजहरूमा श्री ५ को सरकारले ऐक्यबद्धता वा समर्थन जनाई सकेको भए तापनि नेपाल अधिराज्यको संविधान

२०४७ को धारा ११ मा लिङ्ग वर्ण, जात, जाति, धर्म आधारमा भेदभाव नगरिने व्यवस्था भए तापनि नागरिकता, रोजगारी, अंशबण्डा, जन्मदर्ता, गर्भपतन, पैतृक सम्पत्ति, धर्म, सांस्कृतिक लगायतका भेदभावहरू अझै पनि कानुन व्यवहारमा विद्यमान छन । यस्ता भेदभावहरू र असमान कानूनहरू खारेजी परिमार्जन तथा संशोधन गरी महिलाहरूलाई कानूनी समानता प्राप्तिको निमित्त यस महिला आयोग गठनको उद्देश्य रहेको छ । नेपाल अधिराज्यको संविधान २०४७ मा कानूनी रुपमा सबै नागरिक समान भनिए पनि व्यवहारिक रुपमा असमान पाइन्छ । जसलाई आम पीडित महिलाहरूको पक्षमा ल्यउने व्यवस्था गर्नको निम्ति सबैलाई समान शिक्षाको अवसर, समान रोजगारको अवसर अर्थोपार्जनको अवसर, अर्थोउपार्जन निमित्त प्रोत्साहन, औपचारिक वा अनौपचारिक शिक्षा, सचेतना जस्ता कार्यक्रम कार्यन्वयन गरी व्यवहारिक रुपमा पुरुष र महिला बीचको विभेदलाई न्यून गर्ने कुरीति, अन्धविश्वास हटाई सामाजिक रुपमा महिलाहरूको आफ्नै पहिचान स्थापना गरी सवल नागरिकको रुपमा उभ्याउने उद्देश्यले यस सम्बन्धी अवधारणाको विकास भयो । वास्तवमा नेपाली आम महिलाहरूको मुक्ति भनेको के हो त ? यस सम्बन्धमा विभिन्न राजनीतिक पार्टीहरूको आ-आफ्नै दृष्टिकोण र धारणा रहेको पाइन्छ । तर यस्तो छुट्टै धारण र दृष्टिकोणले आम महिलाहरूको मुक्ति सम्बन्धमा शसक्त रूपमा भुमिका पाइँदैन् । सबै नितान्त सैद्धान्तिक रुपमा मात्र उल्लेख गरेको पाइन्छ । तर पनि आम महिलाहरूको भेदभावको विरुद्धमा भएका असमान कानून ब्यवहारिक कुरीतिहरू प्रति सबै राजनैतिक पार्टीहरूले ऐक्यबद्धता जनाएको पाइँदैन् । व्यवहारिक रुपमा यो समस्या दिन प्रति दिन खट्की रहेको पाइन्छ । समाजमा महिला विरुद्धका भेदभावलाई न्यून गरी उनीहरूलाई सामाजिक रुपमा, आर्थिक रुपमा, राजनैतिक सहभागिता लगायत नीति निर्माणको तहसम्म शुरुमा आरक्षण प्याकेज कार्यक्रमको व्यवस्था गरी उनीहरूलाई आत्मविश्वास वृद्धि गर्ने वातावरण तयार नगरेसम्म वस्तवमा महिलाहरूको मुक्ति सम्भव छैन जसलाई सवल र सक्षम वनाई समाजमा समान नागरिकको हैसियत कानूनी रुपमा मात्र नभएर व्यवहारिक रुपमा प्रदान गर्ने उद्देश्यले महिला आयोग सम्बन्धी धारणाको विकास भयो ।

विधेयकले गर्भपतन नगराएका खण्डमा गर्भवति महिलाको ज्यान जोखिम पर्न सक्ने शारीरिक मानसिक रुपमा असर पर्ने वा काम लाग्नै नसक्ने अवस्थामा चिकित्सकको परामर्शमा गर्भपतन गराउन पाउने व्यवस्था गरिएको थियो । तर २०६३ को अन्तरिम संविधान ले महिलालाई इच्छानुसार गर्न पाउने अधिकार छ । यसै गरी हाडनाता करणी वा

जर्वजस्ती करणीबाट गर्भ रहेको १८ सातासम्मको गर्भलाई महिलाले आफ्नो अनिश्चित गर्भ लिङ्गभेद नगरिकन १२ हप्तासम्म फाल्न पाउने अधिकार छ ।

महिला विधेयकले करणी सम्बन्धी अपराधमा दिने सजायलाई अझ कठोर बनाएको छ जसमा नावालिका वा अन्य महिलालाई जवर्जस्ती करणी गर्ने ३ वर्ष देखि १० वर्षसम्म सजाय हुँदै अएकोमा अब ५ वर्ष १५ वर्षसम्म कैद गर्न सकिने बनाइएको छ । १० वर्ष भन्दा माथि १६ वर्ष मुनिका जवर्जस्ती गर्नेलाई ७ देखि १० सम्म कैद सजाय र सो भन्दा माथिकालाई गर्न सक्ने व्यवस्था गरिएको छ । तर कुनै महिला माथि सामुहिक जर्वजस्ती करणी वा अशक्त, अपाङ्ग गर्भवती महिलालाई जर्वस्ती करणी गर्नलाई प्रचलित कानून बमोजिम हुने कैद संजायमा थप ५ वर्षसम्म कैद गर्न सकिने बनाइएको छ । विधेयकले अप्राकृतिक मैथुनलाई समेत जर्वजस्ती करणीको रुपमा स्वीकार गर्नुका साथै यस्तो मुद्दाको बहस पैरवी र अनुसन्धानका लागि विशेष प्रक्रिया पुऱ्याउनु पर्ने कानूनी प्रवधान अगाडि सारेको छ । यस विधेयकले बालबालिका तथा बहु-विवाह गर्ने गराउने माथि समेत ३ वर्षसम्म कैद र ५ देखि २५ हजारसम्म जरिवाना गरिने व्यवस्था छ । ढाँटीछली, झुक्याई विवाह गर्ने गराउनेको हकमा महिला पुरुष जो भए पनि १० हजार रुपैयाँसम्म जरिवाना गरिने साथै सम्बन्ध विच्छेद गर्न र महिलालाई अंश भराउने व्यवस्था गरिएको छ । धर्म पुत्र वा पुत्री राख्नका लागि लोग्नेसँग अंश लिई वा मानो चामल छुट्याई छुटिई बसेको महिलाले आफ्नो छोरा छोरी नभएमा धर्मपुत्र वा धर्मपुत्र राख्न पाउने व्यवस्था गर्नु साथै पहिले एउटा मात्र छोरा हुनेले धर्मपुत्र दिन नपाउने व्यवस्था भएकोमा एउटी छोरी हुनेले पनि छोरीलाई धर्मपुत्री रुपमा दिन नपाइने व्यवस्था गरेको छ । यस्ता अधिकारका कुरामा गरिएको परिवर्तनसँगै चलन चल्तीमा रहेको पोइला गएमा भन्ने शब्दको ठाउँमा अर्को विवाह गरेमा त्यस्ता स्वास्नी मरे स्वास्नी मानिस मरेमा जस्ता शब्द राखिएको छ । यो संशोधन विधेयकले महिलालाई अधिकार मात्र होइन सम्मान पनि दिने प्रयास गरेको छ । यस पूर्व विधेयकबाट सम्बन्ध विच्छेद भयो भने न बाबुको घरको अंश पाउथे न लोग्नेको घरको अंश पाउथे वास्तवमा महिला आर्थिक कारणले सडकमा नै पुगेका हुन्थे । अहिले यो अवस्थाबाट बचाउ गरिनुका अतिरिक्त अब महिलाले पैतृक सम्पत्तिमा जन्मसिद्ध अधिकार पाउने व्यवस्था गरिएको छ । अरु उपलब्धीहरूमा आमा बाबुले छोराछोरीको स्वास्थ्य र शिक्षामा लगायत अन्य कुरामा विभेद गर्न पाइँदैन । त्यस्तै अपुतालीमा छोरीको छोरीलाई स्वास्थ्य र शिक्षामा विभेद गर्न पाइँदैन । त्यस्तै अपुतालीमा छोरा छोरी समान हक कायम हुने व्यवस्था छ ।

आमा बाबुलाई बराबर हक कायम गरी दुबैलाई बनाइएको छ । अब विधवा नारीले आफ्नो अंश लिएर बस्न पाउने व्यवस्था गरेको छ (महिला आयोग  प्रतिवेदन) । महिला आयोग स्थापना भएपछि यसको समक्ष चुनौति पनि त्यतिकै जटिल रुपमा देखिएको छ । यो आयोग वर्तमानसम्म महिलाहरूले भोग्नु परेको असमान शैक्षिक अवसर, महिला उपर हिंसा अपर्याप्त स्वास्थ्य सेवा आर्थिक संरचना महिलाको पहुँच नहुनु, महिलाहरूको उत्थानका लागि राष्ट्रिय नीतिमा प्रतिबद्धता अनुरुप कार्यान्वयन नहुनु जस्ता समस्याहरूलाई व्यवहारिक रुपमा न्यून गर्ने उद्देश्यले अभिप्रेरित भएको छ ।

## ३.६ महिला आयोग समक्ष देखापरेको चुनौतिहरू

महिला आयोग बन्नु महिलाको लागि ज्यादै राम्रो पक्ष हो । तर यसले प्रचलित ऐन कानून र मुलुकी ऐनका एघारौ संशोधन गरीकन महिलालाई अधिकार सम्पन्न बनाउन सक्छ कि सक्दैन ? यो महिला आयोग समक्ष ठुलो चुनौति बनेको छ । एकथरी महिलाहरू आयोग बन्दैमा महिलाको सारा समस्या समस्या सकिएको दावी सहित अब महिला स्वतन्त्र भएको भन्ने धारणा व्यक्त गर्दछन् भने अर्का थरी यो महिला विधेयक आत्मा नभएको शरीरजस्तो भनी दावी गर्दछन् । यो विधेयकको पारित गर्नु भनेको महिलाको आखाँमा छारो हाल्नु जस्तै हो अधिकार दिए झैं गरे पनि महिलाले पुरुषको निगरानीमा रहनुपर्छ भन्ने पुरानो सोच यो विधेयकमा प्रष्ट देखिन्छ (श्रेष्ठ, नेपाल २०५८ : २४) । वास्तवमा यो प्रजातन्त्रवादी समाजमादी र शाम्यवादी महिलको आयोग भएको सक्षम भएर कार्य गर्न सक्ला ? यसलाई हेर्न नभएर आम महिलाहरूको समस्या पहिचन गरी यसलाई निराकरण गर्नको निमित्त

प्रजातन्त्रवादी समाजवादी र साम्यवादी महिलाको संयुक्त आयोग भएको हुनाले यसले विशुद्ध महिलावादी भएर काम गर्ने भन्दा पनि राजनैतिक गतिविधिमा सरिक भएर कार्य गर्ने बढी सम्भावना देखिन्छ ।  राजनैतिक नियूक्ती भएकोले आ-आफ्नो राजनैतिक नारा लिएर हिडेको खण्डमा महिला आयोग सक्षम भएर कार्य गर्न सक्ला ? यसलाई हेर्न बाँकी नै छ। यथार्थमा आम महिला मुक्तिका लागि सबै महिलाहरू राजनैतिक दृष्टिकोणबाट संचालित नभएर आम महिलाहरूको समस्या पहिचान गरी यसलाई निराकरण गर्नको निमित प्रयासरत रहनु पर्दछ । अर्को छोरीले जन्मसिद्ध पाएको पैतृक सम्पत्तिको समान हक विहे

पछि नअपनाउने कुराले पनि महिलालाई अन्यायमा पारेको छ । महिलाहरूले पाएको अधिकारलाई कार्यान्वयनमा लैजाने र बाँकी अधिकारका लागि पुनः सघर्षरत रहनु महिलावादीहरूको चुनौति हो (मल्ल, २०५८ : २४) । महिला विधेयक वास्तवमा नहुनु मामा भन्दा कानो मामा जाति भन्ने उखान जस्तै भएको छ । तर समस्या केमा देखिन्छ भने विहे भए पछि सम्पत्ति फिर्ता गर्नु पर्छ भन्न कस्तो मानसिकता ? के विहे सम्पत्तिका लागि गरिन्छ ? सम्पत्तिमा समान अधिकार भने पछि विहेलाई किन बीचमा ल्याउनु पऱ्यो ? समाजमा अहिले सम्पत्तिको होइन सोचाइमा समस्या देखियो यसको परिवर्तन हुनु जरुरी छ (आचार्य, २०५८ : २५) । कसैको यस्तो विचार छ भने कसैको छोरी धेरै हुने लाई र गरिबको विवाह पछि अंश नभए वा थोरै भए पछि त्यो महिलालनाई झन समस्या पर्ने भएकोले यो विहे ठिक छैन् भन्नेहरू पनि धेरै छन् ।

विहेपछि छोरीलाई सम्पत्तिको भागिदार बनाइएमा जग्गा चक्लाबन्दीमा समस्या आउँछ भन्ने पनि सुनिएको छ तर यस भनाईमा कुनै सत्यता छैन् । मेची घर हुने छोरी महाकाली विहे गरेर गई भने अंशका रुपमा पाएको जग्गा के गर्ने ? भन्ने जस्ता मनगढन्ते प्रश्न जन्माइएको छ । के अंश पाए पछि सबै छोराहरूसँगै बसेका छन् र ? छोराहरू आफ्नो अनुकुल हिड्दा हुने छोरी किन नहुने ? छोरीले आफू अनुकुल पाएको सम्पत्ति प्रयोग गर्छे यसलाई टाउको दुखाई विषय बनाइनु हुदैन । यो विधेयकमा केहि राम्रा कुराहरू समेटिएका छन् तर पितृसतात्मक परिवार टुक्रिन्छ भन्ने सोच देखिएकोले अब महिलावादीले यो सोचमा परिवर्तन ल्याउने हुनु जरुरी छ (आचार्य,२०५८: २५) ।

अहिले संशोधन गरेको विधेयकले पहिलाको तुलना खासै व्यवस्था भिन्न गर्न सकेको छैन् । छोराछारीलाई दिने सम्पत्ति हक बाबुआमामा नै निहित राख्नु पर्ने थियो यसमा संशोधन गरे जस्तो देखाइयो तर विवाहपछि छोरीले आफुले पाएको सम्पत्ति माइतिलाई नै फिर्ता गर्नु पर्ने व्यवस्था गरियो । यहाँ महिलाको अधिकार स्थापित हुन सकेन । हिजो जुन रुपमा छोराले मात्र हक पाउने व्यवस्था थियो आज पनि त्यो व्यवस्थालाई कायमै राखियो । छोरीले विवाहपछि सम्पत्ति माइतिलाई नै फर्काउनु पर्ने भए पछि त्यसको कुनै अर्थ रहदैन । यस विधेयकले दाइजो प्रथालाई कम गराउने र त्यसबाट पिडित महिलालाई राहत दिन सक्ने ब्यवस्था गर्न सकेको छोराछोरी दुबै लाई सम्पत्तिमा समान अधिकार दिएको भए यो दाइजो प्रथा पनि कानूनी दायरामा आउने थियो कति ल्याउने भन्ने कुरा माइतिसँग

बार्गेनिङमा सिमित रहने थिएन । छोरीलाई पूर्ण अधिकार दिएको भए दाइजो कारण विवाह गर्ने चलन हट्ने थियो । छोरीले आफ्नो जति अधिकार त्यति नै अंश पाउथ्यो । जसको कारणबाट पीडित हुनुपर्ने थिएन । परिवारले दाइजो आधारमा दुःख दिन सक्दैन्थे किनकी उसले आफ्नो अधिकारले जति पाएको त्यति हो त्यति त ल्याएको हो भन्न पाउने अवस्था हुन्थ्यो । दाइजोको कारणबाट पिडित हुनुपर्ने थिएन । हाम्रो समाजमा स्वास्थ्य सुविधा राम्रा छैनन् । दुर्गम क्षेत्रमा राम्रो स्वास्थ्य सुविधा र चिकित्सकहरू पाइँदैनन् । गर्भपतन फुमन्तर गरेर गर्ने कुरा होइन । यो निकै जटिल प्रक्रिया हो । गर्भपतनलाई सधै भरी रोक्न सकिएको पनि थिएन । मानिसका आँफ्नै स्वास्थ्यमा सुविधाहरू प्रर्याप्त मात्रामा छन् त्यहाँ गर्भपतन स्वाभाविक हुन्छ । तर त्यसको लागि प्रर्याप्त स्वास्थ्य सुविधा तथा चिकित्सकहरू उपलब्ध भएको अस्पतालको व्यवस्था गरिनु पर्दछ । अहिलेको अवस्थामा जुनसुकै स्वास्थ्य संस्था तथा जो सुकै पनि गर्भपतन गराइदिने भएकोले मातृ मृत्यू दर को सम्भावना झन बढेर जान सक्छ (बालकृष्ण नेपाल, २०५८) ।

वास्तवमा सम्पत्तिको हक जे भए पनि आफ्नो अंश लिनको लागि व्यक्ति वालिग हुनु आवश्यक छ । त्यो छोरा होस् वा छोरी । छोरी वालिग भएर अंश लिनु पूर्व उसको विवाह गरि दिए अंश दिने फिर्ता गर्नेको बदला समाजलाई देखाएर केहि दइजोको साथमा विवाह गरि दिन पनि सक्छन् । त्यस कारण ती सोझा मान्छे र महिलाको अवस्था लाई यस महिला आयोग कसरी आफ्नो कार्य अगाडि बढाउँछ भन्ने उत्सुकता बढेको छ । यो विषमतालाई हटाउनको लागि त्यता समस्यहरू चाहि मुख्य चुनौति भएका छन् ।

अन्तरिम संविधान २०६३ ले छोराछोरी जन्म सिद्ध अंशको अधिकार दिएको छ । आमाको नामबाट नागरिकता पाउने व्यवस्था गरिएको छ । राज्यका सबै ठाउँमा सरकारी र गैरसरकारी सबै तह र तब्कामा राजनैतिक पाटिमा तल्लो तह देखि राष्ट्रिय स्तरमा ३३ प्रतिशत महिला राख्ने व्यवस्था गरिएको छ । धर्म निरपेक्षता भए पनि कतिपय मानिस त्यसको उपभोग गर्ने पाएका छैनन् । कार्यान्वयन कसरी गराउने भन्ने विषयमा लाग्नु पर्ने देखिन्छ । नभए कानून बनाउन तिर र भएका कानूनलाई पालना गराउने तिर महिला आयोग विशेष जोड दिनु पर्छ ।

यसरी आयोग सम्बन्धी व्यक्ति-व्यक्तिको भिन्दाभिन्दै धाराण अए पनि समग्रमा यो आयोग महिलाहरूको लागि खुशीको कुरा हो । आम महिलाहरू २१ औं शताब्दी पनि आर्थिक,

सामाजिक, कानूनी राजनैतिक लैङ्गिक जस्ता भेद भावहरूको चपेटामा पिल्सिन बाध्य छन् । तर पनि यस आयोग बनाउनको निमित्त सबै तह तप्काका व्यक्ति, समुह र सरकारको सहभागिता अत्यन्तै खाँचो छ । महिलाहरूमा देखिएका विभेदहरू महिला आयोगको मात्र नभएर व्यक्ति समाज सरकार राजनैतिक पार्टी सबैको साझा चुनौति हो ।

*परिच्छेद चार*

# मुलुकी ऐनमा आधारित महिलाको सम्पत्ति सम्बन्धी हकको प्रचलित कानुनी व्यवस्था

नेपालको प्रचलित कानून मुलुकी ऐन पृष्टभुमि हेर्ने हो भने यो वि. सं. १९१० मा श्री ५ सुरेन्द विक्रम शाहको पालामा बनेको हो । यो शुरु हुँदा पाँच भाग मात्र भएकोले यसलाई पाँच भागे पनि भनिन्छ । यो वि.सं.२०१२ सम्म आई पुग्दा बाह्रौं पटक संशोधन भयो । यो ऐन २०२० सम्म चलिरह्यो । राणा प्रधानमन्त्री जङ्ग बहादुरको पालामा शुरु भएको हो । नयाँ मुलुकी ऐन २०२० सालमा लागु भयो । यो पनि बाह्रौं पटक संशोधन भएर बर्तमान अबस्थामा चलि रहेको छ । यसै ऐनमा सम्पुर्ण ब्यबाहारिक न्याय सम्पादन कसरी गर्ने भनेर कानूनका सबै कुरा लेखिएको छ । यसैमा महिलाको साम्पात्तिक अधिकारको विषयमा, अन्य अधिकारको विषयमा र अन्यविभिन्न महलहरुमा के अधिकार प्रदान गरिएको छ भन्ने कुरा खोजी यहाँ प्रस्तुत गरिएको छ ।

## ४.१ स्त्री अंश धनमा महिलाको सम्पात्तिक हकको व्यवस्था

महिलाको सम्पत्ति सम्बन्धी अधिकारका विषयमा मुलुकी ऐन स्त्री अंश धनको महलले वृहत व्यवस्था गरेको छ । उक्त महलमा कन्या सधवा, विधवा स्वास्नी मानिसले आफ्नो आफ्नो चल-अचल सम्पत्ति आफुखुशी गर्न पाउँछन् । (मुलुकी ऐन १४ दफां.१ ) मा उल्लेख गरिएको छ । यसै व्यवस्थाबाट उनीहरुको साम्पात्तिक अधिकार सुरक्षित भएको देखिन्छ । यसै गरी भिन्न भएका कन्या, सधवा वा विधवाले आफनो अंश हकको चल अचल सम्पत्तिबाट आफुखशी गर्न पाउने महल १४ को नं. २मा उल्लेख गरिएको पाइन्छ । यसका अलावा आफुनो खुशी गर्ने नपाइने चल अचल सम्पत्तिबाट यस्ता स्वास्नी मानिसले

लगाएको कपाली साहुको थैली भरी भराउ हुन सक्दैन् भन्ने समेत व्यवस्था गरेको छ (नं.३) । साम्पात्तिक अधिकारको महत्व पूर्ण विषयको रुपमा रहेको दाइजो तथा पेवाको रुपमा सम्बन्धमा समेत उक्त महलले महिलाको अधिकारलाई सुरक्षित बनाएको देखिन्छ । स्वास्नी मानिसलाई माइति मावली नातेदार इष्टमित्रहरुले दिएको चल अचल र यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्ने व्यवस्था गरेको छ । यसैरी लोग्ने पट्टिका अंशियाराले सबै हंशियारहरुको मञ्जुरीको लिखित गरी दिएको र लोग्नेपट्टिका अरु नातेदार वा इष्ट मित्र दिएको चल अचल समपत्ति बढेबढाएको सम्पत्ति पेवा ठहनेछ पेवा आफुखशी गर्न पाउने कानूनी ब्यवस्था रहेको पाइन्छ । (म., १४ दफा. ४) साथै यसरी प्राप्त भएको दाइजो पेवा आफूखूशी गर्न पाउने कानूनी ब्यवस्था छ र उ मरे पछि उक्त सम्पत्ति लिखित भए बमोजिम र लिखित नभए सँगै बसेका छोरीछोरा यस्ता छोरी छोरा नभए भिन्न बसेका छोरीछोरा यस्ता पनि नभए लोग्नेले लोग्ने पनि नभए विवाह भएकी छोरी, उ पनि नभए छोरा वा अविवाहित छोरीले छोराले नाति निजहरु पनि नभए हक वालाले पाउने व्यवस्था छ (महल १४ दफा. ५) मा तर स्वास्नी मानिसले दाइजो पेवा वाहेक आफनो हक पुग्ने अरु सम्पत्ति कसैलाई अधिकार दान बक्स विक्री समेत केही व्यवहारसँग मिल्छ र जसलाई दान बक्स बिक्री गरिएको हो । उसै सित विवाह गरिन्छ भने सो लिएको सदर नहुने बरु हक पुग्नेले फिर्ता गरि लिन पाउने कानूनी ब्यवस्था छ (मु ऐ,म, १४ दफा.६) त्यसै गरी बाबु वा लोग्नेसँग लिएको सम्पत्ति महिलाले आफु खुशी गर्न पाउने व्यवस्था रहेको छ । अन्य हकहरुमा आफुले आर्जन गरेको चल अचल सम्पत्ति आफु खुशी गर्न पाउँछन् । उपरोक्त पेवा दाइजो अंश र अपुताली दान बक्स उपहारबाट पाएको सम्पत्ति विभिन्न काम गरि बढे बढाएको सम्पत्ति महिलाले आफु खुशी गर्न पाउँछिन् ।

## ४.२ अंशबण्डाको महलकमा महिलाको सम्पात्तिक हकको व्यवस्था

संसारका सबै मानिस बाँच्नका लागि वा जिवन यापन गर्नेका लागि विभिन्न कार्य गरेर सम्पत्ति आर्जन गरेका हुन्छन् । त्यसैबाट विभिन्न विनिमय गरेर आफनो जीवन चलाई रहेका हुन्छन् त्यसरी आर्जन गर्ने वा कमाउने चीजलाई नै सम्पत्ति भनिन्छ । समाज वा व्यक्ति जो बाठो टाठो बलियो छ । त्यसले नै आफनो कब्जामा राखेको हुन्छ । नेपाल एक

हिन्दु धर्म मान्ने मानिस धेरै बसोबास गर्ने देश हो । यसमा पितृसत्ताले जरो गाडेको आजसम्म पनि देख्न पाइन्छ । यो समाजलाई पुरुषहरुले नै निर्देशन गरिरहेका छन् । पुरुष प्रधान समाज भएकोले सम्पत्ति माथि पनि उनीहरुको नै कब्जा भयो । विगतका दिनमा महिलाको सम्पत्ति माथि कुनै अधिकार थिएन । तर वर्तमानमा आएर सबैको जीयजीयै अंश लाग्ने व्यवस्था गरिएको छ । (मु ऐ म १३,द. १) त विवाह गरेकाछोरीलाई अंश दिनु पर्दैन ( १, क) पहिलाको समयमा पहिलाको समयमा छोरीलाई अंश नदिई कन पेवा र दाइजो दिएर पठाउने चलन थियो तर आज भोलि छोरीको जन्मसिद्ध पैतृक सम्पत्तिमा समान अधिकार पाउँछिन् । तर विवाह गरिसकेकी छोरीलाई अंश वा अरु कुनै पनि प्रकारको सम्पत्ति दिनु पर्दैन । कसैका दाजुभाई सँगै बसेका छोरीहरुले पनि अंश पाउँछन् । म. १३द. १) कसैका सौता सौति भएमा लोग्नेको सम्पत्तिबाट कानून बमोजिम अंश पाउछन् । मु, ऐ, म १३ दफा ४) कसैको स्वास्नीले छोरीले खान लगाउन नदिएको भनी उजुर दिएमा लोग्ने बाबुले आफनो इज्जत अनुसार खान लगाउन र शिक्षा उपचार व्यवस्था गर्नुपर्छ वा अंश दिनु पर्ने कानूनी व्यवस्था छ (म, १३ दफा १० क) त्यसरी यसै महलको नं. ख मा अंश वण्डा लगाउँदा आमा बाबु सँगै बस्न चाहेको कुरा प्रष्टसँग खुलाउनु पर्छ । आमा बाबुलाई खान लगाउन नपुगे सँगै वा भिन्न बसेका छोरीछोराले इज्जत अनुसार हेरविचार गरी खान लगाउन दिनु पर्ने व्यवस्था छ । त्यसै गरी (१० को ग) मा यदि स्वास्नी मानिसले मूद्दा दिएर मुद्दाको फैसला बमोजिम अंश, रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अंश, रकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डमा दरखास्त दिएमा पक्षहरु उही रहेछन् भने अड्डले अंश, रकम वा खर्च नदिने लाई पाँच हजार जरिवना एक महिनासम्म कैद वा दुबै सजाय गरी फैसला बमोजिम यथाशाक्य छिटो अंश, रकम वा खर्च दिलाई दिनु पर्ने व्यवस्था छ । त्यसरी नै अंश लिई बेग्लै भए पछि आफनो र कोहि स्वास्नी छोराको अंश समेत मिसाईसँगै राखेको रहेछ भने पछि अरु स्वास्नी ल्यायो र छोराछोरी जन्मे भने सँगै बसेकाहरुको जिउनी जम्मा गरी सँगै बसेका र पछि स्वास्नी ल्याए पछि जन्मेका स्वास्नीको छोरालाई ऐन बमोजिम अंश दिनु पर्छ । आफनो अंश लिई बेग्लै भएपछि अर्को स्वास्नी ल्यायो वा छोरो छोरी जन्मे भने पछि ल्याए जन्मेकोले लोग्ने वा बाबुको अंश जिउनी सबै खान छोरीले पाउँछिन् भन्ने व्यवस्था गरिएको छ । (मु.ऐ.को महल १३ दफा ११ मा) । महिलाहरुलाई साम्पात्तिक अधिकार प्रदान गर्नको लागि मुलुकी ऐनको बाह्रौं संशोधानले विधवा स्वास्नी मानिसले चाहेमा आफनो अंश लिई भिन्न बस्न पाउँछन् ।

सन्तान नभएका विधवाले अर्को विवाह गरेमा निजले आफु खुशी गर्न पाउँछन् । सन्तान भएका विधवाले सन्तान नाबालक भइन, जेलसम्म शिक्षा दिक्षा र पालन पोषणको व्यवस्था सोहि सम्पत्तिबाट गर्नु पाउँछन् । उपरोक्त काम वाहेक सम्पत्ति बण्डा वा बेचविखन गर्न पाउँदिनन् । सन्तान सबालक भए पछि अंश दिए पछि विधवाले आफुले पाएको अंश आफुखुसी गर्ने पाउने व्यवस्था कानून अनुसार मिलाएको छ । (मु, ऐ म, १३ को दफा १३ )

अंश नलिएका २१ वर्ष उमेर पुगेका स्वास्नी अविवाहित छोरी विधवा बुहारी हुने मनिसको चल अचल सम्पत्ति खर्च गर्नेको लागी स्वास्नी अविवाहित छोरी विधवा बुहारीको स्वीकृत लिन पर्ने व्यवस्थाले गर्दा महिलाको स्थितिलाई सुदृढ वनाएको छ । (भण्डारी र भट्टराई) ।

## ४.३ अपुतालीमा महिलाको सम्पात्तिक हकको व्यवस्था

नेपालको कानून अनुसार अपुताली पर्दा के गर्ने भन्ने विषयमा स्पष्ट रुपमा लेखिएको छ । यदि मर्नेको मान्छेको छोरा छैनन् भने विधवा बुहारी, स्वास्नी, अविहित छोरी, अपुताली पाउँछन् । विधवा बुहारी, स्वास्नी, अविवाहित कोहि पनि नभएमा विवाहित छोरीले अपुताली पाउँछिन् । (मु, ऐ, म १६ दफा २ मा) यदि कुनै मानिसलाई कुनै पनि महिलाले पालेकी भएमा उसको मृत्यू पछि निजको अंश चल अचल सम्पत्ति पल्ने महिलाले नै पाउँछिन् हकवालाले पाउँदैनन् । (मु ऐ म १६ दफा ३)

एकै आमा पट्टीका छोरा अविाहित छोरी भएका तर अंश वण्डा भई छुट्टै बसेको आमा बाबु रहेछन् भने त्यस्तो बेलामा लोग्ने मरेमा त्यो अपुताली स्वास्नीले पाउँछिन् । अंश लिई बसेकी स्वास्नी रहेछिन् भने निज मरेमा छोरा, अविवाहित छोरी दुबै नभएमा विवाहित छोरीले पाउँछिन् । (महल १३ दफा. १०)

त्यसरी पालेको बाबुआमा, सासूससुरा वा बाजेबज्यैको अपुताली पाल्ने विवाहित छोरी, छोरीज्वाई वा नातिनातिनाले पाउँछन् । अरु हकवालाले पाउँदैनन् ।

## ४.४ लोग्नेस्वास्नीको महलमा महिलाको सम्पात्तिक हकको व्यवस्था

मुलुकी ऐनमा लोग्ने स्वास्नको महल १२ मा महिलाहरुलाई निम्न अनुसारको अधिकार प्रदान गरेको छ । यदि लोग्ने स्वास्नी सम्बन्ध विच्छेद हुने भएमा नबालकलाई आमाले पाल्दा बाबुको आफनो इज्जत अनुसार नाबालकलाई खान लगाउन शिक्षा-दिक्षा, औषधी-उपचार समेतको मनासिफ माफीको खर्च दिनु पर्छ । आमाले नपाले बाबुले त्यस्तो नाबालकलाई पालेको रहेछ भने बाबु भन्दा आमाको आम्दानी बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिदिए बमोजिम त्यस्ता स्वास्नी मानिसले नाबालक खान लगाउन शिक्षा-दिक्षा र औषधी-उपचारको खर्च व्यहोर्नु पर्छ । (म, १२ दफा ३) र त्यसरी नै सासु ससुरा समेत भई लोग्ने मात्र खान लगाउन नदिई  कुटपिट गरी दुःख दिने घरबाट निकाल गरेमा लोग्नेले अर्को स्वास्नी ल्याए वा राखेमा त्यस्ती महिलाले लोग्नेको अंशबाट आफ्नो अंश लिन पाउने व्यवस्था छ तर सासु ससुराले मात्र निकाल गरेमा इज्जत अनुसार खान लगाउन दिनु पर्छ । (महल १२ दफा ४) यसै गरी लोग्ने स्वास्नी लोग्नेको सम्बन्ध विच्छेद भएमा अदालतले उनीहरुको अंशवण्डा लगाएर मात्र छोडपत्र गरिदिनु पर्छ । यदि लोग्नेले अंश नलिएको भएमा अदालतले तायदाति माग गरी त्यो लोग्ने मानिस पाउने अंशको अन्दाज गरी वण्डा लगाई दिनु अंशवण्डा नभइन जेलसम्मको लागि त्यस्ता स्वास्नी मानिस जीविकाको लागि खर्च भराइ दिनु पर्छ । यदि त्यो स्वास्नी ले दोस्रो विवाह गरेमा सन्तान भएन भने पहिलाको सन्तानको नै हुन्छ । (म १२ दफा क) त्यसरी कुनै पनि स्वास्नी मानिसले अंश नलिइ कन लोग्नेसँग अर्चल भराई लिन चाहेमा लोग्नेको आम्दानी अनुसार वार्षिक वा मासिक अदालतले वा सम्बन्धित निकायले त्यस्ता स्वास्नी मानिस यो रकम अर्को विवाह नभएसम्मका लागि मात्र पाउँछिन् । (म.१२,दफा४,ख) तर कुनै लोग्ने मानिसको अंश लगाउने सम्पत्ति नभएमा आम्दानी खर्च भराउनु पर्छ  । श्रीमतीले अर्को विवाह नगरेसम्म लोग्नेले फैसला अनुसारको खर्च भराउनु पर्छ । (नं ४, ग)

## ४.५ करणी सम्बन्धी महल

यदि कुनै लोग्ने मानिसले कुनै स्वास्नी मानिसको अपुताली खाने उद्देश्य राखि जर्बजस्ति करणी गरेमा वा गर्न लगाएमा त्यो स्वास्नी मानिसको अपुताली खान पाउदैन । (म. १४ नं.

९) निज नै दणित हुन्छ । त्यसै गरी जर्बजस्ती करणी गरेमा अदालतले त्यस्ती महिलालाई भएको मानसिक वा शारीरिक क्षतिको  विचार गरी मनासिव ठहरिए बमोजिम क्षतिपूति कसुर दारबाट भराई दिनु पर्ने छ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्यता हेरी कसुरबाट पीडित व्यक्तिको मृत्यू भइसकेको रहेछ भने निजमा आश्रीत छोराछोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ । (मु ऐ महल १४ दफां. १० ग) आसय  करणी जुन सुकै प्रकारको करणी अप्रकृतिक मैथुन गर्न लगाउने कुनै पनि स्वास्नी मानिसको लुगा खोल्ने खोल्न लगाउने अश्लिल चित्र देखाउने हैरानी दिएमा पीडित व्यक्तिलाई कसुरदारबाट मनासिफ माफीको क्षतिपूर्ति दफा १ अनुसार भराई दिनु पर्छ । त्यस्तै  दफा २ मा आफु वा अरुसँग  गैर कानुनी तवरले करणी गर्न स्वास्नी मानिसलाई फकाउने र वेश्यगमनको लागि सम्पर्क र व्यवस्था गरी दिनेलाई ६ महिलादेखि २ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्छ ।

## ४.६ विहेवारीको महल १७ मा

नेपालको मुलुकी ऐन २०२० बाह्रौ संशोधन महलको १७ को नं. २ मा यदि १० नपुगेको बालिकाको विवाह गरेमा एक हजारदेखि दश हजारसम्म जरिवाना तीन वर्षसम्म कैद हुने व्यवस्था रहेको छ । त्यसरी नै १४ वर्षभन्दा माथिका १८ सम्मको स्वास्नी मानिसको विहे गरेमा  विवाह गरमा एक देखि दश हजारसम्म जरिवाना र ६ महिना देखि एक सम्म कैद दुबै सजाय हुन सक्छ त्यस्तै १० उमेर पुगेका १४ वर्ष पुगेका एक वर्ष कैद दश हजार जरिवाना व्यवस्था गरेको छ । यस्तो दण्डित सम्पत्ति महिलालाई नै उपलब्ध गराउने व्यवस्था छ । (मु.ऐ. महल १७, दफा. ८, भण्डारी., भट्टराई)

बढाएको साम्पात्तिक दाइजो ठहर्छ । लोग्ने वा लोग्नेपट्टीका अंशियारले सबै अंशियारहरूको मञ्जुरीको लिखत गरी दिएको र लोग्नेपट्टीका अरू नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति पेवा ठर्हछ ।

५ नं.  स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफू खुश गर्न पाउँछन् । ऊ मरेपछि यसले खानु भनी लिखत गरी दिएको रहेछ भने लिखतै बमोजिम हुन्छ । लिखत रहेनछ भने

सँग बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले, त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहित छोरीले र निजहरू पनि नभए हकवालाले पाउँछन् ।

७ नं. स्वास्नीमानिसले दाइजो पेवा बाहेक आफ्नो हक पुग्ने अरू सम्पत्ति कसैलाई अघिबाट दान बकस बिक्री समेत केही व्यहोरासँग दिइछ र जसलाई दान बकस बिक्री गरिदिएको हो उसैसित विवाह गरिछ भने सो दिई लिएको सदर हुँदैन । हक पुग्नेले फिर्ता गरिलिन पाउँछ । लोग्ने स्वास्नी वीच सम्बन्ध विच्छेद हुदा स्वास्नीले अंश सम्पत्ति नचाहि संबन्ध विच्छेद मात्रै गर्न चहेको अवस्थामा बाहेक अंश सम्पत्ति लिई सम्बन्ध विच्छेद गर्न सकिन्छ । त्यस्तो सम्पत्ति निजको हक हुन्छ ।

## ४.७ दान बकसको महल

नेपालको प्रचलित कानुन मुलुकी ऐनमा दान बकसको दफा १ मा आफ्नो हक सम्पत्ति दान बक्स दिन पाउने व्यवस्था छ । दान बक्स हिन्दु पम्मपरा अनुसार महिलाहरुलाई नै दान बक्स दिने चलन भएकोले यो महिलाहरुले प्राप्त गर्ने सम्पात्ति भित्र पर्दछ । त्यसै गरी दफा २ मा दान बक्स दिदा २१ वर्ष उमेर पुगेका छोरी बुहारी र छोरालाइ समेतको मञ्जुरी लिनु पर्दछ ।

## ४.८ रजिस्ट्रेशनको महल

महिलाहरुलाई साम्पात्तिक अधिकार दिनको लागि सरकारले घर जग्गाको मालिक बनाउनको लागि घर जग्गा रजिस्ट्रेसन विगतमा दस्तुरमा ५ प्रतिशत छुट दिने चलन थियो भने हालका दिनमा आएर २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छ । त्यसले गर्दा महिलाहरुको नाममा घर जग्गा बढेको पाइन्छ । महिलाहरुको सम्पत्तिमा पहूच बढेको छ ।

## ४.९ लेनदेनको महल

महिलाको साम्पातिक अधिकारको कुरा गनु पर्दा लेनदेन कारोबारबाट पनि सम्पत्ति प्राप्त हुन्छ । मञ्जुरी सहमतिमा आधाभन्दा वढी सम्पत्ति वेचेमा उमेर पुगेका २१ वर्ष भन्दा माथि अंशियाराले १ वर्ष भित्र मुदा गरि आफ्नो भाग फिर्ता लिई सम्पत्ति पाप्त गर्न सक्छन् । त्यसैले ती परिवारलाई निर्णय निर्माणमा महिला सहमतिलाई आत्मसाथ गरिएको छ ।

## ४.१० धर्म पुत्रीको महल

नेपालमा पनि धर्म पुत्रपुत्री राख्ने चलन छ । धर्मपुत्रीले पनि छोरी सरह समान अधिकार पाउने हुनाले धर्म पुत्रीले पनि छोरी सरह अंश पाउछन् लेनदेनबाट पाउने सम्पत्ति र दाइजो पेवा सबै साम्पात्तिक अधिकार धर्म पुत्रीले पनि पाउँछिन् ।

## *परिच्छेद पाँच*

# निष्कर्ष

## ५.२ निष्कर्ष

समाजमा रहेका महिला पुरुष मानव विकासक्रममा दुबै एक रथका दुई पाङ्ग्रा हुन भनी स्वीकार गरिए पनि व्यवहारमा समानता देखिदैन त्यसैले होला आजको एकाइसौ शताब्दीमा आएर पनि हाम्रो देश नेपाल अन्य देशको तुलनामा प्रकृतिरुपमा सम्पन्न भएर पनि निकै पछाडी परेको छ । कुनैपनि देश विकाश नारी पुरुष दुबैको समान सहभागिता र योगदान हुने तथ्यहरूलाई हृदयङ्गम गरी नारीहरूलाई अधिकारबाट बञ्चित गर्नु हुँदैन भन्ने तथ्यलाई विश्लेषण गरी राम्ररी बुझेको देखिन्छ । यसैले गर्दा महिलाको साम्पतिक हक र अन्य सबै अधिकार दिइ देश विकासको मुल प्रवाहमा ल्याउनु परेको छ । तर हाम्रो देशमा त्यसको ठीक उल्टो महिलालाई अधिकार दिए जस्तो गरेर राखिन्छ त्यसै हुनाले कानुन भएको ऐन नियमको पालना गरिनु पर्दछ ।

सुरुमा महिलालाई सबै अधिकारबाट वञ्चित गरिए पनि अब प्रत्येक देश र समाजमा नारी र पुरुष बीच सुमधुर सम्बन्ध स्थापित गर्न उनीहरूलाई समान अधिकार दिनुपर्छ भन्ने मान्यताका साथ विभिन्न अन्तर्राष्ट्रिय प्रयास भएकोले मानव अधिकार विश्वव्यापी घोषणापत्रले प्रत्येक व्यक्तिलाई एक्लै र अरुसँग मिलेर सम्पत्ति राख्न पाउने अधिकार र कुनै पनि व्यक्तिको सम्पत्ति मनोमनी तरिकाले अपहरण गर्न नसकिने मान्यतालाई आत्मसात् गरी सम्पत्तिको अधिकारलाई पनि मानव अधिकारको सूचीमा राखियो । व्यक्तिको अधिकार सम्बन्धी फ्रेन्च घोषणपत्र पनि सम्पत्ति पवित्र अतुलनीय अधिकार हो । जसलाई सार्वजनिक आवश्यकताको निमिक्त उचित क्षतिपूर्ति नदिइ अपहरण गर्न पाइने नपाइने व्यवस्था गरेको छ । त्यस्तै मानव अधिकारको अमेरिकी सन्धि अन्तर्गत मानव अधिकारको संरक्षण १९६९, मानव अधिकारको विश्वब्यापी घोषणपत्र १९४८, महिला विकास सम्बन्धी बेइजिङ घोषणापत्र १९९५, आदीले समेतलाई आधार मानी नीति नियम तथा कानूनमा सुधार गरी

महिला विरुद्ध भएका विभेदहरू हटाउनको लागि प्रयास भएका र हुँदै आएका छन् । उपरोक्त घोषणापत्र सन्धि र अभिसन्धि अक्षरस पालना गरिनु पर्छ ।

हिन्दु धर्म मान्ने देश नेपालमा प्राचीन समयमा नारीहरूको स्थिति राम्रो थियो तर पछि मनुस्मृति, यज्ञवलल्यकम स्मृति आदिमा महिलाको अधिकारलाई कुण्ठित पार्दै सम्पूर्ण अधिकार खोसी पुरुषहरूलाई मात्र मान्छे बनाइयो र महिलाहरूलाई पिंजडाको सुगा जस्तै बनाएर राखे । हिन्दु धर्माबलम्बीहरुले सतिप्रथा विधवा विवाहमा रोक विधवालाई कम अंश दिने शुभकार्यमा जन नदिने पुरुषहरूसँग बोल्न नदिने आदि महिलालाई मौलिक हकबाट वञ्चित गराउने कामको सृजना भएको पाइन्छ त्यसलाई व्यवहारिक रुपमा पनि कार्यान्वयन गरिनु पर्दछ । वि. सं. १९१० सालमा नेपालमा मुलुकी ऐन जारी भए पछि लिखित कानुनको माध्यमबाट हक अधिकार बारेमा ब्यवस्था गरे त्यो अपूर्ण थियो । नेपालमा भएका कुसंस्कार तथा विभिन्न धार्मिक संस्कार समेतले महिलाको साम्पात्तिक अधिकारलाई नियन्त्रण गर्ने प्रयास समेत भएको पाइन्छ । पितृसत्तात्मक समाज भएको कारण गर्दा सम्पत्ति र अन्य सबै अधिकार वञ्चित गराएको पाइन्छ र कानुन पालना हुनु पर्दछ ।

२००७ सालको अन्तरिम संविधान नै महिला वर्गलाई पुरुष सरह अधिकार सम्पन्न गर्ने कामको थालनी गऱ्यो । नागरिक अधिकार ऐन २०१२ ले कानूनको अगाडि समानता कानुन समान संरक्षणको हक एवम् जाति धर्म लिङ्गको आधारमा भेदभाव नगर्निरने हक समाहित गरी महिलालाई भेदभाव रहित अधिकार उपयोग गर्ने अवसर प्रदान गरिएको थियो । २०१५ सालको नेपाल अधिराज्यको संविधानले महिलालाई समान अधिकार दिएको थियो भने २०१९ को संविधानले मैलिक हक अन्तर्गत समानताको अधिकार प्रत्याभूत गरेको थियो । २०४७ सालको संविधानको मौलिक हकमा समानताको अधिकार प्रत्याभूत गरि कुनै वर्ग, लिङ्ग, जाति, धर्म जस्ता आधारमा भेदभाव नगर्ने प्रत्याभूत गरिएको थियो । साथै महिला बालक अशक्त वा आर्थिक वा सामाजिक दृष्टिले पीछडिएका वर्गको संरक्षण एवम् विकासका लागि कानुनद्वारा विशेष ब्यवस्था गर्न सक्ने ब्यवस्था गरेको थियो । मुलुकी ऐन २०२० एघारौ संशोधन पछि नेपाली महिलाहरूको स्थिति सुदृढ भए पनि लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐनले मुलुकी ऐनको धेरैजसो महलमा भएका विभेदहरूलाई हटाई महिलाहरूलाई पुरुषको दाँजोमा पुऱ्याउने कार्य गरेको छ ।

अन्तरिम संविधान २०६३ले विभेदलाई अन्त्य गर्दै महिलाहरूलाई साम्पात्तिक लगायतका अन्य अधिकारको विशेष ब्यवस्था गरेको पाइन्छ । यसले नारीहरूको लागि आरक्षण राज्यका सबै समावेसी आधारमा कम्तीमा ३३प्रतिशत महिला सहभागी गराउनु लक्ष्य लिएको पाइन्छ । यो महिलाहरूको लागि राम्रो कदम हो साथै राजनीतिक दलले पनि महिलाको साम्पात्तिक लगायतका अधिकारलाई बढावा दिने नीति घोषणापत्र मार्फत् सार्वजनिक गरेका छन्, त्यो प्रतिवद्धता निकै सह्रानीय कदम मान्नु पर्दछ । जतिसुकै अधिकार कुरा घोषणपत्रमा लेखिए पनि कानूनको ज्ञानको कमीले परम्परागत धारणले महिलाहरूले यसको उपभोग गर्न पाएका छैनन् । महिलाहरूको साम्पात्तिक अधिकारलाई कुण्ठित गराउने काम हाम्रो समाजमा रहेको कुसंस्कार तथा कुप्रचलन गर्दा लागू हुन सकेको छैन । यस्तो कार्यलाई निरुत्साहित पार्न शिक्षा एवम् चेतना जागृत गरी महिलालाई आफ्नो हक अधिकार निम्ति सजग बनाउनु पर्दछ साथै बाझिएका वा विभेदकारी कानुनलाई समानताको भावना अनुरुप परिवर्तन गरी नयाँ कानून निर्माण गर्नु पर्दछ ।

हाम्रो सामाजिक परिवेसमा ऐतिहासिक परम्परा आर्थिक पर निर्भरता जस्ता कारणले महिलाहरूले पुरुष सरह अधिकार उपभोग गर्न नपाएकोले समाजमा भएका प्रतिकुल असर पर्ने खालको परम्परा सामाजिक रीतिरिवाज मुल्य मान्यता बदली राम्रा मान्यता राखि नराम्रा बदल्नु आबश्यक छ । विगत महिला अवस्था भन्दा आजका महिलाहरूको अवस्था राम्रो भएको छ । तर पनि अपुरो नै देखिन्छ । अतः नेपाली महिलाले आफुलाई प्राप्त भएको संवैधानिक अधिकार उपभोग गरी आफ्नो सहभागिता राज्यका सबै तह तप्कामा लिई राष्ट्रिय विकासमा लगाउन सक्रिय र सचेत हुनुपर्ने दायित्व आजका महिलाहरूमा हुनु आवश्यक देखिन्छ । महिलाको अधिकार केवल पुरुष वर्ग विरुद्ध नभई सम्पूर्ण समाजकै हितको लागि हो भन्ने कुरा समाजका तल्लो तहदेखि उपल्लो वर्गका सबैलाई राम्रोसँग बुझाउन सक्नु पर्दछ । यसरी नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन प्रमाणित गर्दै समाज र राष्ट्र विकासमा आफ्नो अधिकार लिँदै दायित्व पुरा गर्दै देश विकासमा टेवा पुऱ्याउनु पर्दछ । महिलाहरूले अनि मात्र हाम्रो देशमा केहि गर्न सकिन्छ । यसका लागि महिलाहरू आस्थाभन्दा माथि उठेर एक हुनु जरुरी छ ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययनमा नेपाली महिलाहरूको समस्याका विषयमा उल्लेख गरिएको छ । जसलाई समाधन नगरेसम्म देश विकास र अन्य अधिकार आधुनिक मानिस भन्न पनि मिल्दैन । समाधानका लागि निम्नानुसार कार्य गर्नुपर्छ ।

१) महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको धारा १७ मा भए अनुसार महिला विरुद्ध हुने घरेलु हिंसा समितिले दिएको घरेलु हिंसा उन्मुलन गर्ने सुझाव तथा सिफारिस लागू गरी महिला विरुद्ध हुने हिंसाको अन्त्य गरिनु पर्छ ।

२) महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि महिलाहरू सक्षम र स्वाबलम्बी बनाउनु पर्छ । यसका लागि राज्यले विशेष किसिमको नीति निर्माण गर्नुपर्दछ । महिलाहरू सक्षम जागरुक र शिक्षित हुनु आवश्यक छ । जसका लागि महिलाहरूलाई उचित शिक्षा कानूनी उपचारको व्यवस्था गरिनुपर्दछ ।

३) चेलीबेटी बेचविखन प्रमुख अपराधको रुपमा छ । यसलाई निरुत्साहित पार्नको लागि व्यापक जनचेतना अभिबृद्धि गर्नुपर्छ । मानव बेचविखन कार्यमा लाग्नेलाई यो एउटा गम्भीर अपराध हो भन्ने भावना जगाउनु र वर्तमान कानुनलाई संशोधन गरी आजिवन कारावास नीति राज्यले बनाउनु पर्छ ।

४) आर्थिक समस्याले गर्दा नै मानिसहरू कानूनी एवम् गैर कानूनी सबै किसिमका मार्गहरू अख्तियारी मान्छेले गर्दछ । यस्ता कार्य नियन्त्रणको लागि राज्यले विशेष किसिमको व्यवस्था मिलाउनु पर्छ । यसका लागि राज्यले विभिन्न प्रकारका स्वाबलम्बी कार्यक्रम महिलाहरूलाई आर्थिक रुपमा सक्षम सबल बनाउनु पर्दछ । योग्यता तथा दक्षता भएका व्यक्तिका लागि विशेष अवसर जुटाई दिनु पर्दछ ।

५) संविधान सभा चुनाव अगाडि राजनीतिक दलले प्रतिबद्धता घोषणापत्र मार्फत् गरेका हुन्छन् । त्यसलाई उनीहरूले सरकारमा वा विपक्षमा त्यसलाई लागू गर्नु पर्दछ । महिलालाई राजनैतिक अधिकार प्रदान सविधानमा भएको आरक्षणलाई कडाईका साथ लागू गरिनु पर्दछ । सरकार, संसद, न्यायालय, निजामति प्रसाशन, सुरक्षा अङ्ग सबैमा महिलालाई आधा स्थान दिने व्यवस्था हुनु पर्दछ ।

६) महिलाको स्वास्थ्य समस्यमा मातृ मृत्यु दर बढी छ पुरुषको तुलनामा त्यसैले सरकारले स्वास्थ्य समस्यालाई दृष्टिगत गरी जनचेतना जगाउने काम गर्दै मातृ मृत्यु दर घटाउने र अन्य स्वास्थ्य समस्यलाई पनि समाधन गर्नको लागी केन्द्रित भई विभिन्न कार्याक्रमहरू सरकारी एवम् गैर सरकारी क्षेत्रबाट विशेष स्वास्थ्य नीति लागू गरी लाभान्वित पुराउनु पर्दछ ।

७) धर्मका नाममा महिलालाई माथि भएका शोषण देउकी, झुमा, बोक्सी, विधवालाई समाजले लगाउने अलच्छिनी आदि नामले पुकारी दुःख दिने काम भई रहेकोले राज्यले नीति बनाई कडाईकासाथ लागु गरी त्यस्ता प्रथाको अन्त गरीनु पर्दछ ।

८) जहाँ जता पनि पुरुष नै प्रमुख रहने ब्यवस्थाको अन्त्य गरी समान रुपमा प्रमुखको हैसियत प्रदान गरिनु पर्दछ । जस्तै घरमुलीको नाममा महिलाको नाम राख्नु पर्ने विभिन्न सरकारी र अन्य कागजपत्रहरूमा आमा बाबा दुबैको नाम राख्नु पर्ने नीति निर्माण तहमा महिलाहरूको प्रतिनिधित्व जनसंख्याका लागि आम संचारका माध्यम सञ्चालन गरी स्वास्थ्य शिक्षा कानुन अन्य विभिन्ने आधारमा गरिनु पर्दछ ।

९) महिलाहरूको चेतनाको बृद्धि गराउनको महिला हक अधिकार र दायित्व अवसरहरूको बारेमा कार्याक्रम सञ्चालन गरेर दुरदराज गाउँमा जन चेतना फैलाउने सरकारले गर्नुपर्दछ ।

१०) महिला र पुरुष विचमा भएका विभेदकारी परस्परमा बाझिने कानुनलाई अन्त्य गर्दै समानताको आधार कानुन लागू गरिनु पर्दछ ।

११) महिलाहरूको क्षमता योग्यता दक्षता बृद्धि जस्ता कार्यक्रमहरूको निर्माण तल्लो तहदेखि केन्द्रसम्म लागू गर्नुपर्दछ ।

१२) महिलाको वास्तविक समानतालाई गति दिनका लागि विद्यमान व्यवस्थाहरू सहयोग गर्न वा वाधा पुऱ्याउने तत्वको पहिचान गर्नुपर्ने गसको लागि प्रभावकारी संयन्त्रको विकास गरिनु पर्दछ । यसको लागि राष्ट्रिय महिला आयोगलाई प्रभावकारी रुपमा परिचालन गरिनुपर्दछ ।

१३) महिलाहरूलाई साम्पात्तिक अधिकार प्रदान गर्नका लागि विशेषज्ञ महिलाहरू नेतृत्वमा आयोग गठन गर्ने र समस्याको पहिचान गरी कानुन निर्माण बनाई कार्यान्वयन पक्षमा संचार माध्यमलाई प्रयोग गरी तल्लो तहसम्म कार्यान्वयन गराउनु पर्छ ।

१४) हिन्दु समाजमा नारीहरूको स्थान बराबरी मात्र नभइकन पुरुषको लागि आर्दश र प्रेरणाका स्रोत थिए तर हिजो आजका दिनमा भएको त्यो उच्च आर्दश विकृति हुदै जाँदा महिलाहरू पिंजडाको सुँगा जस्तै बन्न पुगे ।

१५) महिलाको साम्पात्तिक अधिकार भन्नाले मुर्त र अमुर्त दुबै खाले सम्पत्ति पर्दछन् । मुर्त भन्नाले घर जग्गा र अमुर्त भन्नाले टेडमार्क कपिराइट फैसला बमोजिम भरिपाउने ठहरेको रकम, सम्पत्तिमा पर्दछन् ।

१६) नेपाली महिलाहरू धर्म परम्परा रुढीवादी आदिले गर्दा धेरै नै पछाडि परेकोले नेपालको आर्थिक विकासले द्रुतता पाउन  नसक्नुको कारण महिलाहरू विकासमा सक्रिय सहभागिता नहुनुले हो ।

१७) नेपालको अन्तरिम संविधानमा विभेद नगरि समान अधिकार प्रदान गरी ३३ प्रतिशत आरक्षणको व्यवस्था गएिको छ । तर सुरक्षा, प्रशासन, निकायमा (१२-८) प्रतिशत मात्र सहभागी हुन पाएका छन् ।राजनितिमा ३२.८ प्रतिशत छन्।

१८) महिला सम्पत्ति र अन्य अधिकार विषयमा वि.सं.२००७ साल पछि मात्र केहि चेतना आउन थाल्यो । जब नेपाल महिला संघ बनेपछि महिला हक हितका संरक्षण गर्ने प्रमुख संस्था  बन्न पुग्यो ।

१९) नेपाली महिलालाई पुरुष सरह अधिकार दिनुपर्छ भन्ने धारणा  आन्तरिम संविधान २००७ सालबाट सुरु भएको पाइन्छ । बेलाबेलामा समानता र आरक्षणका कुरा उठे पनि कानुनमा निर्माण गरिएन महिलाहरू पछाडि नै परिरहे कानुनको पालनाको विशेष ध्यान दिनु पर्यो ।

२०) संयुत राष्ट्रसंघ अन्य गैर सरकारी संस्थाले महिलाको सम्पत्ति र अन्य अधिकार सम्पन्न बनाउने कुरा गरे पनि अभिसन्धि घोषणपत्र र कार्यक्रम पारित गरि

राष्ट्रसंघले महिलाको हक अधिकारमा आर्थिक सामाजिक नीति र कानून निर्माण गरेको छ त्यसलाई नेपालमा पनि लागू गर्नु पर्दछ ।

२१) राज्यको नीति निर्माण भएकाले नीति बनाए पनि लागू नगरेको पाइन्छ । जस्तै सामाजिक सुधार ऐन २०३३ बनाए पनि त्यस अनुसार काम भएको पाइँदैन । महिला र पुरुष विचको विभेद हटाउनको लागि कानून कागजमा मात्र सीमित रहे त्यसले गर्दा नेपाली महिलाहरु पछाडि परको छन् कानून कार्यन्वयन गर्नु पऱ्यो ।

२२) राज्यले कानुन बनाएर लागू नगरी दिएकोले पुरुषको निगाहमा नै महिलाहरू बाँच्न बाध्य हुनु परेको पाइन्छ । त्यसैले गर्दा आर्थिक सामाजिक राजनैतिक सबै कुरामा पछाडि परेको छिटो लागू गरि दिनुपऱ्यो ।

२३) महिलाहरूको सम्पत्ति र अन्य अधिकारको रक्षा एवम् प्रबदर्धनका लागि सर्वोच्च अदालतको विशेष भुमिका रहेको पाइयो ।

२४) संविधन सभा २०६४ र २०७० का घोषणपत्रमा राजनैतिक दलले सम्पत्ति लगायत धेरै हक अधिकार रक्षाका लागी प्रतिबद्धता जनाए जुन लागू भएमा महिलाको स्थितिमा व्यापक सुधार आउने देखिन्छ ।

२५) मुलुकी ऐनको एघारौ र बाऱ्हौ संशोधन अन्तरिम संविधान २०६३ जारी भएपछि महिलाको सम्पत्ति लगायत अन्य हक अधिकार अझ बढी सुदृढ हुने पाइयो । तर जति हुनुपर्ने हो त्यति नभएकोले कडाइका लागू गर्नु पर्दछ ।

२६) आफ्नो हक अधिकार दायित्वप्रति महिलाहरू सचेत नभएको र महिलाहरूमा शिक्षा चेतनाको स्तर कमी र संचार माध्यमले पनि महिलाहरूलाई हक अधिकार र दायित्व विषयमा बोध गराउन नसकेकोले उक्त कुरालाई ध्यान दिनु पऱ्यो ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६८), *लैङ्गिक अध्ययन* (दोस्रो संस्करण), काठमाडौंः नेशनल वुक्स सेन्टर ।

ओझा, घननाथ (२०५८), *नेपालमा महिला,* काठमाडौंः पौरवी वुक्स एण्ड स्टेसनरी ।

अमेरिकी, स्वातन्त्रता घोषण पत्र १७७३

ऐगेल्स फ्रडरिक (२०५६), *पारिवारिक निजी स्वामित्व र राज्यको उत्पत्ति,* काठमाडौंः प्रगति प्रकाशन ।

चालिसे, चक्रपानी (२०३७), *मनुस्मृती,* काठमाडौंः नेपाल भाषा प्रकाशन समिति ।

जोशी, द्वारिकामान (२०५३), *सम्पात्तिक अधिकारको संवैधानिकताः* संविधान सम्बन्धी लेखकहरूको सङ्गालो, काठमाडौंः राजनीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिराम (२०३०), *नेपालको प्राचिन अभिलेख,* काठमाडौंः राजनीय प्रज्ञा प्रतिष्ठान ।

थपलिया, शान्ता (२०४५), *पारिवारिक कानून,* काठमाडौंः काठमाडौं पुस्तक भण्डार ।

थापा, मञ्जु (२०५७), सञ्चारमा नियाल्दा महिला, काठमाडौंः मोडिन प्रिन्टिङ्ग प्रेस ।

नसरिना, तसलिमा (२०५५), *बिग्रेको केटी,* बुटवलः नेपाल प्रकाशन ।

..........., (२०५२), *आइमाइको हकमा,* काठमाडौंः एसिया पब्लिकेशन ।

*नेपालको संविधान २०१९,* काठमाडौंः कानुन किताब व्यवस्थापन समिति ।

*नेपाल अधिराज्यको संविधान २०४७,* काठमाडौंः कानुन किताब व्यवस्थापन समिति ।

*नेपालको अन्तरमि शासन विधान २००७,* काठमाडौंः कानुन किताब व्यवस्थापन समिति ।

*नेपालको अन्तरिम संविधान २०६३,* काठमाडौंः कानुन किताब व्यवस्थापन समिति ।

*नेपाली वृहत शब्दकोष २०४०,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

यू एन ओ. (१९९९), संयुक्त राष्ट्रसङ्घ वडापत्र ।

नागरिक अधिकार पत्र १६८९

पन्त, हरेराम (२०५३), *नेपाली महिलाको संवैधानिक अधिकारको संरक्षण संविधान सम्बन्धी लेखकहरू संगालो,* काठमाडौंः राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधव (२०४५), *सार्वजनिक अन्तराष्ट्रिय कानुन,* काठमाडौंः कानुनी किताब कम्पनी प्रा.लि. ।

प्रधान, सपना मल्ल (१९९६), *सम्पातिक कानुनको तुलनात्मक अध्ययन,* काठमाडौंः कानुनी सहयोग परामर्श केन्द्र महिला कानुन र किताब मञ्च ।

फ्रान्सेली, घोषणा पत्र १७८९

सबै किसिमका जातिया भेदभाव उन्मुलन गर्ने सम्बन्धि अन्राष्ट्रिय महासन्धि १९७९

भण्डारी के.पि. र भट्टराई राजेन्द्र (२०७०), *मुलुकी ऐन,* काठमाडौंः बौद्धिक दर्पण प्रकाशन ।

*मानव अधिकार सम्बन्धी सङ्क्रमणकालीन न्यायका सम्बन्धमा क्षेत्रीय स्तरको कार्यशाला प्रतिवेदन २०७०,* पोखराः राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रिय कार्यालय ।

मस्यौदा सम्बन्धी प्रतिवेदन २०६६, सिंहदरबार काठमाडौं ।

*मुलुकी ऐन १९१०,* काठमाडौंः कानुनी किताब व्यवस्थापन समिति ।

*मुलुकी ऐन (२०२०),* बाह्रौ संशोधन, कानुन किताव व्यवस्था समिति ।

राजभण्डारी, बिनायक (२०५८), *विसौं शताब्दी दासता,* काठमाडौंः महिला पुनस्थापना केन्द्र ।

राष्ट्रिय मानव अधिकार आयोग, *मानव अधिकारहरूको विश्वव्यापी घोषणा २०६९,* हरिहरभवन, पुल्चोक ललितपुर ।

राष्ट्रिय मानव अधिकार आयोग ,मानब अधिकार अवधारणापत्र र प्रारम्भिक मअधिकार आयोग, *प्रश्नोत्तर सँगालो २०७१,* हरिहरभवन, ललितपुर ।

राष्ट्रिय मानव अधिकार आयोग, *मानव अधिकार सम्बन्धी जान्नैपर्ने कुराहरू २०७१,* हरिहरभवन, ललितपुर ।

रेग्मी, जगदिश चन्द्र (२०५४), *नेपालमा न्यायिक परम्परा,* काठमाडौंः तन्नेरी प्रकाशन ।

लम्साल, नारायणप्रसाद (२०४५), *पारिवारिक कानुन,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

..........., (२०४६), *हिन्दु विधि शास्त्र,* काठमाडौंः पुस्तक संसार ।

वैद्य, रत्न कमल (२०३३), *राजनीतिक विज्ञान एक विवेचना,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

श्रेष्ठ , नरेन्द्र मान (२०४२), *सम्पत्ति कानुनको परिचय,* काठमाडौंः राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०५७), *सम्पत्ति कानुनको परिचय,* काठमाडौंः राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, नीरा र भद्रा, डा. चन्दा (२०७०), *लैङ्गिक अध्ययन,* काठमाडौं: अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

सर्वोच्च अदालत (२०६३), *सर्वोच्च अदालतबाट प्रतिपादित सार्वजनिक कल्याण सम्बन्धी केहि महत्त्वपूर्ण नजिरहरू* भाग ८ ।

संविधान सभा राज्यको पुनः संरचना र राज्यको शक्तिको बाँडफाँड समिति । स्यौदा सम्बन्धी प्रतिवेदन २०६६, सिंहदरबार काठमाडौं ।

स्थानिय स्वयत शासन ऐन (२०५५), काठमाडौं: कानुन किताब व्यवस्था समिति ।

सिंह, टोप बहादुर (२०४८), *कानुन सर्वमान्य सिद्धान्तहरू,* काठमाण्डौ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिंह टोप बहादुर (२०५२), *विश्वका प्रमुख संविधानहरू तथा संविधानवाद,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

त्रिपाठी, दिनेश (२०६३), *अन्तराष्ट्रिय कानुन सन्दर्भमा मानव अधिकार,* काठमाडौं: पाठ्य सामग्री प्रकाशन । *त्रिवर्षिय अन्तरिम योजना (२०५५-२०६७),* राष्ट्रिय योजना आयोग नेपाल सरकार ।

**<u>फैसला</u>**

मीराकुमारी ढुङ्गाना विरूद्ध श्री ५ को सरकार, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, ने.का.प.२०५२ अङ्क ६ काठमाडौं: सर्वोच्च अदालत, पृ. ४६२, २०५२

Acharya, Mina (1979), *Statical Profile of Nepal: A Critical Review*, Kathmandu: CEDA, T.U. (The Status of Women in Nepal, Vol. 1 Background Report Part 1.

Agrawal, Bina (1994), *Gender and command over property: An Economic Analysis of South Asia*, Delhi: Kali for women.

Bennet, Lynn (1979), *Tradition and Change in Legal Status*, Kathmandu: CEDA, tribhuwan university, (the The Status of Women in Nepal, Vol. 1 Background Report Part 2).

Bennet, Lynn (1983), *Dangerous Wives and Sacid Sisters*, New York: Columbia University Press.

Ghimire, Niraula, Shrestha (2002), *'Changing Profile of women in Nepal'*, Hamro Sansar: A Journal of Women Studies, Kathmandu: Central Department of Home Science and Women Studies, Padma kanya campus T.U.

Poudel, Keshab (2001), *Women Right: 'Property Versus Stability'* Spotlight, Vol 20 No 34, Kathmandu.

Sharma, Ganesh Raj (2055), '*Pariwarik Samrachana Dhowsta Hunecha'*, Kathmandu: Samakalin Nepal.

The Hindu Adoption and Maintinence Act, 1956